
# नेपाल सरकार
## सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा
## प्रस्तुत





## अध्ययन कर्ता
## भृकुटी स्मृती प्रतिष्ठान
## कोटेश्वर, काठमाण्डौ
## आषढ २०८०

मोवाइल नं ९८४१७६१२४२, ई मेल **bhrikutima@gmail.com; info@bma.org.np URL https://bma.org.np**

# कृतज्ञता

नेपालकी राजकुमारी तत्कालीन महाचीन (तिब्बत) की महारानी भृकुटी एक विदुषी नारीको रुपमा परिचित नाम हो । अनुशासन र शीलचर्यालाई कहिल्यै उल्लंघन नगर्ने भृकुटीको संस्कार आधुनिक नेपालीका लागि अनुकरणीय छ । भृकुटीले तिब्बतमा बौद्धधर्मको विकास र विस्तारका लागि महत्वपूर्ण योगदान दिनु भएको छ । भृकुटीकालीन समयदेखि नै नेपालको परराष्ट्र नीति असंलग्न रहिआएको विभिन्न कूटनीतिज्ञहरुको दाबी छ । यदी भृकुटीलाई तिब्बतमा विवाह गरी नपठाएको भए तिब्बतका राजा (व)स्रोङ(व)त्सन (स)गम पोले नेपालमाथि युद्ध गर्न सक्ने सम्भावना रहेको कतिपय इतिहासकारहरुको तर्क छ । भृकुटी र वहाँको पारिवारिक योगदानको कदर स्वरुप भारतको सारनाथमा भृकुटीको पूर्ण कदको शालीक स्थापना गरिएको छ । चीनमा भृकुटीलाई हरित ताराबाट संवोधन गर्दै देवीको रुपमा मान्ने गरिएको छ । यसबाट भृकुटी चीन (तिब्बत) र भारत दुवै सँधियार मित्रराष्ट्रहरुको स्मृतिको केन्द्रमा रहनु भएको बुझ्न सकिन्छ । यसले चीन—नेपाल—भारत त्रिदेशीय त्रिपक्षीय सांस्कृतिक, पर्यटकीय सम्बन्धलाई सुदृढ गर्दैआएको छ ।

यही वास्तविकतालाई मध्येनजर राख्दै नेपालका विभिन्न ऐतिहासिक व्यक्तित्वहरुको जन्म, जन्मस्थान र वहाँहरु हिड्नु भएका पद मार्ग सम्बन्धी नीति, योजना तथा ठोस कार्यक्रमहरु लागू गर्दै जाने उद्देश्य अन्तर्गत हाल नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका विविध कार्यक्रमहरु अगाडि बढिरहेका छन् । भृकुटीको जन्मस्थान तथा नेपालबाट चीन प्रस्थान मार्ग सम्बन्धी प्रस्तुत अध्ययन सोही वृहत कार्यक्रमको एउटा भाग हो ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भृकुटीसँग सम्बन्धित अध्ययनका लागि परियोजना स्वीकृत गरी यस भृकुटी अध्ययन प्रतिष्ठानलाई सो कामको जिम्मेवारी प्रदान गरेकोमा मन्त्रालयप्रति यस संस्था हार्दिक आभार प्रकट गर्दछ । यस संस्थाले वरिष्ठ अनुसन्धानकर्ता श्री शैलेन्द्रबहादुर थापाको नेतृत्वमा स्थलगत अनुसन्धान कार्य सञ्चालन गरियो । उपलब्ध साधन स्रोतको सीमाभित्र रहेर यथासम्भव अधिकतम र आधिकारिक सूचनाहरु संकलन, अध्ययन र विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार पारेको हो । भविष्यमा भृकुटी सम्बन्धी बृहत अध्ययन अनुसन्धान गर्न यसले एउटा ढोका उघारिदिएको विश्वास गरिन्छ । अध्ययन गर्न पाएकोमा यो संस्था मन्त्रालयप्रति कृतज्ञता ज्ञापन गर्दछ ।

भृकुटी स्मृति प्रतिष्ठान

# विषयसूची

**अध्याय : एक** ४-२८

१.१. पृष्ठभूमि ४-५

१.२ कुर्पासी तथा बुद्धधर्म सम्बन्धी प्रसंङ्ग ५-८

१.२.१ शिवदेव र अंशुबर्माको शासकिय संबन्ध ८-१२

१.२.२ अंशुवर्मा र उदयदेवको शासकीय सम्बन्ध १३-१४

१.२.३ अंशुवर्मा, उदयदेव र खोपासीबीचको सम्बन्ध १४-१६

१.२.४ भृकुटीको जन्म, जन्मस्थान सम्बन्धी प्रसङ्ग १६-१९

१.२.५ उदयदेवकी छोरी भृकुटी १९-२२

१.२.६ अंशुवर्माको सन्दर्भमा हुवेन शाङको दृष्टिकोण २२-२३

१.२.७ उदयदेव र नरेन्द्रदेवबीचको नाता सम्बन्ध २३-२६

१.२.८ दाइ नरेन्द्रदेवलाई नेपाल दरवारको राज्यसत्तामा पुनःस्थापित गर्ने भूमिकामा बहिनी जुवाइँ २६-२८

**अध्याय : दुई** २९-४१

२.१ भृकुटी-(व)स्रोङ(व)त्सन(स)गमपो कूटनीतिक वैवाहिक सम्बन्ध २९-३१

२.२. (व)स्रोङ(व)त्सन(स)गमपोले आफ्नो तान्त्रिक ध्यानमा देख्नुभएको भृकुटी ३१-३३

२.३. विवाहको समय सन्दर्भ ३३-३५

२.४. भृकुटीलाई खोपासीबाट अन्माइ साँखुको वज्रयोगिनीहुँदै केरुङकै बाटो भएर ल्हासा लगिएको भनिएको सन्दर्भ ३५-४०

२.५. साँखु बज्रयोगिनी मन्दिरमा भृकुटीको विवाह कर्मकाण्ड ४०-४१

**अध्याय : तीन** ४२-४३

३.१. बेहुली भृकुटीको चीन प्रस्थानका लागि सम्भावित प्राचीन जन्ती मार्ग ४२-४६

**अध्याय : चार** ४४-४५

४.१ सम्भावित प्राचीन भृकुटी मैतालु पद मार्ग ४४-४५

४.१.२ भृकुटी तिब्बतबाट माइती नेपालमा आएको हुन सक्ने सम्भावित प्राचीन मैतालु पद मार्ग ४५-४६

**अध्याय : पाँच** ४७-५७

सारांश ४७-४८

सन्दर्भ सामाग्री ४९-५०

परिशिष्ट १ ५१-५४

परिशिष्ट २ ५५—५७

# अध्याय : एक

## १.१. पृष्ठभूमि

नेपालको संविधानले नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति लिएको छ । यसका लागि पर्यावरण अनुकूल साँस्कृतिक र पर्यटन उद्योगको विकास गर्नेदेखि लिएर पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीतिगत व्यवस्था रहेको पाइन्छ (नेपालको संविधान, २०७२ : २९) । विश्वमा बिलक्षण प्रतिभाका व्यक्तित्व बिरलै जन्मन्छन्, ती मध्ये **बुद्ध धर्म दाइजो लिएर जाने** नेपाली चेली भृकुटी हुन । ***भृकुटी तारा उदाईन उत्तर चीन तिब्बत ........... आठ बर्षिय बालिका भृकुटीले मुगलानमा गएर अपरिचित तिब्बती र चिनियाँ भाषीहरु लाई आफुले लगेको केही दाईजो (कलाकौशल) बाट शाक्यमुनी बुद्ध धर्म प्रचार प्रसारमाले विश्व शान्तिमा पुऱ्याएको योगदानले उनि एक महामानव थिईन भन्ने सजिलै आकलन गर्न सकिन्छ ।*** छिमेकी मित्रराष्ट्र चीनमा शाक्यमुनी गौतम बुद्धका शान्ति सन्देश फैलाउनमा चिनीयाँ ईतिहासमा ठूलोनाम कमाएका भृकुटीको नाम नेपालको इतिहासमा फ्रेच बिद्वान प्रो. सिल्भा लेभीले नेपाली राजकुमारी भनि उल्लेख गरे । **नेपालको बौद्ध धर्म सँस्कृती र शान्तिका संबाहक भृकुटीको महत्वलाई बुझेर नेपाल सरकारले वि.सं. २०१२ मा राष्ट्रिय विभूतिको रुपमा सम्मान गरिएकोमा दुःख साथ भन्नुपर्छ कि नेपाल सरकारले हचुवाको भरमा बि.सं. २०७८ मा राष्ट्रिय विभूतिको सूचीबाट भृकुटी नाम हटाइयो** । चीनीया ईतिहासमा भृकुटीको नेपाल जिवनीबारे एकिन तथा एक रुपकता नभएको र नेपालको ईतिहासमा पनि बिबरणहरु थिएन । पहिलो बिश्व बौद्ध सम्मेलन पश्चात शान्तिको महत्वलाई बुझेर बि.सं. २०२० को दशकमा भृकुटीको नेपाली तथा चीनीयाँ जिवनीको अध्ययन गर्न नेपाल सरकारले राम्रै धनरासी खर्चगरे । अफसोच राम्रो, खोज, अध्ययन तथा अनुसन्धान हुनसकेन । परिणामत नेपाली ईतिहासकार तथा लेखकहरुले हचुवाको भरमा नेपाली जिवनी बारे अंशुबर्माको धर्मपुत्री तथा काल्पनिक सम्म पनि लेखे । पछिल्ला ईतिहासकार तथा लेखकहरुको भनाईहरुलाइ आधिकारीक बनाउँदै नेपाल सरकारको जिम्बेवार तथा जवाफदेही संस्थाले गहन अध्ययन नगरी हचुवाको भरमा वहाँको नाम राष्ट्रिय विभूतिबाट हटाएको छ । काभ्रे सेवा समाजको बि.सं. २०७३ को बार्षिक पत्रिका काभ्रेली गुञ्जनको कुर्पासी, खुपासी, खोपासी शिर्षकको लेखमा भृकुटीको बिदाई खोपासी भनि उल्लेख गरिएको थियो । दुर्भाग्यवश, अझैपनि भृकुटीको जन्म र बिदाइ स्थल काभ्रे जिल्लाको खोपासी ईतिहासकार, लेखक, खोजकर्ता, अध्ययनकार्ता तथा अनुसन्धानकर्ताहरुको पहुँचबाट अनभिज्ञ भएर रह्यो । यस्तै बिदाईस्थल बाट ल्हासासम्मन गएको (लगिएको) बाटो बारे ईतहासकार, लेखक तथा सम्बन्धित निकायहरु मौनता रहेको देखिन्छ । यसै पृष्ठभूमिमा ऐतिहासिक भृकुटीको जन्मस्थान, बिदाईस्थान र भोट चीनलाई कर्मथलो बनाइ त्यसतर्फ प्रस्थान गरेका मार्गहरुको पहिचान गर्नु राष्ट्रिय दायित्व हो । भृकुटीको जन्मस्थान नेपाल हो । कर्मस्थल भोट चीन हो । जन्मस्थानदेखि कर्मस्थलसम्म जाँदा उहाँहरुले प्रयोग गरेको नेपालतर्फका ऐतिहासिक

स्थानीय मार्गहरुको अध्ययन गरी नेपाली संस्कृति र पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउनु वर्तमान आवश्यकता हो । त्यसैका लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट भृकुटी स्मृति प्रतिष्ठानलाई प्राप्त कार्यादेश बमोजिम हाललाई नेपाल र चीनको स्वशासित प्रदेश तिब्बत सीमावर्ती क्षेत्रको नेपाली सीमा विन्दु (रसुवा जिल्लाको रसुवागढी र सिन्धुपाल्चोक जिल्लाको लिपिङ्ग, मितेरी पुल) सम्म अध्ययन अनुसन्धान गर्नुपर्ने परिधीमा प्रस्तावना गरिएको हो ।

नेपाल भोट (तिब्बत) चीनको ऐतिहासिक गहिराइबाट माथि उठेर "भृकुटी" को ऐतिहासिक पदचाप पछ्याउँदै राजनीतिक ऐतिहासिक पहिचान पुनरावलोकन गरी तत् सम्बन्धी भ्रम र यर्थाथ केलाएर भृकुटीको माध्यमद्वारा प्राचीन नेपाल-भोट चीन सम्बन्धलाई आधुनिक रुपान्तरणमा जोड दिनु वर्तमान आवश्यकता हो । यसका लागि विवरणात्मक तथा विश्लेषणात्मक र अवलोकनात्मक विधिबाट प्रयुक्त खोजमूलक कृति सहयोगीसिद्ध हुनेछ । भृकुटीले तत्कालीन नेपालकी राजकुमारी, महाचीन (तिब्बत) की महारानी तथा हरित ताराको रुपमा ऐतिहासिक पहिचान, दृष्टिगत् मूल्य मान्यता स्थापित गर्नुभएको छ । भृकुटीको यथार्थताकै कारण वहाँ समग्र एशियाली संस्कार र सभ्यताको गहिरो आस्था, विश्वास प्रणाली (विलिफ सिष्टम) को रुपमा समेत स्थापित हुनुभएको छ । (व)स्रोङ(व)त्सन(स)गमपो स्वयम्ले तिब्बती टेक्स्ट 'मणि काबुम भोलुम क' लेख्नुभएको करीब १३८७ वर्ष पुराना तथ्यहरु फेला परेका छन् । जसमा भृकुटीको पिता भनेर राजा उदयदेवलाई ईगित गरेको पाइन्छ । त्यसकारण भृकुटी वास्तवमा एक राजनीतिक पात्र हुनुभएकीले राजनीतिक इतिहासको आँखाबाट वहाँको खोज अध्ययन गर्दा यथार्थ टुंगोमा पुग्न सजिलो हुन्छ । विभिन्न प्रमाणिक स्रोतहरुका अनुसार राजा उदयदेवले नै आफ्नी राजकुमारी छोरी भृकुटीलाई अन्माएर तिब्बत पठाउनुअघि दिनुभएको दिव्योपदेश वर्तमान गृहस्थ वैवाहिक कार्य, पारिवारिक जिम्मेवारी निर्वाहको सन्दर्भमा निकै लाभदायक मानिन्छ । भृकुटीले तिब्बतमा नेपालबाट बौद्ध दर्शन, राजनीतिक कुटनीतिक व्यवहार, संस्कार र सभ्यता लिएर जानुभएको थियो । भृकुटीलाई नेपाली राष्ट्रिय विभूतिको आँखाबाट हेर्न साझा धारणा बनाउन आवश्यक देखिन्छ । आज शिवदेव प्रथम, उदयदेव, नरेन्द्रदेव, भृकुटी हामीमाझ नहुनु भएपनि उहाँहरूबाट नासोका रुपमा प्राप्त राजनीतिक, कूटनीतिक, नैतिक, धार्मिक, आर्थिक, सांस्कृतिक कार्यहरू हाम्रा लागि प्रेरणाका ऐतिहासिक स्रोत हुन् । यसले देशको राष्ट्रिय हित, सुरक्षा, समग्र एशियाली सभ्यताको सौन्दर्यलाई समृद्ध बनाई विश्वमानव सभ्यताको आयतन फराकिलो बनाउनेछ ।

## १.२. कुर्पासी तथा बुद्धधर्म सम्बन्धी प्रसंग

भृकुटीको अध्ययनमा इतिहासको ओझेलमा परेको ऐतिहासिक बस्ती कुर्पासी बारे केहीथप जान्न जरुरी देखिन्छ । खोपासीले धेरै गाँउ बस्तीको प्रतिनिधित्व गरेपनि खास खोपासी भन्दा समुन्द्र सतहदेखी झन्दै १५१७ मिटर (४९७७ फिट) उचाईको धरातलमा

देशको राजधानी काठमाण्डौको पूर्व-दक्षिण ३६ किलो मिटर कालोपत्रे मोटरबाटोको दुरीमा अक्षांस २७.३४'१" देखी २७.३४ उ. र देशान्तर ८५.३२'०" देखी ८५.३२' पू. को बिचमा, फडकेश्वरको पश्चिम र द्रौपदामाई स्थानको पूर्ब काखमा रहेका झिल्पु खोल्सा, शैलेद्री र लिलावती खोलाबाट सिञ्चित पूर्व फर्केको यस उर्बर भूमीमा कृषी तथा पशुपालन ब्यावसाय परा पूर्व कालदेखी हुदै आएको काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका, वडा नं. १० भित्र प्रकृतीले बरदान दिएको उत्तर–पूर्व फर्किएको एउटा सुन्दर रमणिय बस्ती लाइ लिइन्छ । प्राचीन कालदेखी रहेको बस्तीको नाम "बिराट राजाको राजधानी", किरात र लिच्छवीकालमा "कुर्पासी", कुर्पासी ड्राङ्ग (ब्यापारिक केन्द्र) मल्लकालको पूर्वाधमा राजा जयसिंह रामका पालामा १३ रौं शताव्दिमा "खुपासी" र २००७ सालको प्रजातन्त्र पश्चात युवा समाजसेवी श्री नारायण दास उलकले प्रस्ताव गर्नु भएको नाम "खोपासी" लाई श्री भागवत सीं महतले बि. सं. २०११ मा प्रस्तुत गर्नु भएको "खोपासी ग्रामनिती सुधार समिती" प्रस्ताव बाट "खोपासी" नामले परिचित गराए ।

खोपासीमा मानव बस्तीको सुरुवात कहिलेबाट र कुन जातीबाट भयो भन्ने एकिन नभएपनि नेपालमा किरातहरुको उदय पूर्व नै भएको र यहाँ कृषी तथा पशुपालन ब्यावसाय रहेको तथा कपदाहरु बुन्ने र बिक्री गर्ने रहेको भनाई रहेकोछ । प्राकृतिक बनस्पती, भेडा, च्यांग्रा तथा अन्य पशुपंछीहरुको उन तथा धागोबाट ओढने, ओछ्यान बुन्ने जुलाहाहरुको बस्तीको नामले कुर्पासी राखेका थिए । संस्कृतमा कप्पा = कपडा र आसक = बुन्नु हुन्छ । राडी, पाखी आदी बुन्ने जुलाहाका बस्तीको कारणले नै यस स्थानको नाम कुर्पासी राखेको हुनुपर्छ । *"खोपासीमा प्राचीन कालतिर कुप्पा + आसक = कुप्पासक - कपासको धागो काटी कपडा बुन्नेहरु (जुलाहाहरु) बस्दथे । कपासको कपडा बुन्ने अर्थात जुलाहाहरुलाई संस्कृतमा कुप्पासक भन्ने गरिन्छ" (महत २०१२, पुर्खाका पाइलाहरु १२) । "Kiratas ruled here for long period, an since more than 80 per cent of local place-names are found to belong to Kirata languages, there seems adequate basis to maintain that these places had already become currect, the questions of changing them did not arise. These names therefore continued to be used during the Lichchhavi period. Several of these names are still in use. These include Khopring-Khopa (Bhaktapur), Kurpasi-Khopasi, Shang-(Ssanga), Tegwala-Tygal, and Tenkhu-Teku. These settlement were known as Gram and imaginary marked with Tala (outskrits) for administrative division" (Bajracharya, 1971, Regmi Research III, p. 144०* । यस स्थानको उत्पादनबारे जाकारी पाएर हिन्दुस्तान, कौशलका ब्यापारीहरुका साथ ब्यापारको सिलसिलामा बनारस, काशीबाट आएका १० जना आर्यन दाजुभाईहरु जसलाई किरात भनिन्छ, यी मध्ये ५ जना यस बस्तीमा बसेका र ५ जना ल्हासा गएका थिए । *"The Limbus have an expressive legend about their origin. They came to decend from a family of ten brothers who emigrated from Banaras (Kasi), their fatherland, and came to settling Nepal and Tibet. The brothers who established themselves in Tibet later rejoined those of Nepal, but their descendants maintained the normal division in Kasi-gotra and Lhasa-gotra" (Levi 1908. History of Nepal Part I P.23)* जाडोले ल्हासामा बस्न नसकेर फर्कि आएका ५ भाईहरु पस्थलीमा बसेका र

राडी, पाखी आदीको उत्पादनमा बृद्धी गर्न पस्थली, खल्थली र बल्थली आदी स्थानमा चरनक्षेत्रको बिकास गरी पस्थलीको पूर्वमा हाल ‘‘नेपाल बेसी’’मा उन बुन्ने काम गराए । उनिहरुले उनी सामाग्री उत्पादन गर्ने स्थानको नाम “नेपाल” राखेका थिए । शेर्पा भाषामा ने = उन र पाल = घर अर्थात नेपालको अर्थ उनको घर हो *“Some inhabitants of northern Nepal came from Tibet, where they herded sheep and produced wool. In Tibetan, ne means "wool" and pal means "house". Thus, Nepal is "house of wool" (https://en.wikipedia.org/wiki/History_of_Nepal)*। हालसम्म पनि उक्त स्थानको नाम ‘‘नेपाल बेसी’’ रहेकोछ । भाईहरुको समुहमा दुई पहिचानको लागी कुर्पासीमा बस्ने काशी गोत्र र ल्हासाबाट फर्केर पस्थलीमा बसेका भाईहरुले ल्हासा गोत्रको परिचयबाट बसेका थिए । दुई गोत्र राखी एक आपसमा बिहेवारी चलाएका थिए । यसरी उत्पादन भएका सामाग्रीहरु माहाचिन तिब्बतको साथ साथै हिन्दुस्थानमा पनि निर्यात हुन्थ्यो *“In ancient time, various higher quality clothes like Tramlipti, Sindha, Shovir, etc. were on demand in India and this fact is written in Jain mythological reference Brihat Kalpasutravasya. Studying the ancient sculptures/idols of Nepal also lets to conclude that different kinds of quality dresses were produced here quite abundantly as those were clothed with unique dresses like Dhoti, Cholo, Pachheura. Indian market had highly soaring demand for it. Kurpashigram (Khopasi in Kavrepalanchowk, at present), and Thankot Dahachowk consisted of factories for producing clothes in the era. Experts believe that factories were present at Thankot Dahachowk form the time of Kirat rule too. Certain tariff was imposed on producing and trading clothes from the time of Kirat itself. Tariff imposed on clothes at that time used to be called Chokhpara” (Dr. Dahal, 2019 AD, p.46)* । किरात कालमा कुर्पासीबाट उत्पादन भई निर्यात हुने सामाग्रीमा कर लगाईन्थ्यो जसलाई ‘‘चोखपारा’’ भनिन्थ्यो ।

किरातीहरु धर्ममा उदार तथा कुटनितीमा राम्रा थिए । उनिहरु हिन्दु (शिव उपासक) धर्मका अनुयायी भएपनि बौद्ध धर्मलाई पनि त्यतिकै आदर गर्थे । यीनीहरु शिवमार्गी भए पनि जनताको जिवनयापनको कदर गर्दै अन्य देव देवीहरुको पनि त्यतिकै सम्मान, प्रार्थना गर्दथे । हिन्दु धर्मालम्बिहरुको कदर गर्दै दरवारलाई देवादी देव महादेवको बासस्थान ‘‘कैलाश’’ को संज्ञा दिएका थिए भने बौद्ध धर्मालम्बिहरु तथा महाचीन संगको ब्यापार संतुलनमा चीनबाट ल्याएको ‘‘अमिताभ बुद्ध’’ को मूर्तीलाई चैत्य बनाई बुद्धधर्मको पनि ठूलो सम्मान गरेका थिए । किरात शासकहरु खोपासीबाट काठमाण्डौको गोकर्णमा सरेपछि आफैले मगढबाट ल्याईएका ठकुरी जातका प्रशासक बर्माहरुलाई खोपासीको प्रशासन जिम्मा लगाएर गएका थिए । लिच्छवी कालमा पनि खोपासीको प्रशासकमा बर्माहरु नै कायम भए । *“Thakuri administration was continued in Khopasi after the departure of Kirats to Gokarna of Kathmandu. One of the renowned administrator of Lichhavis dynasty in Khopasi was Amshuvarma, son of Manvarma from lunar race was the follower of Vaishanavism respect to Buddhism and strong devotee of Shiva established the Thakury Dynasty in Nepal”. (Ulak 2014 AD, Journal of Tourism and Hospitality Education, p.64)*. पाँचौ शताब्दीमा लिच्छवी राजा मानदेव प्रथमले किरातकालमा स्थापित अमिताभ बुद्ध चैत्यको लागी धेरै (करिव ५०० रोपनी) नै जमिन, अन्य धनरासी र अन्य स्थानमा जस्तै बज्राचार्य (यिनिहरुलाई लिच्छवी

पनि भनिन्छ) जातका पुजारी सहित गुठीको बन्दोबस्त गरिएको थियो । समय सापेक्ष मानदेवले तोकेको जग्गाहरु ब्यक्तिको नाममा गए । पछी बाँकिरहेको जग्गा मध्ये धेरै जग्गाहरु पनौती जलबिद्युत योजनामा परे पनि गुठी संस्थानको श्रेष्तामा अझै पनि १४१-१५-० रोपनी रहेको पढन सकिन्छ (गुठी संस्थानले आफ्नो श्रेष्तामा अद्यावधिक गरेको छैन) ।

किरात सासकहरुले स्थापित गरेको चोकपारा (कर) प्रणालीलाई ब्यबस्थित गर्न लिच्छवी कालमा अंशुबर्माले कर संकलन कर्ता भण्डनायक र तत सम्बन्धि कामको लागी भण्डार (भन्सार) अड्डाको ब्यबस्था गरे । किरातकाल देखी चलेको कुर्पासीको भन्सारले भुग्देउमा रहेको "कपिल भञ्ज्याङ्ग" छोटी भन्सार र ढुंखर्कमा रहेको "गोवा भञ्ज्याङ्ग" छोटी भन्सारको समेत ब्यबस्थापन गर्दथ्यो । यी भन्सार कार्यालयहरु बि.सं. २००७ सालको प्रजातन्त्रको साथ साथै बि.सं. २००८ मा बन्द गरियो ।

### १.२.१ शिवदेव र अंशुबर्माको शासकिय संबन्ध

छैठौं शताद्बी अर्थात सन ५९० मा १८ रौं लिच्छवी राजा शिव देव प्रथम शत्तामा आए । उनि घर्मात्मा, शान्त र ईमान्दार, सरल र दयालु स्वभावका थिए । चौथौ शताब्द्बीमा भारतमा उदाउदो गुप्ता साम्राज्यले उत्तर हिमाल सम्म आफ्नो प्रभुत्व जनाउने हेतु मगढ बाट काठमाण्डौ आएका गुप्ताहरुले राजा शिवदेवको शासन कार्यहरुमा अवरोध दिन थाले । उमेरको कारण र भगवान शिवको आराधनामा लिप्त राजा शिवदेवले राजकाजमा पूर्ण ध्यान दिन नसक्दा गुप्ताहरुको प्रभाव बढदै गएको थियो । गुप्ताहरुको चपेटामा परेका लिच्छवी राजा शिव देवले शक्ति संचयको लागी तिक्ष्ण बुद्धिभएका कुर्पासीका कुशल शासक अंशुबर्मा लाई महासामन्तको पदवी दिए, *"King Shiva Dev I have delegated more power (autonomous) to Amshuvarma considering his performance and competency"* (Regmi, 1983, p. 64). *"Proof of the official decentralisation is an inscription on stone of 598 AD (Gomi Era 500, 20, 6 Vaishakh sukla) was found by Chandra Shamsher JB Rana in Khopasi during his hunting campaign and advised local people to put in safe place"*(Jayasawal, 1937, p. 9). राजाले बिश्वासपात्र थानी बुद्धिमान तथा निपुण स्वामीभक्त अंशुबर्मा लाई खोपासीको शासन प्रणालीमा स्वायत्तता (बिकेन्द्रीकरण) दिए । यस्को प्रमाण प्रधानमन्त्रि श्री ३ चन्द्र शमसेर ज.ब.राणाले सिकारको क्रममा खोपासीमा फेला पारेको शिलालेख स्थानिय लाई सुरक्षित साथ राख्न अच्याए । उक्त शिलालेख खोपासी तल्लो बजारको चौतारामा राखिएको थियो । शिलालेखको महत्व बुझेपछि श्री देव दत्त (गोपाल प्रसाद) गुरागाईले बि.सं.२००८ मा सुरक्षार्थ मयलबोटको गोडा रंगनाथ मन्दिरमा लगेर राखे ।

उक्त शिलालेखलाई श्री धनबज्र बज्राचार्य गर्नुभएको नेपालीमा अनुबाद यस प्रकारछ :-

*मानगृहबाट कल्याणहोस । अनगिन्ति गुणहरु भएका, लिच्छवीकुललाई आनन्द दिने, गाथामा आराम रहेका, भट्टारक महाराज श्री शिवदेव बाट कुर्पासी गाँउमा बस्ने मुखिया लगायत गृहस्थीहरुलाई कुशल मंगल सोधेर आज्ञा भएकोछ । आफ्ना गुणरुपी मणिका किरणको उज्यालोले अज्ञानरुपी अन्धकार हटाएका, भगवान पशुपतीनाथका चरणकमललाई प्रणाम गर्न तत्पर रहेका हुनाले पछिका हित कल्याण गरेका, आफ्ना दुई वल बाहुका बलले सारा शत्रुको जरो खनेका, श्री महासामन्त अंशुबर्माले हाम्रा हजुरमा बिन्ति चढाएर हाम्रो अनुमति लिई सारा अधिकरण पस्न नपाउने गरि तिमिहरुलाई निगाह गरिएकोछ । यो कुरा तिमीहरुलाई थाहा होस । बिचार पुऱ्याउनुपर्ने मुद्‌दामामिलाहरु आईपरेमा आफ्ना तलस्वामी द्वारा नै तिमीहरुको हेरबिचार हुनेछ । सबै कामकारवाहीहरुमा तिमिहरुको लागी एउटैमात्र ढोका हुनेछ । ढोका उदघाटन र कैलाश यात्रामा तिमिहरुले जनैपिच्छे पचास वटा सेतो रंगका माटाको डल्ला बुझाउनु । यो निगाह धेरैकाल कायम रहोस भन्नाको लागी यस निगाहको शिलापत्र गरि निगाह गरि दिएकोछ । तसर्थ यसकुरालाई बुझेर हाम्रो निगाहबाट जिविका चलाउनेहरुले र अरु कसैले पनि यो निगाहलाई अन्यथा नगर्नु । जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला; स्थितीबन्धेज नाध्ने त्यसलाई हामि बिलकुल सहनेछैनौ । पछिहुने राजाहरुले पनि घर्मलाई ठूलो संझि अधिका राजाले गरेको निगाहको ख्याल राखेर यस आज्ञाको राम्रोसंग पालना गर्नुपर्छ भन्ने अनुरोधछ । यहाँ दुतक देशबर्मा गोमी संबत ५०० २० चैत्र कृष्ण पञ्चमी ।*



माथीको शिलालेखमा उल्लेख गरिएको कमेरोको डल्ला, कैलाश यात्रामा मगाउनुको तात्पर्य कैलाश (दरवार) सिगार्न तथा अमिताभ बुद्धको चैत्य सिंगार्न हुन सक्दछ । करको रुपमा कमेरालाई महत्व दिनाले बुद्धधर्म प्रती कती सन्मान थियो भन्ने दर्शाउदछ । शिलालेखमा कैलाश मात्र उल्लेख गरिएको र कैलाशकुट भवनको बर्णन यस शिलालेख देखी ७ बर्ष पछाडी सांङ्गाको लेखनहरुदेखी उल्लेख भएको हुँदा खोपासीको दरवारलाई कैलाश मात्र भनिएको हुनुपर्दछ । बिराट राजा कालिन दरवार जिर्नोद्वार बाट हौसिएका अंशुबर्माले शिव देवको मृत्यु पश्चात खोपासीका कालिगढ (पहरी) हरु बाट नै काठमाण्डौमा थप कारिगरी सहित कैलाशकुट भवन निर्माण गराएको हुनसक्दछ । शिलालेखलाई अध्ययन गर्दा निम्न सन्देश पाउँछौ क) शासन (राजा र प्रजाको) ब्यबस्थामा पारदर्शिता, ख) अनुशासनमा साक्षी (भगवान) को बिश्वास, ग) शासन ब्यबस्थाको बिकेद्रीकरण, घ) आर्थिक तथा सामाजिक उत्थानमा पर्यटन (तिर्थाटन) को उर्दी र ङ) जनता माझ राजाको पहुँच मार्ग एक कुटनैतिक राजनिती प्रथा बसेको देखिन्छ ।

*"The culture of good governance was established in the leadership of Lichhavis with decentralised administration and followed with Grama and Dranga of geographic division made by Kirats. Amshuvarma has introduced "Grampanchali" for local mediation and advised to bring the issues in palace for non-resolved matters from Grampanchali. It can read as the*

*decentralization[1] of governance. This Grampanchali was continued in Khopasi until 1962 AD" (Ulak 2014 AD, Journal of Tourism and Hospitality Education, p.65).* गुप्ताहरुको चपेटामा परेका लिच्छवी राजा शिव देवले शक्ति संचयको लागी तिक्ष्ण बुद्धिका कुशल शासक अंशुबर्मा लाई आफ्नो छोरी दिएर ज्वाई बनाए र महासामन्तको पदवी दिए । पारिवारिक नातामा ल्याएपछी राजा शिव देवले जेष्ठ छोरा उदय देव लाइ अंशुबर्मा बाट कुशल शासकको शिक्षा दिलाउने हेतु खोपासीमा बुहारी भद्रावती सहित पठाएका थिए । गुप्ताहरुको निरन्तर षडयन्त्र, चालबाज देखेर राज्यसत्ता जोगाउन अंशुबर्माको तिक्ष्ण बुद्धि, सक्षम, ईमान्दार र स्वामीभक्त भएको देखी राजा शिव देवले खोपासीको स्वायत्तताको अलावा आफ्नै कार्यकालमा नायवी पनि दिएका थिए । अंशुबर्माको पालामा खोपासीमा धेरै प्रकारका कलाकारहरु उत्पादन गरेका थिए । यहाँका कलाकारहरु कर्शापना प्रणालीबाट अंशुबर्माको नाम माहाराजधिराज राखी सुन र चाँदीका मुद्रा मुद्रण गराएका थिए । *"A gold plate inscription, containing the word "Vidya" in the Kutila script, has been found in Khopasi (East No. 1). This indicates that gold and silver coins were minted during the Licchavi period according to the Karshapana system. Under that system, sheets of gold and silver were cut into pieces, each of which was inscribed with letters or symbols. Since these coins were made largely by hand, the services of many artisans were needed to bring them into circulation." (Joshi, 1976, p. 41). यहाँका पहरी जातका कलाकारहरु हिन्दु र बौद्ध धर्म सहित जिवन चक्र झल्कने बुट्टा तथा नक्साहरु भरि झल्लरी छाता बनाउथे । काठ र ढुंगामा राम्रा राम्रा कला कौशल कारीगरिता कोर्थे । बटुवा तथा ब्यापारीहरुलाई सहजताको लागी पुराना पाटीहरुको मर्मत तथा नपुग स्थानमा नयाँ पाटीहरुको निर्माण गरेका थिए । कारीगरिता र उत्तर-दक्षिणको ब्यापारले अंशुबर्माको पालामा खोपासीले बिकासको उचाई छोएको थियो । खोपासीको ईतिहासमा यस अवधीलाई स्वर्णयुग पनि भनिन्छ । उनले बस्तु आयात निर्यातमा मात्र नभै अन्य सेवा सुबिधामा पनि कर उठाई राज्य कोष लाई बलियो बनाएका थिए" (उलक २०७८, मध्यमार्ग साप्ताहिक, काभ्रे)* । पहरीहरु धातुको सामाग्रीहरुको निर्माण, घर, मन्दिर निर्माण तथा कलाकारिताको अलावा ब्यापार पनि गर्दथे । ब्यापारको शिलसिलामा खोपासीबाट कोदारी र लाप्चा तथा खोपासीबाट जनकपुर र बिरगंज जाने बाटोमा पहरीका पुराना बस्तीहरु रहेका छन् ।

सन ६०४ मा राजा शिव देवको मृत्यु पश्चात उदय देवको क्षमता र गुप्ताहरुको चकचकी देखी अंशुबर्माले उदय देव लाई युवराज घोषणा गरी आफु राजा बने । राजा शिव देवको स्वर्गारोहन पश्चात अंशुबर्माले कमजोर राज्य संतुलन राख्न दक्षिण तर्फ कन्नौजका मौखारीबंसिय राजकुमार सुरसेनलाई आफ्ना बहिनी भोगा देवी बिबाह गरिदिए भने उत्तर तर्फ तिब्बत लाई खुसी पार्न बौद्ध धर्म प्रबर्धनमा ध्यान दिए । अंशुबर्माले राज्य सत्ता हातमा लिएपछि जिष्णु गुप्ताले शिव देवका अर्का छोरा ध्रुव देव लाई उक्साएर आफ्नो पक्षमालिन सफल भए ।

[1] Officially, Government of Nepal has introduced the decentralisation act in 1985 for whole country.

ग्रन्थकार धनवज्र वज्राचार्यद्वारा संग्रहित लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्यासहित)' मा यस्तो लेखिएको छ : *चाँगुको शिवदेव+अंशुवर्माको अभिलेखलाई उधृत गर्दै शिवदेव र अंशुवर्मामा मामा-भानिजको नाता देखिएको उल्लेख छ । अंशुवर्माकै योजनाअनुसार भौमगुप्तहरुलाई पन्छाउन शिवदेव समर्थ भएका हुनाले स्वभावतः शिवदेव अंशुवर्माबाट प्रभावित भए । गोपालवंशावलीकारले अंशुवर्मालाई शिवदेवका भानिज भनेका छन्'* (वज्राचार्य २०५३ : २३७) *। एकथरी भाषावंशावलीको फितलो आधार लिई केही इतिहासकारले अंशुवर्मा शिवदेवका जुवाइँ थिए भनी लेखेका छन्'* (ऐजन) । तर शिवदेव प्रथमका भानिज अंशुवर्मा हुन् भन्नेमा धेरै इतिहासकारहरुको मतैक्य रहेको पाइन्छ । हुनत १९ सौं शताद्वि सम्मन पनि धेरै जात जातीहरुमा मामा-चेली फूपू चेलीको बिचमा बिहेवारी चलेको पाईन्छ । यसरी शिवदेव र अंशुबर्मा बिचको सम्बन्ध मामा-भाञ्जा र ससुरा-ज्वाई दुवै हुन सक्दछ । सोही ग्रन्थमा यस्तो पनि लेखिएको छ *: यहाँनिर एउटा कुरामा ध्यान दिनु आवश्यक छ । अंशुवर्मा त्यसअवस्थामा शिवदेवलाई बलपूर्बक अँट्याई पुगेका होइनन् । अंशुवर्माले आफूपछि लिच्छवि राजकुमार उदयदेव गद्दीमा बसून् भन्ने अभिप्रायले उनले उदयदेवलाई युवराज घोषित गरे । शिवदेवले राज्यत्याग गरेपछि पनि केही कालसम्म आफूलाई उनले राजा घोषित् गरेनन्'* (ऐजन २३६, २३७) । सोही अभिलेख ग्रन्थको पृष्ठ २४० को बनेपाको शिवदेव±अंशुवर्माको अभिलेख' मा वर्णित पृष्ठ २४२ को अनुवादमा अंशुवर्मालाई लक्षित गर्दै के लेखिएको छ भने,*आफूपछि लिच्छवि राजा नै गद्दीमा रहून् भन्ने उद्देश्यले उदयदेवलाई युवराज घोषित गरे'* (ऐजन : २४२) । यसले के बुझाउँछ भने उदयदेव पनि अंशुवर्माकै लिच्छवि खलकका रहेछन् भन्ने देखिन्छ । लीलाभक्त मुनंकर्मीद्वारा लिखित एक महत्वपूर्ण कृति नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' मा यस्तो छ : *'वंशावली अनुसार यिनले (शिवदेव प्रथम) राज्यको काम—काज छोडी अन्त्यमा भिक्षु—दीक्षाको निर्वाण प्राप्त गरी सधैं गुरुको सेवामा तल्लीन भएका थिए'* (मुनंकर्मी २०४१ : ५७) । *यिनले (शिवदेव प्रथम) आफ्नो राज्यकालको समयमा श्री अंशुवर्मा नाम गरेका एक ठकुरी वंशका व्यक्तिलाई जागीरमा भर्ना गरेका थिए । यिनैबाट प्रतिनिधित्व कायम गराई शासन गरेका थिए । यिनको (अंशुवर्मा) कुशल राजनीति र कूटनीति देखेर राजा (शिवदेव प्रथम) ले यिनी (अंशुवर्मा) सँग आफ्ना छोरीको बिहे गरिदिएका थिए । राजा शिवदेव प्रथमले यिनलाई (अंशुवर्मा) महासामन्तको उपाधिको विभूतिले सुशोभित गर्न लगाई ठूलो पदमा भर्ना गरेका थिए । कुनै कुनै वंशावलीकारले अंशुवर्मालाई राजाका आफ्नै भानिज हुन् भनी उल्लेख गरेका छन् त राजाले आफ्नै छोरी विवाह गराइदिई ज्वाइँ तुल्याई राज्यको सर्वेसर्वा गरी यिनैलाई छोडिदिएका थिए भनी उल्लेख गरिएको छ* (ऐजन : ५७) । यसरी नरेन्द्रदेव तथा भृकुटीका हजुरबुवा र उदयदेवका बुवा शिवदेव प्रथमले नै अंशुवर्मालाई राजपाठ सिकाइ आफ्नो शेषपछि राजकाजमा सहभागी गराउनु भएको तर पछि अंशुवर्माले रोल मिचेर आफू राजा भएको विषय लीलाभक्त मुनंकर्मीले प्रस्तुत गर्नुभएको छ । तर यहाँ विचारणीय तथ्य यो छ की अंशुवर्मा र उदयदेव एउटै वंशका होईनन् भन्ने कतिपय ऐतिहासिक दस्तावेजहरुले औंल्याएका छन् भने चितलाङको शिलाभिलेख अनुवाद गर्नेक्रममा अनुवादक,

सम्पादकले उल्लेख गर्नुभएको कैफियतमा *'लिच्छवि शासकहरुमध्ये यिनी पनि एक रहेको कुरा प्रमाणित हुन आएको छ'* भन्ने वाक्यांश परेको छ । तर त्यस्तो अर्थको वाक्यांश उक्त मूल शिलाभिलेख' मा परेजस्तो लाग्दैन । किनकि शिलाभिलेखमा *भट्टारकमहाराजाधिराजश्र्यंशुवर्मपादै', 'भट्टारकमहाराजाधिराजश्रीउदयदेव'* जस्ता शब्दांशहरु पर्नुले सो अभिलेखका अनुवादक, सम्पादकले उदयदेव पनि अंशुवर्माकै वंश रहेको आँकलन गर्नुभएको हुन सक्छ । तर त्यसलाई मीनढंगबाट अवलोकन गर्दा 'भट्टारकमहाराजाधिराज' पद्वी अंशुवर्मा र उदयदेव दुवैले अलग अलग कालक्रममा स्वघोषितरुपमा प्रयोग गरेको पाइन्छ, त्यसबाट मात्रै 'अंशुवर्मा र उदयदेव एउटै वंशका हुन्' भन्ने प्रमाण पुष्टि कसरी हुन सक्छ ? तर सोही शिलाभिलेखलाई अनुवाद र सम्पादन गर्नेक्रममा कैफियत' मा के पनि भनिएको छ भने *'संवत १५९ को पशुपतिस्थित लिच्छवि राजाहरुको वंशतालिका उत्कीर्ण अभिलेखमा यिनको (उदयदेव) नाम पनि अवश्य आएको छ'* भन्ने वाक्यांशहरुले अंशुवर्मा र उदयदेव एउटै वंशका हुन् भन्ने निश्चय गरेको छ । यस तथ्यमा सहमत हुन सकिन्छ । किनकि *गोपालवंशावलीमा अंशुवर्मालाई शिवदेव प्रथमका भानिज भनी लेखिएको छ तापनि नरेन्द्रदेवले आफूलाई लिच्छविवंशका भनी गर्वसाथ लेखेका छन् । अंशुवर्माका अभिलेखमा युवराज भन्ने विशेषण उदयदेवमा लाइएको हुनाले उनी अंशुवर्माका छोरा थिए होलान् भन्ने देखिन्छ'* (वज्राचार्य २०५३ : २९५) । *यसरी अंशुवर्माका छोरा उदयदेव देखिएका हुनाले अंशुवर्मा पनि लिच्छविवंशकै हुन् भन्ने ऐतिहासिक शिरोमणि बाबुराम आचार्यहरुको जोडदार तर्क छ । श्र्यंशुवर्मा अङ्कित उनका धेरैजसो टकमा सिंहको माथि चन्द्र चिन्ह अङ्कित भएकाले अंशुवर्माले आफ्नो वंश चन्द्रवंश हो भन्ने संकेत गरेका छन् । लिच्छविहरु आफूलाई सूर्यवंशी भनी दावा गर्थे । यसबाट अंशुवर्मा लिच्छविवंशका होइनन्, चन्द्रवंशी कुनै राजघरानाका हुन भन्ने सिद्ध हुन्छ । फर्पिङको अभिलेखमा अंशुवर्माको वर्णनमा क्षितितलशशिनः' भनी लेखिएकाले यसबाट उनी चन्द्रवंशी थिए भन्ने संकेत पाइन्छ* (ऐजन : २९६) । यसरी ऐतिहासिक पुरातात्विक स्रोतहरु पनि विभिन्न प्रमाणहरुमा विश्वास गर्नुपर्ने भएकाले परस्परमा जेलिएको जस्तो देखिन्छ । तथापि, यस्ता अन्य पुरातात्विक तथ्यहरु पनि पाइन्छन् *: परन्तु यसपछिका अरु अभिलेखको आधारमा यहाँ उल्लिखित युवराज उदयदेव नै हुन् भन्ने कुरा सहजैसंग भन्न सकिन्छ । यी उदयदेव लिच्छवि राजा नरेन्द्रदेवका बाबु हुन् । पशुपतिको द्वितीय जयदेवको अभिलेखबाट यो कुरा थाहा पाइन्छ'* (वज्राचार्य २०५३ : ३५३) । *फेरि लिच्छवि राजपरिवारको नाउँमा मात्र रहने देव' पद जोडिएको हुनाले पनि यी युवराज उदयदेव लिच्छवि कुमार हुन् भन्ने थाहा पाइन्छ । अंशुवर्मा लिच्छवि वंशका होइनन् । कौटिल्यकै वचनको अनुसरण गरी अंशुवर्माले उदयदेवलाई आफ्ना उत्तराधिकारी बनाई उनलाई युवराज घोषित गरेका हुन् । यसभन्दा अघि यसरी युवराजको घोषणा गर्ने चलन थिएन । अंशुवर्मादेखि मात्र यस्तो चलन चलेको देखिन्छ* (ऐजन : ३५३) । यसबाट के बुझिन्छ भने उदयदेव लिच्छवि वंशका हुन् तर अंशुवर्मा लिच्छविवंशका होईनन् भन्ने देखिन्छ । तथापि, यो तथ्य अन्य स्रोतहरुसँग त्यति मेल खाएको जस्तो देखिदैन । यसबारे आगामी अध्ययन अनुसन्धानले थप निर्क्योल गर्ने नै छ ।

## १.२.२ अंशुवर्मा र उदयदेवको शासकीय सम्बन्ध

बुङ्मतीको अंशुवर्माको अभिलेख' र लेलेको अभिलेख' ले के पनि प्रष्ट पारेको देखिन्छ भने *संवत् ५२६ (वि.सं. ६६१) सम्म गद्दीमा शिवदेव राजोचित सन्मानसाथ रहेको देखिन्छ । तर सो सनदपत्र गरिदिने अंशुवर्मा हुन् । शिवदेव तर्फबाट नभई अंशुवर्माको तर्फबाट सो सनदपत्र गरिदिइएको छ । यसरी गद्दीमा बसे तापनि शिवदेव राजकाजबाट त्यसै बेला हटिसकेका देखिन्छन्'* (वज्राचार्य २०५३ : २९२) । *बुङ्मतीको यो अभिलेख त्यसको एक वर्षपछिको संवत् २९ (वि.सं. ६६२) को हो । यसमा शिवदेवको उल्लेख परेको छैन । अंशुवर्मा एक्लै सोझै शासकका रुपमा यहाँ देखापरेका छन् । फेरि यो सनदपत्र मानगृह दरबारबाट जारी गरिएको पनि छैन । कैलासकूटभवनबाट यो जारी गरिएको छ । यसपछिका सनदपत्रमा पनि शिवदेवको उल्लेख पाइदैन । पछि अंशुवर्माको मात्र क्रमशः उन्नति हुँदै गइरहेको हामी देख्छौं* (ऐजन) । यसले यो पुष्टि गरेको देखिन्छ कि वि.सं. ६६१ (इ.सं. ६०४) सम्म नरेन्द्रदेव र भृकुटीको हजुरबुवा शिवदेव प्रथम नेपाल दरबारमा राजा हुनुभएको तर वि.सं. ६६२ (इ.सं. ६०५) देखि अंशुवर्मा नेपाल दरबारमा राजा हुनुभई राजाकाज प्रारम्भ गर्नुभएको देखिन्छ । यसरी अवलोकन गर्दा अंशुवर्माको कूल राज्यकाल इ.सं. ६२१ - इ.सं. ६०५ $\neq$ १६ वर्ष रहेको देखिन आउँछ । अंशुवर्मा र उदयदेव लिच्छवि वंशका हुन् वा होईनन् भन्ने बारे कतिपय इतिहासविद्हरुको मिश्रित धारणा रहेको पाइन्छ । उदाहरणका लागि लीलाभक्त मुनंकर्मीद्वारा लिखित पुस्तक 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' को खण्ड—६ मा अवलोकन गर्दा के देखिन्छ भने 'ठकुरी सूर्यवंश' उपशीर्षक अन्तर्गत अंशुवर्मा र उदयदेवको चर्चा गरिएको छ । यसरी हेर्दा वंशाणुगत सम्बन्ध जे जस्तो अवस्थामा रहेपनि वहाँहरुबीचको राजनीतिक अन्तर—सम्बन्ध यस्तो थियो : *'राजा शिवदेवले आफ्नो शेषपछिको रोलवाला उदयदेवलाई नियुक्त गरेका थिए । उक्त कुरा यिनैका शिलालेखहरुमा उल्लेख छ । तर राजा (शिवदेव प्रथम) ले सन्यास ग्रहण गरेपछि अंशुवर्माले आफ्नै बाहूबलले रोलवाला उदयदेवलाई हटाई आफूलाई राजा घोषित गरी राजसिंहासनमा आसीन भई महाराजाधिराज भट्टारक भन्ने पदवी ग्रहण गरेका थिए* (ऐजन : ६२, ६३) । यस्ताखाले ऐतिहासिक तथ्यहरुबाट वर्तमान र भविष्यका लागि शिवदेव प्रथम, अंशुवर्मा, उदयदेव, नरेन्द्रदेव र भृकुटीको ऐतिहासिक घटनाक्रम र परिवेशहरु पत्ता लगाउन थप मद्दत पुग्ने गर्दछ ।

'नेपालको चिनारी (२०७०)' मा टोनी हागन लेख्नुहुन्छ : *'चिनियाँ यात्री हुवेन साङले लिच्छविकालका राजा अंशुवर्मा (शासनकाल सन् ६०५-सन् ६२१) बारे लेखेका छन् । चीनका ताङवंशी राजाहरुको वंशावली अनुसार चिनियाँ दरबारका दूतहरु नेपाल खाल्डोमा सन् ६४६ मा आएका थिए, जुनबेला अर्का नामुद लिच्छवि राजा नरेन्द्रदेव गद्दीमा थिए'* (हागन २०७० : ५४, ५५) । अंशुवर्माको शासनकाल सन् ६०५ देखि सन् ६२१ सम्म रहेको तथ्य हागनको छ । जगदीशचन्द्र रेग्मीले पनि आफ्नो पुस्तक 'प्राचीन नेपालको राजनीतिक इतिहास' मा यस्तो लेख्नुभएको छ : *'मानदेव प्रथमपछि एक शताब्दीसम्म कुनै राजाले टक छपाएको थाहा*

*पाइएको छैन । टक छपाउने दोस्रा नेपाली राजा अंशुवर्मन (इ. ६०५-६२१) देखिएका छन् । यिनले चलाएका चार किसिमका टक आजसम्म भेटिएका छन्'* (रेग्मी २०५३ : ८) । यसरी जगदीशचन्द्र रेग्मीले पनि यी टक प्रमाणसँगै अंशुवर्मनको अन्तिम समयकाल सन् ६२१ नै उल्लेख गर्नुभएको छ । साथै यहाँ अर्को एउटा तथ्य पनि स्मरणीय छ : यस शोधकर्ताको व्यक्तिगत मतअनुसार ताङवृत्तान्तमा उल्लेख गरिएको हुवेन शाङले 'पश्चिम यात्रा गरेको' भन्ने वाक्यांशलाई विचार गर्दा चीनको तत्कालीन प्राचीन राजधानी सियान, छाङ्आनबाट नेपालको राजधानी नेपाल उपत्यका (काठमाण्डौ) र भारतको नालन्दा विश्वविद्यालय पनि पश्चिम दिशामा नै अवस्थित रहनुले विषयवस्तुमा मेल खाएको हो कि भन्ने छ ।

### १.२.३. अंशुवर्मा, उदयदेव र खोपासीबीचको सम्बन्ध

नयराज पन्त निर्णायक रहनुभएको पुस्तक 'लिच्छवि संवतको निर्णय (२०४३)' मा काशीप्रसाद जयसवालको मतलाई अघि सारिएको विवरणमा तिथ्यावली जेसुकै लेखिएको भएतापनि प्रथम शिवदेवको अभिलेखलाई उधृत् गर्दै प्रस्तुत गरिएको एउटा वाक्यमा *'महासामन्त अंशुवर्माको सल्लाहअनुसार खोपासीको गाउँलेहरुलाई सुविधा प्रदान गरिएको छ'* (पन्त २०४३ : ५३४) भनी लेखिएको वाक्यांशले अंशुवर्मा र खोपासीबीचको सम्बन्ध देखाउँछ । सो सम्बन्धीकै तुलाछी टोल अभिलेख' मा लेखिएको तिथ्यावली छ, जुन 'सिल्भाँ लेभी-नं.९' लाई उधृत् गर्दै बालचन्द्र शर्माले प्रस्तुत गर्नुभएको मत हो, त्यो सही तिथ्यावली देखिन आएको भनी प्रायः अधिकांश इतिहासकारहरुबीच मतैक्य पाइन्छ : त्यो संवत ५१० (शक + १३५ ≠ वि.सं. ६४५) को महाराज श्री शिवदेव र उनका महासामन्त अंशुवर्माको नाम भएको 'तुलाछी टोल-अभिलेख' । अर्को एक स्रोतले यसरी उल्लेख गरेको छ :

*'तत्कालीन समयमा अंशुवर्माका उत्तराधिकारी बन्न लायक आफ्नै सहोदर छोरा नै थिएनन् भन्ने इतिहास छ । त्यो समयसम्म अंशुवर्माका अन्य पुरुष सन्तानहरु पनि जीवित नहुँदा अंशुवर्माले आफ्नो राज्यकालको अन्तिम समयतिर अर्थात् सन् ६१३ देखि मात्र युवराज उदयदेवलाई अंशुवर्माको दूतक (उत्तराधिकारी) बनाइदिनु भएको'* (आचार्य २०६३ : १२४) तथ्य छ । *यसपछि नेपाल दरवारको राजकाजमा अप्ठेरो पर्दा उदयदेव कुर्पासी स्थित अंशुवर्माकै निवासमा गएर बस्नुभएको बुझिन्छ* (ऐजन) । यस्तै अर्को प्रस्तुत मतमा पनि प्रायः अधिकांश इतिहासकारहरुबीच सहमती रहेको देखिन्छ : *"सवंत ५२० (शक+१३५≠वि.सं. ६५५) को महाराज शिवदेवले आफ्ना महासामन्त अंशुवर्माको निमित्त कैलसकूट भवन बनाउन प्रजाहरुलाई सहायतार्थ आज्ञा दिएको 'खोपासी-अभिलेख' । (लेभी-नं. १२)"* (ऐजन : २७५) । जगदीशचन्द्र रेग्मीले खोपासीको अभिलेखलाई उधृत् गर्दै 'प्राचीन नेपालको राजनीतिक इतिहास' मा कुर्पासीबारे यसरी उल्लेख गर्नुभएको छ : *खोपासीको अभिलेख (इ. ५९८) मा प्राचीन नेपालको प्रशासनिक आदर्श प्रष्टिएको देखिन्छ। यसमा अंशुवर्मनले बिन्ती चढाएअनुसार शिवदेवले कूर्प्पासी गाउँ (आधुनिक खोपासी) को भेकमा सबै अड्डाखाना ( अधिकरण) हरुले प्रशासनिक काम हेर्न नपाउने आदेश दिएको बयान गरिएको छ* (रेग्मी

२०५३ : १२७) । *अड्डाखानाहरुको साटो थानी काम 'स्वतलस्वमि' को अर्धसरकारी पदाधिकारीले हेर्नुपर्दछ भन्ने व्यवस्था पनि यसमा चर्चिएको छ । उक्त ठाउँका रैतिहरुले त्यतिबिदि प्रशासनिक सुविधाको साटो 'द्वारोद्‌घाटन' र 'कैलासकूटयात्रा' को औसरमा सेतो माटो पुऱ्याउनु पर्दथ्यो* (ऐजन) । यसको आसय के देखिन्छ भने भृकुटीका हजुरबुवा, उदयदेवका बुवा शिवदेवको काम काज प्रभाव क्षेत्र पनि भृकुटीनगरी कुर्पासी रहेको स्पष्ट हुन्छ । वास्तवमा माथिको अनुच्छेदमा कैलासकूट यात्रा भनेर लेखिएको पाइए पनि त्यो कैलाशकूट नभएर कैलाश यात्रा रहेको पाइन्छ ।

खोपासीको शिवदेव+अंशुवर्माको अभिलेख' को अनुवाद गर्नेक्रममा के उल्लेख गरिएको छ भने : *पनौतीभन्दा केही पर खोपासी नामक प्रसिद्ध बस्ती छ । त्यहाँ एउटा देवस्थलमा अहिले यो अभिलेख कुँदिएको शिलापत्र राखिएको छ'* (वज्राचार्य २०५३ : २७४) ।

*कल्याण होस् । मानगृह (दरबार) बाट अनगिन्ती गुणहरु भएका, लिच्छविकुललाई आनन्द दिने, गाथमा आराम रहेका, भट्टारक महाराज श्रीशिवदेवबाट कुर्प्पासी (खोपासी) गाउँमा बस्ने मुखियालगायत गृहस्थीहरुलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ । आफ्ना गुणरुपी मणिका किरणको उज्यालोले अज्ञानरुपी अन्धकार हटाएका, भगवान् पशुपतिनाथका चरणकमललाई प्रणाम गर्न तत्पर रहेका हुनाले पछिका हित कल्याण गरेका, आफना दुइ बाहुका बलले सारा शत्रुको जरो खनेका, यी श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजुरमा बिन्ति चढाएर हाम्रो अनुमति लिई (तिमीहरुको ग्राममा) सारा अधिकरण (अड्डा अदालत) हरुले पस्न नपाउने गरी तिमीहरुलाई निगाह गरिएको छ । यो कुरा तिमीहरुलाई थाहा होस् । विचार पुऱ्याउनुपर्ने मुद्दामामिलाहरु आइपरेमा आफना तलस्वामीद्वारा नै तिमीहरुको हेरविचार हुनेछ । सबै कामकारबाइहरुमा तिमीहरुको लागि एउटै मात्र द्वार (ढोका ≠ तलस्वामीको ढोका) हुनेछ । यहाँ दूतक देशवर्मा गोमी । संवत् ५२० चैत्र कृष्ण पञ्चमी । यसरी कुर्प्पासी ( खोपासी) ग्रामका बासिन्दाहरुलाई प्रशासनसम्बन्धी सबै अधिकार सुम्पी गरिदिइएको यस अभिलेखबाट अंशुवर्माको नीति बुझ्नको लागि निकै मद्दत पाइन्छ । यस दृष्टिले यस अभिलेखको महत्व रहेको छ* (ऐजन : २७५) ।

तत्कालीन समयमा अन्य जिल्लाहरुमा विषयपति अर्थात् बडाहाकिम (जिल्ला प्रमुख) नियुक्त गर्ने व्यवस्था भएतापनि खोपासीको हकमा भने त्यस्तो विषयपति नियुक्त गर्ने व्यवस्था थिएन । अंशुवर्माको जन्मभूमि खोपासी भेकमा सोझै उपत्यका केन्द्रबाट नै रेखदेख गरिन्थ्यो । तर अंशुवर्माले स्थानीय जनतालाई नै स्वायत्त शासनको अधिकार सुम्पेको माथि उल्लिखित खोपासीको शिवदेव+अंशुवर्माको अभिलेखबाट देखिएको छ । सो अभिलेखको अनुवादमा के लेखिएको छ भने *'खोपासीका जनतालाई स्वशासनसम्बन्धी सबै अधिकार सुम्पिएका छन् तापनि उनीहरुले एक दस्तूर बेहोर्नुपर्ने व्यवस्था यसमा गरिएको छ । त्यसको उल्लेख यसरी गरिएको छ - 'द्वारोद्‌घाटन कैलास यात्रयोश्च अवद्‌भिः प्रत्येकं पञ्चाशज्जातिशुक्लमृत्तिका देयाः'* (ऐजन : २७७) । माथिका अनुच्छेदहरुलाई मनन् गर्दा के

देखिन्छ भने, नेपालको कुन त्यस्तो प्राचीन स्थल छ जहाँ नेपालमा सबैभन्दा पहिला स्थानीय स्वायत्तशासनको अधिकार सुम्पिएको थियो ? यो प्रश्नको सही उत्तर 'कुर्प्पासी' (खोपासी) हो भन्ने आधार 'खोपासीको शिवदेव+अंशुवर्माको अभिलेख' बाट प्राप्त हुन आएको आधारमा हामी त्यसो भन्ने अवस्थामा पुगेका छौं । यसरी स्वायत्तशासनको पहिलो अभ्यास प्राचीनकालमा नै खोपासीमा भएको रहेछ भन्ने माथिको संवत् ५२० को अभिलेखले नै बोलेको छ । यो प्रश्न आधुनिक सामान्य ज्ञानका प्रश्नावलीहरुको सूचीमा दर्ज हुन पनि सक्छ । साथै सो अभिलेखको अनुवादमा उल्लेख गरिएको अर्को महत्वपूर्ण तथ्य यो पनि छ : *खोपासीको यस अभिलेखमा पशुपतिनाथको स्मरण गर्नामा विशेष कारण थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ । यति कुरा गर्नाको तात्पर्य द्वारोद्घाटनयात्रा र कैलास यात्राको सम्बन्ध पशुपतिनाथसंग थियो कि भन्ने हो* (ऐजन) । *पशुपतिनाथको मन्दिरको द्वारको उद्घाटनको उपलक्षमा गरिने यात्रा 'द्वारोद्घाटनयात्रा' र पशुपतिनाथको मन्दिरसंगै रहेको कैलास थुम्कोमा गरिने यात्रा कैलास यात्रा हो कि जस्तो मलाई लाग्छ* भनेर ग्रन्थकार धनवज्र वज्राचार्यले आफ्नो विचार व्यक्त गर्नु भएको पाइन्छ (पूर्ववत्) ।

त्यसैगरी पुरातात्विक प्रमाणहरुले अरु के पनि पुष्टि गरेको देखिन्छ भने 'तुलाछी टोल-अभिलेख' मा लेखिएको वि.सं. ६४५ (सन् ५८८) र खोपासी-अभिलेख' मा लेखिएको वि.सं. ६५५ (सन् ५९८) को समयकालक्रममा शिवदेव प्रथम (उदयदेवका बुवा) र अंशुवर्मा दुवै राजाहरु थिए । त्यसैगरी सुमतितन्त्र अनुसार अंशुवर्माको समयको सङ्गतिलाई उधृत् गर्दै, दिनेशराज पन्तले गर्नुभएको टिप्पणी यस्तो छ : *'५२६+१३५≠६६१ । यताबाट वि.सं. ६६१ आश्विनसम्म शिवदेव र अंशुवर्माको संयुक्त शासन देखिन्छ । ३०+६३३≠६६३ । यताबाट वि.सं. ६६३ ज्येष्ठमा अंशुवर्माले एकलै शासन गरेको देखिन्छ । यसरी सुमतितन्त्र अनुसार अंशुवर्माको समयको सङ्गति भयो'* (ऐजन : ४२१, ४२२) । अव, वि.सं. ६६३ भन्नाले ई.सं. ६०६ ताका पर्न आउँछ । यसैले अव हामी यसो भन्ने स्थितिमा पुगेका छौं : अंशुवर्माको प्रत्यक्ष राजकीय सम्बन्ध शिवदेव प्रथमसँग रहेको र शिवदेव प्रथमका छोरा उदयदेवलाई नै शिवदेव प्रथम र अंशुवर्माले समेत आफ्नो शेषापछि आफ्ना सारा राज्यभार र सम्पत्ति सुम्पिएको विभिन्न इतिहासहरुको अध्ययनबाट थाहा भएको छ । त्यसकारण फेरी पनि भृकुटीको सन्दर्भमा शिवदेव, अंशुवर्मा, उदयदेव र पूर्व १ नं. खोपासीको प्रत्यक्ष अप्रत्यक्ष राजकीय सम्बन्ध रहेको प्रष्ट हुन आएको ती ऐतिहासिक आधारहरुबाट भन्न सकिन्छ ।

### १.२.४ भृकुटीको जन्म, जन्मस्थान सम्बन्धी प्रसंङ्ग

सन ६२१ मा अंशुबर्माको मृत्यु पछाडी उदय देव राजा भए । कमजोर उदय देव लाई सन ६२२ मा जिष्णु गुप्ताले उनकै भाई ध्रुब देवको सहयोगमा सत्ताच्यूत गरे । ध्रुब देवलाई राजा बनाई जिष्णु गुप्ताले नायवी चलाए । राजा उदय देव परिवार सहित ससुराली मञ्जुश्री टोलमा निर्वासनमा गएर बसे । उदय देवले जनताको साथमा बिद्रोह गर्न खोजे । काठमाण्डौ र ललितपुर बाट ध्रुव देव र गुप्ताहरुको बिरोध हुनथाल्यो । उदय देव काठमाण्डौको लगन,

मञ्जुश्री टोलमा लुकेर बिद्रोहको नेतृत्व गरेका थिए जहाँ भृकुटी आफ्नी आमा भद्रावतीको कोषमा आईन । असफल बिद्रोहका कारण उनि भक्तपुर तिर लागे । भक्तपुर बाट पनि सरकार (ध्रुब देव + गुप्ताहरुको) को बिरोध हुनथाल्यो । सरकाले त्यहापनि दमन गरेपछि उदय देव निर्वासित जिवनको लागी आफ्ना रानी भद्रावती र दशबर्षे छोरा नरेन्द्र देव सहित पहिले बसेको कुर्पासी अंशुबर्माको निवासमा बस्नपुगे । जहाँ पहिले उदय देव र भद्रावती दुबैजना अंशुबर्माबाट राजकाज बिधा सिक्न बसेका थिए । सन ६२४ मा अंशुबर्माको पूर्व निवासमा भृकुटीको जन्मभयो । उक्त निवासको भग्नावषेसमा सोधार्थी शैलेन्द्र बहादुर थापा द्वारा लिखित “भृकुटी” नामक पुस्तक २०७८ फाल्गुण १४ गते स्थानियहरुको साथ लोकार्पण गरियो ।


यस शोधार्थीद्वारा लिखित 'भृकुटी (भेल्सा/ल्हाच्छिग ठित्सुन) : एक अध्ययन' नामक प्रतिवेदन पुस्तक वि.सं २०७८ फागुन १४ गते बागमती प्रदेशस्थित काभ्रे कुर्पासी (खोपासी) बाट लोकार्पण गरिएको ।

नेपाल इतिहास सङ्घ (नेपाल भरका इतिहास विदहरु) शिक्षा शास्त्र केन्द्रिय बिभाग, त्रिभूवन विश्व विद्यालयका प्राध्यापक, सह-प्राध्यापक र शिक्षक (पूर्वाञ्चल विश्व विद्यालय सहित) ६२ जना र पनौती नगरपालिकाले संयुक्त सञ्चालन गरेको पनौती नगरपालिकाको इतिहास बिषयमा २०७९ मंसिर २८-३० को तिन दिने गोष्ठीले लिच्छवी निर्वासित राजा उदय देवको छोरी राजकुमारी भृकुटीको जन्म सातौ सताद्विमा अंशुवर्माको निवास ( पछि शंकराचार्यले नामाकरण गरिएको नरसिंह मठमा) जन्मिएको भन्ने बारे एकिन गरेको छ ।


स्थानियको भनाइमा द्रौपदी र भृकुटिले नुहाउने धाराहरुमा एकधारा

नेपाली राजकुमारी तिब्बतकी महारानी भृकुटीलाई तिब्बतमा ‘Bal-mo-bza’, ‘Khri-btsun (Royal Lady)’/ ‘Khri b Tsun’ or ‘Royal Lady’, ‘Lhacig / Lhagcig Tritsun’, ‘Bhelsa Tritsun’, ‘Besa’ or ‘Bhesa’ जस्ता अनेकौं नामहरुबाट संवोधन गर्ने गरेको पाइन्छ । भृकुटीलाई तिब्बती भाषामा भेसा भनिन्छ भने चीनियाँ राजकुमारी वेङ्ग चेङ्ग कोङ्चोलाई तिब्बती भाषामा गासा/गेसा (Gasa) भनिन्छ । *भृकुटीको जन्म बुबा उदयदेव (विस्तृतरुपमा उपशीर्षक १.२.२ मा उल्लेख गरिएको छ), आमा भद्रावतीको गर्भबाट सन् ६२४ मा काभ्रेपलाञ्चोक जिल्लाको बनेपाबाट एधार किलो मिटर दक्षिण कुर्पासी (खोपासी) मा भएको विभिन्न स्रोतहरुले उल्लेख गरेको पाइन्छ । वहाँका दाजु नरेन्द्रदेवले आमाको नामबाट ‘भद्राधिवास दरवार’ निर्माण गर्न लगाउनु भएको पाइन्छ’* (थापा सन् २०२२ : आजको तिब्बत वर्ष १५.३) । यस सन्दर्भमा ‘त्रिदेशीय साझेदारीमा नेपाल-चीन सम्बन्ध’ पुस्तकमा *भृकुटीको जन्मघर काठमाडौंको लगन मञ्जुश्री टोल र ओमबहालको बीचमा छ, यो बुद्धमार्गीहरुका लागि तीर्थस्थल हुन सक्छ* ( शिवाकोटी, २०७३ : २४५, २४६) भन्ने दुईवटा वाक्यहरु मनन् गर्न सकिन्छ । यस सिलसिलामा थप प्रष्ट्याउँदै गोपाल शिवाकोटी, *“भृकुटीकी आमा भद्रावती लगनको घरमा*

*गर्भवती हुनुभए पनि तत्कालीन राजनीतिक जटिलताका कारण बुवा उदयदेवले आफ्नी गर्भवती रानीलाई सुरक्षित स्थल पहिचान गरी सपरिवार त्यहाँबाट काभ्रेको खोपासी दरवारमा लिएर जानुभएको थियो । भद्रावतीले खोपासी दरवारमा नै भृकुटीलाई जन्म दिनु भयो"* (शिवाकोटी, अन्तरवार्ता : २०७६) भन्ने धारणा प्रस्तुत गर्नुभएको छ । यस सन्दर्भमा लिईएको एक स्थलगत मत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार ८८.८८ प्रतिशत उत्तरदाताले भृकुटीको जन्म खोपासीमा भएको थियो भन्ने मत प्रकट गरेको पाइन्छ । त्यसैगरी भृकुटीको बुबाको नाम उदयदेव र आमाको नाम भद्रावती थियो भन्ने उत्तरमा क्रमशः ८५ प्रतिशत र ७० प्रतिशत मत जाहेर भएको देखिन्छ (परिशिष्ट १) ।

भिक्टर प्रधानले 'भृकुटी नामको भ्रम' शीर्षकमा एउटा लेख लेख्नुहुँदै वहाँले आफ्नो सो लेखमा के अनुमान गर्नुभएको छ भने : *'अतः भृकुटी-न्वारन पनि सम्भवतः इतिहास शिरोमणिबाटै भएको हुन सक्छ किनभने सिल्भाँ लेभीपछि भृकुटीबारे चासो राख्ने पुराना नेपाली विद्वानमध्ये उनी अग्रगण्य हुन्'* (himalkhabar.com/news/134380?) भन्दै वहाँहरुमध्ये एकजना नेपाली इतिहासकार र अर्का एक विदेशी इतिहासकारहरुको प्रसङ्ग उल्लेख गरेको पाइन्छ । ऋषिकेश शाहकको 'An Introduction to Nepal' मा भृकुटीको सन्दर्भमा यसरी लेखिएको छ :

*'In the seventh century A. D. Amshuvarma (605 - 621 A.D.) started out as an influential officer of king Shivadeva I's (c. 590 A. D. – 604 A. D. )court, and in time became a co-ruler'* (Shaha 2001 AD : 43) . *In the end, he became more important than the legitimate ruler himself and he succeeded Shivadeva after he became a mendicant. According to a popular Tibetan legend, there was a Nepali King called Go Cha, whom Sylvain Levi identified with Amshuvarma, but whom one could easily identify also with Udayavarma, on the basis of the literal meaning of the Tibetan word. Popular legend has it that this king had a daughter by the name of Bribtsum or Bhrikuti, whom Srong-btsan-Sgam-po, pronounced as Song-tsen Gampo, the famous king of Tibet, married. Historians like Sylvain Levi accepted this as a fact. ....*(Ibid).

तिब्बती किंवदन्तीलाई उधृत् गर्दै उपर्युक्त अनुच्छेदमा सिल्भा लेभीले अंशुवर्मालाई गो चा' नामको एक नेपाली राजाको सज्ञा दिनुभएको देखिन्छ भने तिब्बती शब्दको अर्थ अनुसार गो चा' शब्दले सजिलैसँग उदयवर्मालाई बुझाउने बताइएको छ । प्रसिद्ध तिब्बती किंवदन्ती अनुसार व्रिवत्सुम' अर्थात् भृकुटी' ऊनै राजा उदयवर्माकी छोरी हुन् जसलाई तिब्बतका प्रसिद्ध राजा साङ्ग-त्सेन गम्पोले विवाह गर्नुभएको तथ्यका रुपमा इतिहासकारहरुले स्वीकारेका छन् । उदयवर्मा भन्नाले उदयदेवलाई बुझ्नु पर्ने हुन्छ । भृकुटीको सन्दर्भमा मीन बहादुर शाक्यको खोज अध्ययनले के देखाएको पाइन्छ भने तिब्बती भाषामा देवल्हा भनेको उदयदेव हो भन्ने तथ्यलाई यसै पुस्तकको यसपछि आउने सन्दर्भमा पनि उल्लेख गरिएको छ । त्यसैगरी प्रायः अधिकांश ऐतिहासिक स्रोतहरुले अंशुबर्माको देहान्त इ.सं. ६२१ मा भएको उल्लेख गरेका छन्, सो तथ्यांकलाई आधार मान्दा त्यसको ३ वर्षपछि अर्थात् इ.सं. ६२४ मा भृकुटीको जन्म भएको उल्लेख पाइनुले भृकुटीको जन्म भएको वर्ष इ.सं ६२४ लाई सत्य मान्नु पर्ने हुन्छ । यसरी हेर्दा गोपाल शिवाकोटी, ऋषिकेश शाह लगायतका राजनीतिक

इतिहासको क्षेत्रमा कलम चलाउने लेखकहरुकै वाक्यलाई सापट लिएर जस्ताको त्यस्तै विश्लेषण गर्ने हो भने, आखिर भृकुटीको जन्म भएको पाइन्छ' वा भृकुटीको जन्म भएको रहेछ' भन्नेसम्मको वाक्यांशलाई मनन् गर्दा वहाँहरुले त्यो फेरि पछि स्वीकारिएको र भृकुटीको जन्म इ.सं. ६२४ मा नै भएको हो भन्ने आधारले पुष्टि गरेको देखिन्छ । यस सन्दर्भमा लिईएको एक स्थलगत मत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार ८३.३३ प्रतिशत उत्तरदाताले भृकुटीको जन्म इ.सं. ६२४ मा भएको थियो भन्ने मत प्रकट गरेको पाइन्छ ( परिशिष्ट १) ।

## १.२.५ उदयदेवकी छोरी भृकुटी

*"आजभन्दा तेह्रसय बर्ष पहिले नेपालमा अंशुबर्मा नाम भएका राजा थिए .............. अंशुबर्माकी एउटा राम्री छोरी थिईन ........... भृकुटी यस्तै उच्च चरित्र भएकी सुपुत्री भईन" (जनक शिक्षा सामाग्री केन्द्र २०३१ : १०२)* श्री ५ को सरकार, शिक्षा मन्त्रालय, जनकशिक्षा सामाजिक केन्द्रले बिद्यालय शिक्षा कक्षा ७ को पाठचक्रम महेन्द्रमाला पुस्तकको भृकुटी शिर्षक लेखमा औचित्य नखुलाई उनि अंशुबर्माका छोरी भनि प्रष्ट लेखिएकोछ । यो पाठचक्रम पुस्तक मार्फत राष्ट्रको जिम्मेवार ओहदामा बसेका निकायको लापरवाहीले तत्थ्यपरक बास्तविक सुचना प्रशार नहुँदा बि.सं. २०१२ मा प्रदान गरिएको "राष्ट्रिय बिभूती" को सम्मान लाई यस्तै ओहदामा बसेका अधिकारीहरुले खोज, अध्ययन बिना हचुको भरमा राष्ट्रिय बिभूती बाट हटाई राष्ट्रिय गहनाको अबमूल्यन गरिएकोछ ।

'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' मा 'उदयदेवकी छोरी भृकुटी' भन्ने शब्दहरु परेका छन् (मुनंकर्मी २०४१ : ६६) । लीलाभक्त मुनंकर्मीको सो कृतिमा यस्तो लेखिएको छ : *'छिमेकी भोटमा स्रोङ्चन गम्पोको ठूलो प्रभाव थियो । यिनले नेपालप्रति नराम्रो आँखा गाड्न लागेका थिए तर हाम्रा कूटनीतिज्ञ राजा अंशुवर्माले आफ्नै देशका उदयदेवकी छोरी भृकुटीको निजसँग विवाह गरिदिएर नेपालको इज्जतमा ठूलो टेवा पुऱ्याई लडाइँ-झगडामा फस्नु नपर्ने व्यवस्था मिलाएका थिए* (ऐजन : ६५, ६६) । यसरी लीलाभक्त मुनंकर्मीद्वारा लिखित पुस्तक 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' मा पनि उदयदेवकी छोरी भृकुटी' भनी किटान गरिएको छ । तर अंशुवर्माले विवाह गराइदिएको भन्ने जहाँसम्म सवाल छ, यहाँनिर लीलाभक्त मुनंकर्मी पनि अलमलिनु भएको जस्तो लाग्छ । किनकि ऐतिहासिक दस्तावेजहरुका अनुसार सन् ६२१ मा राजकाज गर्दागर्दै देहान्त भएको पुष्टिएको अंशुवर्मा र सन् ६२४ ताका जन्मेर सन् ६३३ ताका विवाह भएको देखिन आएको भृकुटीबीचको जन्मान्तर र मृत्यु अन्तरका तुलनात्मक चरहरु (भेरियबल) बीच ३ वर्षको अन्तराल देखिएकाले अंशुवर्माकी छोरी भृकुटी कसरी हुन सक्छिन् ? यो प्रश्न यस शोधार्थीको होईन, अंशुवर्माकी छोरी भृकुटी हुन् भन्ने तथ्यसँग सहमत (न) नहुने प्रायः अधिकांश इतिहासविद्हरुको प्रतिप्रश्नको प्रतिनिधित्व हो । लीलाभक्त मुनंकर्मीकै उक्त पुस्तकमा

*वास्तवमा यिनी (भृकुटी) शिवदेव प्रथमका छोरा उदयदेवकी छोरी हुन् भन्ने धेरै प्रमाण देखिन्छन्'* (मुनंकर्मी २०४१ : ६९) भनेर लेखेको पाइन्छ। त्यसैगरी पेतेक लेख्नुहुन्छ : *'भृकुटी अंशुवर्माकी छोरी नभई उदयदेवकी छोरी भएको धेरै प्रमाणबाट पुष्टिएको छ'* (पेतेक २०६० : ख) । माथि वर्णित टुचीको धारणा र यहाँनिर वर्णित पेतेकको धारणाबीच नै मत बाझिएको देखिन्छ। किनकी पेतेकले *धेरै प्रमाणहरुबाट पुष्टिएको छ'* भन्दै भृकुटी उदयदेवकै छोरी हुन् भन्ने दावी गर्नुभएको देखिन्छ। अर्कोतिर अंशुवर्माको देहान्त मितिबारे ठोकुवा गरेरै के उल्लेख गरेको पाइन्छ भने *अंशुवर्माको देहान्त सन् ६२१ मा नै भएको हो भन्ने प्रमाणित भइसकेको छ* (ऐजन) भनिकन भुवनलाल प्रधान (प्रधान २०७६ : ६७) लगायत अधिकांश स्रोतहरुले अंशुवर्मा १६ वर्षसम्म 'डिफ्याक्टो रुलर' भएर शासन गरिरहेको समयमा अंशुवर्माको देहान्त भएको प्रष्ट्याएका छन्। भुवनलाल प्रधानले सम्बत् २०२० आश्विन २१ गतेको गोरखापत्रमा "भृकुटी अंशुवर्माकी छोरी होइनन्" भन्ने शीर्षकमा एउटा लेख नै लेख्नुभएको छ।

मेजर जनरल शिवराम खत्रीद्वारा लिखित 'Nepal Army Chiefs (short biographical sketches)' पृष्ठ ५ र ६ मा अंशुवर्माको छोटो चिनारीका क्रममा उल्लेख गरिएको मिति अंशवर्मा (६०४— ६२१)' पाइएको छ। त्यहाँ यस्तो लेखिएको छ : *'He (Amshuvarma) was not selfish and was respected highly by others. Eventually, he nominated Udayadev, son of Shivadev I, as his successor. Amshuvarma died in 621 after ruling the country gloriously for 16 years'* (Khatri 1999 AD : 5, 6). *Narendradeva (640-679 AD) was a son of King Udayadev who was a very weak ruler. So minister Jisnu Gupta assisted Dhurbadev to banish his brother King Udayadev including his son Narendradev to Tibet in exile (Ibid : 6).* यसरी अंशुवर्माले १६ वर्षसम्म देशमा गौरवपूर्ण शासन गरेपछि (अतः यसको अर्थ अंशुवर्माले शासन गर्दागर्दैको समयमा') सन ६२१ मा वहाँको मृत्यु भएको देखिन आउँछ । त्यसपछि लेखिएका वाक्यांशहरुमा राजा उदयदेवका छोरा नरेन्द्रदेव' लेखिएको छ । 'मन्त्री जिष्णु गुप्तले ध्रुवदेवलाई उनका दाजु (अंग्रेजीको 'ब्रदर' शब्दले नेपालीमा 'दाजु', 'भाइ' दुवै अर्थ बोध हुने तथ्य हामीलाई ज्ञात छ) राजा उदयदेवसहित उनका छोरा नरेन्द्रदेवलाई तिब्बतमा निर्वासनमा धपाउन सहयोग गरे' (ऐजन) भन्ने शब्दहरु परेका छन्।

एक अर्को भारतीय स्रोतले यसो भन्छ : *'उदयदेवको सम्भवतः राजगद्दी पर से ध्रुवदेव ने हटाया जो उसका भाइ प्रतीत होता है, इसका आधार तांग इतिहास है जहां नरेन्द्रदेवके पिताको उसके चाचाद्वारा हटाये जानेका उल्लेख है जहां नरेन्द्रदेवके पिताको उसके चाचाद्वारा हटाये जानेका उल्लेख है और अनुमान यह है कि नरेन्द्रदेव उदयदेवका पुत्र था'* ( मणि ई.सं. १९९८ : ५८) । यसरी यो स्रोतले पनि उदयदेवका छोरा नरेन्द्रदेव हुन् भनेर अनुमान गरेको छ । 'लिच्छविकालका अभिलेख' ले पनि के स्पष्ट लेखेको छ भने : *'उदयदेवका छोरा नरेन्द्रदेव हुन्। पशुपतिको जयदेवको अभिलेखबाट यो कुरा थाहा पाइन्छ। नरेन्द्रदेवको बाल्यकाल विदेशमै बितेको देखिन्छ। नरेन्द्रदेवले ३६ वर्षभन्दा बढी लामो कालसम्म स्वतन्त्ररुपमा स्वयं शासन चलाए। नरेन्द्रदेवले आभीर गुप्ताहरुलाई हटाउन ठूलो*

*लडाइँ लड्नुपरेको थियो भन्ने संकेत पाइन्छ'* (वज्राचार्य २०५३ : ४६०—४६१) । यसबाट के विचार गर्न सकिन्छ भने उदयदेवका छोरा नरेन्द्रदेव हुन् । ऊनै नरेन्द्रदेवकी बहिनी भृकुटी हुन् । अब, उदयदेव र भृकुटी बुवा छोरी हुन् भन्न हामीले किन (न)नसक्ने ? भिक्टर प्रधानले पनि आफ्नो लेखमा के लेख्नुभएको छ भने : *उनले (सिल्भा लेभी) ले भृकुटीलाई अंशुवर्माकी छोरी भनी ठोकेर लेखे पनि पछिका नेपाली इतिहासकारहरुमा व्यापक विवाद भयो । अहिले भृकुटी अंशुवर्माकी छोरी होइनन् भन्ने सिद्ध भइसकेको छ'* (himalkhabar.134380?) । यसरी वास्तवमा शिवदेव प्रथमका छोरा उदयदेव, उदयदेवका छोरा नरेन्द्रदेव, नरेन्द्रदेवकी बहिनी भृकुटी हुन् भने उदयदेवकी छोरी भृकुटी किन नहुने ? भन्ने प्राय: अधिकांश नेपाली इतिहासकारहरुको प्रतिप्रश्न रहेको छ । त्यो प्रश्नले दिने उत्तर नै उदयदेव र भृकुटीबीच बावु छोरी रहेको ठोस् तार्किक प्रमाण हो भन्ने वहाँहरुको दाबी छ ।

तिब्बती भाषा अनुवादक वुरिङ चेनका अनुसार*'वेशार गोचा'/'होस्यार गोचा' शब्दले प्रकाश, उदय, चम्किलो अर्थ बुझाउने भएकाले उदयदेवलाई बुझाएको जनाएका छन् । कतिपय स्रोतहरुले उदयदेवको पर्यायवाची शब्दले उदयवर्मनलाई जनाएको दाबी गरेका छन्'* (थापा सन् २०२२ : आजको तिब्बत वर्ष १५.३) । यसले 'होस्यार गोचा' अर्थात् उदयदेवकी छोरी भृकुटी हुन् भन्ने बुझाउँछ । मीन बहादुर शाक्यले प्रिन्सेस् भृकुटी देवीमा यसरी उल्लेख गर्नुभएको छ *:As we have discussed, the name "Od-zer Go cha" can be equated to Devalha (Udayadeva?) and Ratnadeva poses no problem; it is just a respectful way to address a king'* (Shakya 1997 AD : 60). यसरी मीन बहादुर शाक्यले 'देवल्हा' को समकक्षी (पर्यायवाची शब्द) 'उदयदेव' हुन सक्ने अनुमान गर्नुभएको पाइन्छ (ऐजन) । पुष्पराज चालिसेद्वारा लिखित 'नेपालको पुरानो इतिहास र सभ्यता' नामक कृतिमा यस्तो छ : *'उदयदेव र भृकुटीसम्बन्धी मत व्यक्त गर्ने विद्वानहरुले गोचाको पर्याय दिंदै जाँदा प्रभाबर्मन औ ज्योतिबर्मन भनी अर्थ्याएका छन् । साधारणरुपमा प्रभा, ज्योति र उदय एकै भाउ बताउने देखिएको हुँदा गोचाले उदयदेवलाई अर्थ्याएको मान्न नसकिने देखिंदैन भन्ने जगदीश चन्द्र रेग्मीज्यूको तर्क छ'* (चालिसे २०४८ : ७५) । त्यसैगरी नेपाल सरकारद्वारा प्रकाशित एउटा पुस्तकमा यस्तो पाइन्छ : *'अंशुवर्माको शासनकाल सन् ६०५ देखि सन् ६२१ सम्म रहेको'* (नेपाल परिचय २०७८ : ८६, ८७) स्पष्ट तथ्य छ । यसरी अंशुवर्मा (अंशुवर्मन) को सन् ६२१ मा निधन हुँदा सन् ६२४ मा जन्मिनु भएकी भनिएकी भृकुटी कसरी अंशुवर्माकी छोरी हुन सक्छिन् ? भन्ने उही प्रश्न फेरी पनि तेर्सिन्छ । मीन बहादुर शाक्यको 'प्रिन्स भृकुटी देवी' मा लिखित डेभथर मार्फो, राहुल सांकृत्ययान जस्ता प्रसिद्ध तिब्बती तथा भारतीय विद्वानहरुले पनि भृकुटीको जन्म ई.सं. ६२४ उल्लेख गरेको पाइन्छ (शाक्य सन् १९९७ : ३८) । भृकुटीको जन्म ई.सं. ६२४ मा भएको भनिएको यो आधारलाई सबैभन्दा विश्वसनीय र प्रमाणिक मानिएको इतिहासविदहरुको धारणा छ । अर्को एक स्रोतले *:'एक अभिलेखको शीर्ष चिनको रुपमा उत्तर प्राचीनकालका अभिलेखहरुमा 'सर्वप्रथम त्रिशूलको आकृति अङ्कन गरेको'* (जोशी २०७७ : ३५१, ३५२) भन्छ । यसमा गोपाल शिवाकोटीको धारणा यस्तो छ : *'त्यसबाट उदयदेवले राज्य गरेको क्षेत्रको सुरक्षार्थ सर्वप्रथम त्रिशूलको आकृति अङ्कन गरी त्रिशूल कवचधारी*

*राजाको रुपमा प्रशस्ति ग्रहण गरेको देखिन्छ। त्यसकारण तिब्बती संस्कारमा ढाल, त्रिशुल, तरवार जस्ता सुरक्षासँग सम्बन्धित अर्थलाई गोचा/ग्होचा (कबच) शब्दबाट सम्बोधन गर्नेभएकाले 'गोचा' शब्दले उदयदेवलाई नै अर्थ्याएको'* (शिवाकोटी २०७६ : अन्तरवार्ता) गोपाल शिवाकोटीको दाबी छ।

## १.२.६ अंशुवर्माको सन्दर्भमा हुवेन शाङको दृष्टिकोण

'लिच्छविसंवत्को निर्णय (२०४३)' को एउटा परिशिष्टमा उल्लेख गरिएको तथ्यलाई अवलोकन गर्दा हुवेन शाङ (युवान च्वाङ) को वर्णनलाई उधृत् गर्दै अंशुवर्माको आसन्नकाल पत्ता लगाउने तथ्य उल्लेख छ। त्यो यसप्रकार छ : *"नेपालमा अंशुवर्मा नामका विद्वान तथा चतुरा राजा भरखरै भएका रहेछन्"* भनी युवान च्वाङले बोलेकाले उनले अंशुवर्मालाई वर्तमान राजाको क्रममा नराखी भरखरका भूतपूर्व राजाको रुपमा राखेको देखिन्छ (पन्त २०४३ : ४७२) । चाँगुनारायण स्थानको मानदेवको अभिलेखलाई उधृत् गर्दै धनवज्र वज्राचार्यद्वारा संग्रहित 'लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्या सहित)' मा हुवेन शाङ (युआन च्वाङ) को बारेमा यस्तो लेखिएको छ : *'प्रसिद्ध चीनियाँ यात्री युआनच्वाङको वर्णनबाट उनी यतातिर आउनुभन्दा केही पहिले अंशुवर्माको मृत्यु भएको थियो भन्ने थाहा पाइन्छ । युआनच्वाङले वि.सं. ६८६ (ई.सं. ६२९ हुन आउँछ) मा भारतयात्रा आरम्भ गरेका र वि.सं. ७०२ (ई.सं. ६४५ हुन आउँछ) मा उनी चीन पुगेका थिए'* (वज्राचार्य २०५३ : १७) । यसरी हुवेन शाङले बौद्धधर्मको अध्ययन केन्द्र नालन्दा पुग्नका लागि सन् ६२९ मा सुरु गरेको पशिचमको यात्रादेखि सन् ६४५ को वसन्तमा स्थलमार्ग हुँदै स्वदेश फर्कने यात्राको सिलसिलामा विभिन्न समयमा नेपाल उपत्यका र लुम्बिनीमा गरेको भ्रमणले पुष्टि गरिसकेका छन् । त्यसकारण सन् ६२९ भन्दा अगाडि हुवेन शाङ नेपाल आएको कुनै पनि प्रमाण भेटिएका छैनन् जबकी अंशुवर्माको निधन सन् ६२१ मा भईसकेको प्रमाणिक इतिहास छ भन्ने तथ्य यस कृतिमा वारम्वार उल्लेख गरिसकिएको छ । *यो तथ्य सिल्भाँ लेभीले चीनको ताङ (थाङ) वृत्तान्तबाट उतार गरेको देखिन्छ । जसमा 'वि.सं. ७०० देखि ७०८ सम्म नेपालको राजसिंहासनमा नरेन्द्रदेव बसेका थिए भन्ने वर्णन पाइन्छ'* (पन्त २०४३ : ४७२) । यसरी जताबाट हेर्दा पनि *'हुवेन शाङले लेखेको यात्रावृत्तान्तमा राजा लिच्छवी क्षत्रिय थिए । वर्तमान राजाको नाम अंशुवर्मन थियो'* ( प्रकाशक वर्ल्ड कल्चर नेट २०७३ : ३१) भन्ने विवरणले कति मेल खान्छ, खाँदैन प्रष्ट हुन्छ । त्यसकारण यदी हुवेन शाङ भारतको नालन्दा विश्वविद्यालय जानका लागि सन् ६२९ मा नेपाल आएको सत्य हो भने त्यो ताका नेपाली राजकुमारी भृकुटीको उमेर ५ वर्षको हुनुपर्छ भन्ने ज्ञात हुन आउँछ । त्यो बेला भृकुटीका बुवा राजा उदयदेवको राजकीय प्रशस्ती बनेपुर, कुर्पासी क्षेत्रमा रहेको भन्ने ऐतिहासिक शास्त्रोक्ति पनि मननीय छ । कतिपय नेपाली तथा चीनियाँ इतिहास अनुसार हुवेन शाङ सन् ६३३ मा पनि नेपाल आएको भन्ने छ । त्यसैगरी स्वयम् हुवेन शाङ, चिनियाँ ताङवृत्तान्त र इतिहासमा पनि हुवेन शाङ भारत भ्रमण गरी सन् ६४३ ताका लुम्बिनीमा आउनुभएको तथ्यलाई आधार मान्ने हो भने पनि त्योबेला नेपालको

दरबारमा तिब्बती राजा (व)स्रोङ(व)त्सन(स)गमपोको सुरक्षा सहयोगमा नरेन्द्रदेव नेपालको राजसिंहासनमा आसीन हुनुभएको ऐतिहासिक अभिलेख्य शास्त्रोक्ति छ । 'लिच्छविसंवतको निर्णय (२०४३)' मा जयसवालको मत यसप्रकार छ : *'वि.सं. ७०० मा अंशुवर्माका नाति तथा उदयदेवका छोरा नरेन्द्रदेवलाई नेपालको राजसिंहासनमा चिनियाँहरुले देखेका थिए । यिनी नेपालको राजसिंहासनमा त्यसभन्दा अगि पुनःस्थापना गरिएका थिए । नरेन्द्रदेवलाई राज्यमा पुनःस्थापना गरिएको वर्ष वि.सं. ७०० नै हो भन्ने यताबाट देखिन्छ । त्यस समयमा जिष्णुगुप्त, लिच्छवि ध्रुवदेव सँगसँगै राज्य गरिरहेका थिए'* (पन्त २०४३ : ५३५) । यसरी हेर्दा पनि वि.सं. ७०० को इ.सं. ६४३ नै हुन आउँछ । तर नरेन्द्रदेव वास्तवमा अंशुवर्माको नाति होईनन्, शिवदेव प्रथमका नाति थिए भन्ने तथ्यमा पनि प्रायः अधिकांश इतिहासविद्हरु सहमत रहेको पाइन्छ । जे होस् नजिक वा टाढाको कुनै न कुनै पारिवारिक नाता सम्बन्धभित्र जोडिनु भएका शिवदेव प्रथम, अंशुवर्मा, उदयदेवबीचको राजकीय पारिवारिक नाता सम्बन्ध जोडेर हुवेन शाङ, सिल्भाँ लेभी लगायतका कतिपय ऐतिहासिक स्रोतहरुले भृकुटी अंशुवर्माकी छोरी हुन भनिदिए । यसले गर्दा नेपाली इतिहासको लामो ऐतिहासिक कालखण्डमा नै भृकुटीको विषयमा अन्यौलता र भ्रम उत्पन्न हुन गएकोमा नेपाल, चीन (तिब्बत), भारत, भुटान, वर्मा (म्यानमार) लगायतका देशहरुमा उपलब्ध हालसम्मका विभिन्न इतिहास, ऐतिहासिक दस्तावेजहरु र ऐतिहासिक पुरातात्विक स्रोतहरुलाई आधार मान्दै भृकुटी अंशुवर्माकी छोरी (न)नभइ उदयदेवकी छोरी हुन् भन्ने तथ्यमा आज प्रायः अधिकांश विद्वानहरु एक ठाउँमा उभिनुभएको पाइन्छ ।

### १.२.७ उदयदेव र नरेन्द्रदेवबीचको नाता सम्बन्ध

उदयदेवका छोरा नरेन्द्रदेव र रातो मच्छिन्द्रनाथको जात्रा तथा अवलोकितेश्वरको सम्बन्ध, नरेन्द्रदेवकी बहिनी बेहुली भृकुटी र उनको जन्तीमार्ग 'खोपासी-नाला (अमलडोल)-साँखु बज्रयोगिनी (प्राचीन नेपाल-भोट व्यापारिक मार्ग)' को सम्भावित सम्बन्ध पनि प्रत्यक्ष अप्रत्यक्ष जोडिन आएको देखिन्छ । यसरी माथि लेखिए जस्तै *'उदयदेव अंशुवर्माका छोरा वा उनका वंशका थिएनन् । तर अंशुवर्माले उनैलाई उत्तराधिकारी बनाएका थिए । चिनियाँ वृत्तान्तमा नरेन्द्रदेव (ना-लिङ-ति-फो) का बाबुलाई उनको भाइले सिंहासनबाट हटाएपछि नरेन्द्रदेव भागेर तिब्बत पुगे, त्यहाँ उनले शरण पाए'* (लल्लनजी र अरुहरु २०२६ : ७) भनी लेखिनुले पनि तत् सम्बन्धी ऐतिहासिक घटनाक्रमका विषयवस्तुको पुष्ट्याइँ गरेको देखिन्छ । *'यसै आधारमा भाइले खोसिएका व्यक्ति उदयदेव नै हुन भन्ने कुरा थाहा हुन्छ । जिष्णुगुप्तसँग मिली संयुक्त शासन चलाउने ध्रुवदेव उदयदेवका भाइ रहेछन् भन्ने कुरा पनि माथिको विवरणबाट अन्दाजी गर्न सकिन्छ' (ऐजन)* । अतः राजा उदयदेव काठमाण्डौ दरबारको तत्कालीन राजनीतिक विद्रोहबाट भागेर करीब १ दशक पुग नपुगको समयमा कुर्पासी अर्थात् खोपासी दरबार बाटै त्यसक्षेत्र (नाला, साँगा, बनेपा समेत) को राजकाजमा प्रत्यक्ष अप्रत्यक्ष सहभागी हुनुभएको (थापा, सन् २०२२ : ५०, ५१) बुझ्न सकिन्छ । अव, यहाँनेर खोपासीका विद्वान विश्व उलकले लेख्नुभएको तथ्य पनि जोडिन आएको छ । अतः

कुर्पासीग्रामको पक्षमा जारी गरिएको राजाज्ञा वर्णनमा यस्तो पाइन्छ : *'कुर्प्पासीग्राममा सबै अधिकरणहरुको प्रवेशलाई निषेधपूर्वक निगाहा गर्नुको अतिरिक्त द्वारोद्घाटन कैलास (कूट) यात्रामा प्रत्येक व्यक्तिले ५० कमेरो माटो दिनुपर्ने नियम छ'* (जोशी २०७७ :२५०) । *अंशुवर्माको आवासको लागि शिवदेव प्रथमद्वारा निर्माण गराउन लगाइएको कैलासकुट राजप्रसाद भवनको निर्माण एवं उद्घाटन संस्मरणमा सम्भवत: तत्कालीन राजनीतिका शक्तिशाली व्यक्तित्व भएका अंशुवर्माको जन्मभूमि पुर्व १ नं.खोपासी हुँदा त्यहाँ द्वारोद्घाटन कैलासकूट यात्रा चलाएको हुनमा कुनै शङ्का छैन* (ऐजन : २५२, २५३) भनी यहाँ भृकुटी जन्मस्थान कुर्पासीको महत्वको पुन: स्मरण गरिएको छ । विराट राजाको दरवार (दायाँपट्टिको तस्विर) यसलाई पछि अंशुवर्मा र उदयदेवले भोग चलन गरी यही दरवारमा भृकुटीको जन्म भएको खोपासीका स्थानीय जनमानसमा रहिआएको पाइन्छ । यहाँनिर विराट राजाको दरवारको विषय वा प्रस¨ आएकाले यस सम्बन्धी खोपासीका स्थानीय जनमानसमा रहेका केही तथ्यहरु मननीय देखिन्छन् :

खोपासीमा प्राचिन ऐतिहासिककालीन एउटा विराट राजाको निवास छ । पछि तत्कालीन शक्तिशाली शासक अंशुवर्माले यसलाई आफ्नो निवास बनाए । अंशुवर्माका विश्वासिला र प्रियपात्र उदयदेव तत्कालीन नेपाल दरवारमा इ.सं. ६२४ ताका आफ्ना भाइ भारदारहरुसँग राजनीतिक खटपट शुरु भएपछि यही निवासमा आफ्नी गर्भवती रानी भद्रावती सहित शरणा लिएर बस्न आए, जहाँ राजकुमारी भृकुटीको त्यसै वर्ष (इ.सं. ६२४) मा जन्म भयो । इ.सं. ६३३ ताका भृकुटीको विवाह ल्हासाका (व)स्रोङ(व)त्सन(स)गमपोसँग भइसकेपछि उदयदेव सपरिवार ल्हासा गए । त्यो बेला सो विराट निवासको संरक्षण र उपयोग पहरीहरुले गरे । पछि सातौ शताद्बिमा शंकरार्चाबाट बौद्ध सम्प्रदायमाथि आक्रमण हुँदा सो दरवार पनि आक्रमणको शिकारमापरी क्षेती भयो । सोको गुठी लगेर विराट निवास अर्थात पछिल्लो कालखण्डमा अंशुवर्माको सो निवासलाई नरसिंह मोठमा परिवर्तन गरेर शंकराचार्य संग आएका पुरीहरुलाई जिम्मा लगाइयो । त्यसपछि मल्लकालमा त्यो गुठीलाई ठेक्कामा लगाए । यो मठ सञ्चालन गर्ने अन्तिम ठेकेदार साँगाको नेवार थिए । त्यसछि रणद्बिप शमशेरले महतहरुलाई ठेक्का दिए । त्यो मठलाई जंगबहादुर राणाले इ.सं. १९२५ मा गिरी परिवारलाई दिए । तर त्यहाँ खटिएका गिरी परिवारको सन्तान नभएपछि पछि भारती आए । हालका रामेश्वर भारती सहित तिन पुस्ता भारतीहरुले ब्यबस्थापन गर्दै आइरहेका छन् । दैनिक पुजारीको काम गिरीहरुले गर्दै आएका छन् । पुजारी जंङ्ग बहादुरको पाला देखी फेरिए । यो ऐतिहासिक पुरातात्विक निवास विभिन्न समयमा आएका शक्तिशाली भूकम्पमा परेर जीर्ण भएकाले पटक पटक त्यो निवासको जीर्णोद्धार गरिदै आएको छ । हाल यो निवासको पुरातत्वबाट पुनर्निर्माण कार्य भइरहेको छ ।

*'लिच्छवि राजा शिवदेव प्रथमको पालामा वैष्णव धर्म अनुयायी एक शक्तिशाली मान बर्माका छोरा अंशुबर्मा कुर्पासीका प्रशासकमा आए । उनी तेजस्वी, बुद्धिमान र शक्तिमान भएकोहुँदा लिच्छवी राजा शिवदेव प्रथमले अंशुबर्मालाई आफ्नी छोरी दिई ज्वाइँ बनाएर*

*कुर्पासीको शासनभार जिम्मा लगाए'* (उलक २०७३ : ४६) । जगदीशचन्द्र रेग्मीले 'प्राचीन नेपालको राजनीतिक इतिहास' मा यसरी उल्लेख गर्नुभएको छ : *'खोपासीको अभिलेख ( इ.सं. ५९८) मा प्राचीन नेपालको प्रशासनिक आदेर्श प्ष्टिएको देखिन्छ । यसमा अंशुवर्मनले बिन्ती चढाएअनुसार शिवदेवले कूर्प्पासी गाउँ (आधुनिक खोपासी) को भेकमा सबै अड्डाखाना (अधिकरण) हरुले प्रशासनिक काम हेर्न नपाउने आदेश दिएको बयान गरिएको छ'* (रेग्मी २०५३ : १२७) । *अड्डाखानाहरुको साटो थानी काम 'स्वतलस्वामि' को अर्धसरकारी पदाधिकारीले हेर्नुपर्दछ भन्ने व्यवस्था पनि यसमा चर्चिएको छ । उक्त ठाउँका रैतीहरुले त्यतिबिदि प्रशासनिक सुविधाको साटो 'द्वारोद्‌घाटन' र 'कैलासकूटयात्रा' को औसरमा सेतो माटो पुर्‍याउनु पर्दथ्यो* (ऐजन) । यसबाट शिवदेव प्रथम, अंशुवर्मा र खोपासी प्रशासन सञ्चालनबीचको राजकीय र प्रशासनिक सम्बन्धको अवस्था कस्तो थियो भन्ने स्पष्ट हुन्छ । उदयदेव र नरेन्द्रदेवबीचको नाता सम्बन्धको बारेमा पनि यी वाक्यांशहरुले यसरी मुख खोलेका छन् :*'जयदेवको पशुपति-अभिलेखको लिच्छवि-वंशावलीमा नरेन्द्रदेवका बाबुको रुपमा चर्चिएका उदयदेव सम्भवत: शिवदेवकै छोरा थिए, तर बाबुका सेखपछि लगत्तै उनले गद्दीमा बस्न पाएको देखिँदैन'* (ऐजन : १३१) । यसबाट शिवदेव प्रथमका छोरा उदयदेव, उदयदेवका छोरा नरेन्द्रदेव रहेको वंशजको नाता प्रमाणित भएको देखिन आउँछ । यसलाई माथि पनि प्रस्तुत गरिसकिएको छ । त्यसो हो भने नरेन्द्रदेवकी बहिनी भृकुटी हुँदा उदयदवकी छोरी किन नहुन? यहाँनिर पुनः उही अनुसन्धान प्रश्न दोहोरिन्छ । सिल्भा लेभीले औंल्याएको चीनियाँ वृत्तान्तलाई उधृत् गर्दै जगदीशचन्द्र रेग्मीले यस्तो लेख्नुभएको छ ।

: *'नरेन्द्रदेवका बाबु (उदयदेव) लाई उनका भाइले सिंहासनबाट हटाएका थिए । यो थितिमा नरेन्द्रदेव भागेर तिब्बत गई शरणार्थी भएर बसेका थिए'* (ऐजन : १५१) । यो वाक्यांशले के भन्छ भने चिनियाँ वृत्तान्तमै नरेन्द्रदेवका बाबु उदयदेव लेखिएको रहेछ भन्ने बुझ्नु पर्ने हुन्छ । प्रस्तुत विराट राजाकालीन दरवार पछि अंशुवर्मा र उदयदेवले भोगचलन गरेका थिए, जसलाई भृकुटी जन्मस्थलको रुपमा लिने गरेको यहाँको जनमानसमा विश्वास रहिआएको पाइन्छ । तर हालको यो दरवारका प्राचीनकालीन समयदेखि नै पटक पटकका भूकम्प आदिका कारणले भत्किएर सोको विभिन्न समयमा गर्दैआएको पुनर्निर्माणपछिको आधुनिक स्वरुप देख्न सकिन्छ । यद्दपि दरवारको झ्याल, ढोकाहरुको प्राचीनता सुरक्षित रहेको यहाँका महन्त रामेश्वर भारतीको धारणा छ ।

ग्रन्थकार धनवज्र वज्राचार्यद्वारा संग्रहित 'लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्यासहित)' मा यस्तो लेखिएको छ : भन्सारचोकको नरेन्द्रदेवको अभिलेखलाई उधृत् गर्दै सो संग्रहले के भन्छ भने, *'अंशुवर्माको अवसानपछि राजा उदयदेव धेरै वर्ष यहाँ टिक्न सकेनन् । उनले आत्मरक्षाको लागि भोटमा शरण लिनुपरेको थियो । उदयदेवका छोरा नरेन्द्रदेव हुन् । पशुपतिको जयदेवको अभिलेखबाट यो कुरा थाहा पाइन्छ'* (वज्राचार्य २०५३ : ४६०) । यसबाट यो बुझ्न सकिन्छ की आत्मरक्षाको लागि भोटमा शरण लिनुपरेको थियो भनेपछि कुन साल उदयदेव भोट जानुभयो ? यो कसैले उल्लेख गर्नुभएको देखिदैन ।

अंशुवर्माको अवसान हुने वित्तिकै उदयदेव धेरै वर्ष यहाँ टिक्न सकेनन् भन्नाले तिब्बत नै गए भन्ने तर्कना कति सही हुन सक्छ ? यदी प्राचीन काठमाण्डौ उपत्यका (चार भञ्ज्याङ्ग) का राजाहरु अंशुवर्मा हुन् वा उदयदेव हुन्, उहाँहरुका लागि विदेश भन्नाले नेपालभित्रै तर चारभञ्ज्या¨ बाहिरका राज्यहरु पनि विदेश हुन सक्छ भन्ने कतिपय विद्वानहरुको तर्क छ । 'लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्या सहित)', २०५३ को पृष्ठ ४६० मा यस्तो वाक्य परेको छ : *'नरेन्द्रदेवको बाल्यकाल विदेशमै बितेको देखिन्छ'* (ऐजन) । यसले उपत्यकाको चार भञ्ज्याङ्ग भन्दा बाहिर तत्कालीन शिवदेव, अंशुवर्माको राजकीय प्रभाव क्षेत्र नाला, बनेपा, कुर्पासी क्षेत्रलाई पनि विदेश नै मान्ने चलन हुन सक्छ ।*'तत्कालीन समयमा पनि खोपासीलाई नेपाल उपत्यकाभन्दा बाहिर पर्ने प्रदेशका रुपमा व्याख्या गरेको देखिन्छ'* ( ऐजन : २७६) । त्यसो हो भने उदयदेव र उनका सपरिवार नेपाल (तत्कालीन काठमाण्डौ उपत्यका) सरहद्को सिमाना छोडेर तत्कालका वर्षहरुमा तिब्बततर्फ (न)नगई अंशुवर्माको राज्य प्रभाव क्षेत्र कुर्पासीको दरबारमा गएर बसेको हुन सक्ने कतिपय इतिहासकारहरुको तर्क छ । जव ई.सं. ६३३ ताका भृकुटीको विवाह भयो त्यसपछि मात्र उदयदेव र नरेन्द्रदेव सन् ६३४ ताका भोट गएको वहाँहरुको अनुमान छ । वहाँहरुको यो अनुमानमा प्रायः अधिकांश विद्वानहरु, कतिपय चीनका लागि नेपाली पूर्वराजदूतहरु र ल्हासाका लागि नेपाली पूर्वमहावाणिज्यदूतहरुको समेत मतैक्य रहेको पाइन्छ । कतिपय मानिसहरु त्यो तर्कको समर्थन गर्दै के प्रश्न गर्नुहुन्छ भने, "भृकुटीलाई विवाह गरेर भोट नपठाइञ्ज्यालसम्म कुन सम्बन्धले उदयदेव र नरेन्द्रदेव सजिलैसँग भोट गए ?" यो सबै तारतम्य चलाख भृकुटीकै योजनाबाट समाधान गरिएको वहाँहरुको दाबी छ ।

### १.२.८. दाइ नरेन्द्रदेवलाई नेपाल दरवारको राज्यसत्तामा पुनःस्थापित गर्ने भूमिकामा बहिनी जुवाइँ

*"According to Chinese sourses, Narendra Deva (Na-Ling-Ti-Po) fled to Tibet after his brother removed his father from the throne. This indicates that it was Uhaya Deva who had been dethroned in this manner" (Regmi 1970, p. 74).* उदयदेव परिवर सहित संकटको घडीमा आफ्नै ज्वाईको भरमा शरनार्थीका रुपमा तिब्बतमा निर्बासित जीवन बिताइ रहेका थिए । युवा नरेन्द्र देव तिब्बती सेना (सुबेदार) मा भर्ती भए भनाई रहेकोछ, साथमा तन्त्र बिद्या पनि सिकेका थिए । सेनामा भर्ती भएपछि उनले आफ्नो पिताको राज्य शक्ति फिर्ता लिन अनेक योजना बनाए । *''तिब्बतमा भएका लिच्छवी राजबंशप्रती सदभाव राख्ने र उदयदेवलाई माया गर्ने बासिन्दाहरु संग निरन्तर सम्पर्क बढाए । उनिहरुलाई एकत्रित गरेर विद्रोहको वाताबरण बनाए, तर केही सीप लागेन .......... समय एकनास हुन्न ..... समय चक्र फेरि एकपटक नरेन्द्र देवको पक्षमा घुम्यो, जसले पेकिङ्ग (तत्कालीन चिनीयाँ राजधानी) र काठमाण्डौ बीच अचानक यस्तो परिस्थिती उत्पन्न गरायो, जुन उनलाई गुमेको राज्य फिर्ता लिने सिँढी बन्यो ..... हर्षबर्धनले पुलकेशिनलाई हराएर दक्षिण भारतमाथि बिजय गर्न चिनीयाँ सम्राटको साथ खोजे ........ घटनाले उनीहरुको बाटो छेक्यो ...... काठमाण्डौका नायवी शासक जिष्णुगुप्ता यस्को बाधक बन्यो । ... दुबै छिमेकी शासकहरु क्रुद्धभए .....*

*युवराज नरेन्द्र देवको निम्ति यो फलाम तात्तेको बेला थियो । (https://www.setopati.com/cover-story/katha-ye:/189886).* मौकाछोपी नरेन्द्र देवले आफ्नो भिनाजु सम्राट स्रङ्ग चङ्ग गम्पोको सहयोगमा २०० तिब्बती सेना तथा भृकुटी र उनिहरुको निर्वासनमा संगै गएका कुर्पासीका केही सहयोगी (पहरी) हरु साथ हालको नाला मुकाम गरि बसे । तिब्बती फौज सहित बसेको उक्तस्थानको नाम "नालिङ्ग" रह्यो र अपभ्रंस हुँदै हाल नाला रहन गयो । तन्त्र बिद्या सिकेर आएका नरेन्द्र देवले नालामा श्रृष्टिकान्त लोकेश्वरको स्थापना गरे जसलाई प्रथम लोकेश्वर पनि भनिन्छ । नालमा बसेर लिच्छवी राजबंशप्रती सदभाव राख्ने र उदयदेवलाई माया गर्ने खोपासी, भक्तपुर तथा अन्य स्थानका बासिन्दाहरुलाई एकत्रित गरे । विद्रोहको वाताबरण तयार भएपछि तिब्बती २०० फौजका साथ करिव २००० जनसेनाको सहयोगले काठमाण्डौमा एकै पटक हमला गरि राज्य फिर्तालिए । लडाईमा भक्तपुरबाट राम्रो साथ पाएको हुदाँ उनले राजधानीलाई भक्तपुर सारे । नरेन्द्र देव नेपालको राजा भएपछि चिनीयाँहरुलाई भारतमा आक्रमण गर्न सजिलो भयो । *"During the reign of the Lichchhavi ruler, Narendra Dev, between 700 and 714 Vikrama, China's Ambassador Wang-Yunche traveled between China and India through Nepal. He has written about King Narendra Dev, his palace, and the lrevailing situation. After the death of Emperor Harsha in 704 Vikrama, Ambassador Wang-Yunche was insulted by Harsha' vessal, Arunashwa. The Chinese Emperor then attacked northern India. In this war, both Nepal and Tibet helped China, according to Chinese accounts, King Narendra Dev of Nepal sent 7,000 cavaltry troops to the aid of China during this war" (Regmi 1970, p. 185)*. यसरी नेपाल र चिनको सम्बन्ध राम्रो उचाईमा पुगेको थियो ।

'लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्या सहित)' मा यस्तो छ : *तर नरेन्द्रदेव साहसी र योग्य व्यक्ति भई निस्के । यसैले आफ्नो पुर्ख्यौली राज्याधिकार फिर्ता लिन नरेन्द्रदेवले उद्योग गर्न थाले । यसमा नेपाली जनताले नरेन्द्रदेवको साथ दिए । यस काममा भोट सरकारबाट पनि उनले मद्धत पाए । यसरी पूरा तयारी गरी उनी अगाडि बढे, भीमार्जुनदेव विष्णुगुप्तको सरकार हटाउन उनी सफल पनि भए । यसरी वसन्तदेवको अन्तिम समयदेखि भने जस्तै शुरु भएको द्वैतशासनको अन्त नरेन्द्रदेवको हातबाट भयो'* ( ऐजन) । यसमा पनि प्रायः अधिकांश इतिहासकारहरु सहमत छन् । कतिपय नेपाली र तिब्बती विद्वान, कूटनीतिज्ञ र महावाणिज्यदूतहरुको अर्को धारणा के पनि पाइएको छ भने सन् ६३४ ताका भोटमा महारानीको रुपमा विराजमान भईसक्नु भएकी भृकुटी र आफ्ना पति राजाको अनुरोधमा उदयदेव र नरेन्द्रदेवलाई तत्कालीन कुर्पासी बाट बोलाई, झिकाइएको थियो । भृकुटी र आफ्ना पति राजाकै अनुरोधमा ९ वर्षपछि सन् ६४३ ताका दाइ नरेन्द्रदेवलाई नेपाल दरवारको राज्यसत्तामा पुनःस्थापित गर्ने भूमिका खेलेका कारण नरेन्द्रदेव सो समयताका नेपाल दरवारमा राजाको रुपमा स्थापित हुनुभएको वहाँहरुको दाबी छ । तर त्यो समयमा भृकुटीका बुवा उदयदेव तिब्बतमै हुनुहुन्थ्यो भन्नेमा पनि वहाँहरु विश्वस्त देखिनु भएको बुझिन्छ । लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्या सहित)' भन्छ : *संवत् ६५ (वि.सं. ६९८) सम्मको भीमार्जुनदेव विष्णुगुप्तको अभिलेख पाइन्छ*

*। संवत् ६७ (वि.सं. ७००) देखि नरेन्द्रदेवका अभिलेख पाइएका छन् । यसरी वि.सं. ६९८ र ७०० को बीचमा नरेन्द्रदेवले यो क्रान्ति गरेका थिए भन्ने देखिएको छ । वि.सं. ७०० मा चीनियाँ राजदूत वाङ्युन्चे यहाँ आउँदा गद्दीमा नरेन्द्रदेव थिए । यताबाट पनि नरेन्द्रदेवको राज्यारोहणको समयको अन्दाज गर्न सकिन्छ । नरेन्द्रदेवले ३६ वर्षभन्दा बढी लामो कालसम्म स्वतन्त्र रुपमा स्वयं शासन चलाए* (ऐजन) । त्यसैगरी भन्सारचोकको नरेन्द्रदेवको अभिलेखलाई उधृत् गर्दै सो संग्रहले यसरी उल्लेख गरेको छ : *अंशुवर्मापछि गद्दीमा बसेका उदयदेव पनि 'महाराजाधिराज' कहलाए । तर उनीपछिका ध्रुवदेव भीमार्जुनदेव महाराजाधिराज कहलाएनन् । उनीहरुको पद महाराज मात्र रह्यो । गुप्त आभीरहरुलाई हटाइ शासनाधिकार आफ्नो हातमा लिएपछि नरेन्द्रदेवले चाहिँ महाराजाधिराज पद नै लिए । यसपछि उनका उत्तराधिकारीहरु पनि महाराजाधिराज नै कहलाए । यसरी स्वयं राम्ररी शासन चलाउने प्रसिद्ध लिच्छवि राजामा मानदेवपछि नरेन्द्रदेव नै पर्दछन्'* (ऐजन : ४६१) । साथै 'लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्यासहित)' ले यसो पनि भन्छ : यस संग्रहले वटुक भैरवको अभिलेखलाई उधृत गर्दै, *यस अभिलेखको शिरोभागमा धर्मचक्र र मृग अंकित गरिएका हुँदा बौद्धधर्मसंग यसको सम्बन्ध रहेको अनुमान हुन्छ । यसमा संवत् ८९ देखिन्छ । यस कारण यो अभिलेख नरेन्द्रदेवको हो भन्ने निश्चित छ । यस अभिलेखमा भद्राधिवास शब्द उल्लेख आएको छ । शायद यस शब्दले नरेन्द्रदेवले बनाउन लाएको नयाँ दरबारलाई लक्ष्य गरेको हुन सक्छ । किनभने यसको लगत्तै पछिका नरेन्द्रदेवका सनदपत्रहरु भद्राधिवास भवनबाट जारी गरिएका पाइन्छन् । नरेन्द्रदेवले आफ्ना नयाँ दरबारको नाम भद्राधिवास किन राखे, यो विचारणीय छ* (ऐजन : ४९१) । यस वाक्यको मनोवैज्ञानिक चर विचार गर्दा गोपाल शिवाकोटीले अघि सार्नुभएको मतबाट निवारण हुन सक्ने कतिपय अनुसन्धानकर्ताहरुको रायमा सहमत हुन सकिन्छ । वहाँहरुका अनुसार नरेन्द्रदेवकी आमा भद्रावतीको नामबाट 'भद्राधिवास' दरवार निर्माण गरी नामाकरण गरेको र 'भद्रासन' शब्दले राजगद्दीलाई बुझाएको हुन सक्ने वहाँहरुको धारणा छ । साथै भृकुटीका दाजु नरेन्द्रदेवकै प्रसङ्गमा अर्को मननीय तथ्य यो पनि छ की, *'नरेन्द्रदेवले व्यक्तिगत रुपमा शैव धर्मप्रति आस्था देखाए तापनि विभिन्न धर्मप्रति नरेन्द्रदेवको उदार नीति रहेको थियो । शैव सम्प्रदायलाई जस्तै वैष्णव, बौद्ध आदि धार्मिक सम्प्रदायलाई उनले उत्तिकै प्रोत्साहन दिएको घटनाबाट उक्त कुरा थाहा पाइन्छ'* (पूर्ववत् : ४८८) ।

## अध्याय : दुई

## २.१. भृकुटी-(व)स्रोङ(व)त्सन(स)गमपो कूटनीतिक वैवाहिक सम्बन्ध

राजा अंशुवर्माको शेषपछि, राजा उदयदेवकी छोरी भृकुटीको विवाह उत्तरी सँधियार भोट (तिब्बत) का तत्कालीन राजा (व)स्रोङ(व)त्सन(स)गमपोसँग भएको प्रमाणिक इतिहास छ ।*'भृकुटी विवाह गरेर भोट गएको कुराबारे तिब्बती वंशावलीमा उल्लेख पाइन्छ'* (थापा २०७९ : ४८) । यस सन्दर्भमा लिईएको एक स्थलगत मत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार ९७.७७ प्रतिशत उत्तरदाताले भृकुटीको विवाह ल्हासामा भएको थियो भन्ने मत प्रकट गरेको पाइन्छ (परिशिष्ट १) । तर यहाँनिर के बुझ्नु पर्छ भने तिब्बती स्रोतहरुका अनुसार भृकुटीको विवाह ल्हासामा भएतापनि वहाँलाई विवाह गरेकै वर्ष तत्कालीन चीनका सम्राट समक्ष दर्शन भेटका लागि राजधानी सियानमा पुऱ्याएर दर्शनभेट पछि तिब्बत ल्याइएको थियो भन्ने बुझिन्छ ।


तर कतिपय नेपाली विद्वानहरु के प्रश्न गर्नु हुन्छ भने नेपालमा 'भृकुटी' नाम गरेकी राजकुमारी नै थिइनन्, तिनी त काल्पनिक पात्र मात्र हुन् । यदी थिइन् भने कहाँ थिइन् ? तर यस पुस्तकमा भृकुटी काल्पनिक पात्र होइनन्, तिनी नेपालकी एक राजकुमारी थिइन् जो पछि तिब्बतकी महारानी बन्न पुगिन् भन्ने पक्षबाट वकालत गरिएको यहाँहरु सबैलाई जगजाहेर नै छ । आगामी शोधकर्ताहरुका लागि अझै पनि यस्ताखाले प्रश्नहरुको उत्तर खोज्ने आधार निर्माण हुन सक्दछ । पुनम राज्यलक्ष्मी राणाले आफ्नो आलेख *"Role of Bhrikuti (Bhelsa Tritsun) in Spread of Buddhism)"* शीर्षकमा तिब्बती स्रोतलाई उधृत् गर्नुहुँदै *"Bhrikuti's marriage in Ka Khol Ma Tibetan Manuscript"* सहायक–शीर्षक दिएर भृकुटीको विवाह *Ka Khol Ma* अर्थात् तिब्बती भाषामा राजा (व)स्रोङ(व)त्सन(स)गमपोसँग गर्नुभएको अर्थ बोध गराउनु भएको छ । लेखिका राणाले तेन्जिन लोब्साङको आलेखलाई उधृत गर्नुहुँदै (व)स्रोङ(व)त्सन(स)गमपोका विश्वासिला मन्त्रीद्वय थोनमी साम्भोटा र गारतोङ त्सेनको सहयोगमा (व)स्रोङ(व)त्सन(स)गमपोले सपनामा देख्नुभएको नेपालकी राजकुमारी कन्या भृकुटीलाई आफ्नो राजाको रानी बनाउन ल्याउने आदेश पाएपछि सो अनुसार अन्ततः भृकुटी तिब्बती राजा (व)स्रोङ(व)त्सन(स)गमपोकी जेठी रानी हुनुभएको आशय वहाँको आलेखमा प्रस्तुत भएको पाइन्छ । त्यसपछि तिब्बती मन्त्रीहरु नेपाल आउँदा कुन बाटो भएर आउनुभएको थियो भन्नेसम्मका तथ्यहरु यस्ता छन् : *'सन् ६१८ तिर लिच्छवी राजा अंशुवर्माले उत्तरतर्फका नेपाली भञ्ज्याङ्गहरु कुती र केरुङबाट नेपाल-तिब्बत (चीन) बीच औपचारिक रुपमा व्यापारिक सम्बन्धको सुरुवात गरेका थिए'* (कार्की २०७५ : २१) । *यसअघि नेपाल-तिब्बत बीच दोहोरो आवतजावत गर्ने यी पर्वत, उपत्यका, भञ्ज्यां, गल्छी र खोंचहरु विकट मात्र हैन, निकै लामो समयसम्म अज्ञात अवस्थामा रहेका थिए ।*

*अंशुवर्माले स्थापना गरेको यो सम्बन्धलाई उनीभन्दा पछिका राजा उदयदेवले आफ्नी छोरी भृकुटीको विवाह तिब्बती राजा श्रङचङ गम्पोसित गरिदिएर नेपाल-तिब्बतबीचको सम्बन्धलाई थप गाढा बनाएका थिए* (ऐजन) । त्यसैगरी जगदीशचन्द्र रेग्मीद्वारा लिखित कृति 'प्राचीन नेपालको राजनीतिक इतिहास' ले पनि यसो भन्छ : *'उदयदेवले तिब्बती राजा स्रोंग-चन् गम्पोलाई छोरीको बिहे गरिदिएर उतातिर सम्बन्ध बनाएकोले नै उनका छोरा नरेन्द्रदेवले तिब्बतमा राजकीय सहायता पाउन सकेको देखिन्छ । तिब्बती राजा स्रोंग-चन् नरेन्द्रदेवका नातेदार नभएका भए पछिल्लाले त्यसरी सहयोग पाउन सक्ने सम्भावना व्यक्त्याउन सकिँदैन'* (रेग्मी २०५३ : १५२) । यो तथ्यले उदयदेव र भृकुटीबीच बुवा, छोरीको वंशजको नाता सम्बन्ध रहेको र उदयदेवले नै छोरी भृकुटीलाई तिब्बतका राजासँग विवाह गराइदिइ पठाउनु भएको सन्दर्भलाई स्पष्टरुपमा मुख खोलेको पाइन्छ । यसलाई विस्तृतरुपमा देहायमा बमोजिम स्पष्ट पार्ने प्रयत्न गरिएको छ :

*...अंशुवर्मनले सर्वप्रथम तिब्बतसँग सम्बन्ध थालेका थिए । त्यही परिप्रेक्ष्यमा उदयदेवले यो बिहेसम्बन्ध गरेको अड्कल्न सकिन्छ । उदयदेवले गरेको यो बिहे-सम्बन्धबाट नेपालको राजनीतिक र आर्थिक बाहेक सांस्कृतिक इतिहासमा पनि महत्वपूर्ण प्रभाव परेको देखिन्छ । राजनीतिक रुपमा त उदयदेवकै छोरा नरेन्द्रदेव तिब्बती राजाको सहयोग पाई आफ्नो पुर्ख्यौली राज्यमाथि अधिकार जमाउन सफल भएका थिए, जसबाट नेपालको इतिहासमा महत्वपूर्ण मोड आएको थियो । आर्थिक क्षेत्रमा पनि उदयदेवले तिब्बतसँग गरेको यो सम्बन्धले पछिका युगसम्म पनि ठूलो प्रभाव पारेको थाहा पाइन्छ । यो सम्बन्धबाट सांस्कृतिक क्षेत्रमा त झन् धेरै राम्रो प्रभाव पारेको थाहा पाइन्छ । यो सम्बन्धबाट सांस्कृतिक क्षेत्रमा त झन् धेरै राम्रो प्रभाव पारेको थाहा पाइन्छ । उदयदेवकी छोरीलाई तिब्बतमा भृकुटी अथवा हरितताराको रुपमा मानेर पुज्न थालिएको थियो । तिब्बतमा बौद्धधर्म लोकप्रिय पार्ने काममा यिनैको धेरै देन रहेको देखिन्छ* (ऐजन) । यसरी जगदीशचन्द्र रेग्मीले पनि आफ्नो पुस्तक 'प्राचीन नेपालको राजनीतिक इतिहास' मा उदयदेवकी छोरी भृकुटी, छोरा नरेन्द्रदेवादिको किटानी गरेरै नाता सम्बन्धबारे प्रष्टोक्ति दिनुभएको पाइन्छ । यहाँनिर 'नेपाल-भोट चीन सम्बन्ध' को इतिहासमा अर्को एउटा सैनिक कुटनीतिक प्रस¨ पनि उल्लेख गर्दा सान्दर्भिक हुन सक्छ : *'चीनले नेपाललाई सन् ६३० मा एक स्वतन्त्र राज्यको मान्यता दिई भृकुटीका दाजु नरेन्द्रदेव र तिब्बती राजा (व)स्रोङ(व)त्सन(स)बीच 'पहिलो प्रतिरक्षा सैनिक सहयोग तथा व्यापार-पारवहन सन्धि' गरेपछि तिब्बतको दक्षिणपट्टिको सीमालाई नेपालले सुरक्षित गर्नुपर्ने व्यवस्थासाथ नरेन्द्रदेवलाई तिब्बती सेनाको 'सुवेदार' पद दिएको पाइन्छ'* (थापा २०७७ : ११७) । त्यसकारण *'नेपाल र तिब्बतबीच सन् ६३० मा सम्पन्न पहिलो प्रतिरक्षा सैनिक तथा व्यापार-पारवहन सन्धिले सुरक्षासँग विकासको अवधारणा जोडिएको हुन्छ भन्ने मूल्य मान्यता विकास गरेको छ'* (थापा सन् २०२१ : ७९) । यसरी 'नेपाल-भोट चीन' को प्रतिरक्षा प्रणालीको इतिहासमा यो साधारण सम्बन्ध होइन । नरेन्द्रदेव र भृकुटी दाजु बहिनीको कारणबाट 'नेपाल-भोट चीनको' ऐतिहासिक सम्बन्ध नै कसिलो बनेको देखिन्छ ।

वास्तवमा यो ऐतिहासिक व्यवहारले दुई देशीय पक्षीय सम्बन्धमा आधुनिक समाज निर्माणवादी सिद्धान्तको धार पक्रिने गरी ऐतिहासिक जग निर्माण भएको पाइन्छ । चीनविद् निरञ्जन भट्टराईद्वारा लिखित 'चीन र त्यससित नेपालको सम्बन्ध (वि.सं. २०१८)' को पृष्ठ १०१ मा उल्लेख गर्नु भएको *'भृकुटीलाई भोट पठाएपछि त्यहीँ नेपाल र चीनको पहिलो मेल भएको थियो'* (भट्टराई वि.सं.२०१८) भन्ने वाक्यांशलाई मनन् गर्दा पनि राजनीतिकरुपमा भोट चीनसँग नेपालको घाहा (सम्बन्ध) कसिएको थियो भन्ने टुङ्गोमा पुग्न थप सहयोग गर्दछ । नेपालको आधुनिक एकीकरणकालीन समयमा पृथ्वीनारायण शाहले पनि तत्कालीन भाइ भारदार, योद्धाहरुलाई दिव्योपदेश दिनेक्रममा *'चीनसँगको सम्बन्धमा चीन बादसाह सित ठुलो घाहा (सम्बन्ध) राषनु'* ('दिव्योपदेश' २०७७ : १६) भनेको मामुली तथ्य होईन । यो तथ्यको पछाडि पनि भृकुटी र (व)स्रोङ(व)त्सन(स)गमपोको वैवाहिक सम्बन्धको पद्चाप त्यसयताको नेपाली राजनीतिमा परेको हुन सक्ने विचार राख्न सकिन्छ ।

## २.२. (व)स्रोङ(व)त्सन(स)गमपोले आफ्नो तान्त्रिक ध्यानमा देख्नुभएको भृकुटी


GENERAL SCHOOL XYLOGRAPH
Short Title BSRON BTSAN SGAM PO GSUN 'BUM
NEPAL-GERMAN MANUSCRIPT PRESERVATION PROJECT
Place of Deposit: RAMSHAPATH Private: NATIONAL ARCHIVES MS NO.
Subject: BKA' 'BUM Vol. Ka Running No. 1826
TITLE (acc. to Colophon Catalogue):
1. CHOS SKYON BA'I RGYAL PO BSRON BTSAN RGAM PO'I BKA' 'BUM LAS SMAD KYI CHA THOG MAR BLA MA RGYUD PA'I GSOL 'DEBS KYI LO RGYUS SOGS BZUGS SO
2. CHOS... ,,.... SGAM PO'I THUGS RJE CHEN PO'I SGRUB THABS KYI CHOS SKOR
Fols:- 220+107=327
AUTHOR: BSRON BTSAN SGAM PO
No. of leaves: 327 Incompl. Size in cm: 8.5X48 Reel No.
Date of filming: 6.9.93 Script:—Nagari—Newari —Tibetan—Maithili
Remarks: paper—palmleaf, damaged by moths—rats—breaking—others:
Paper: Nepali—Indian—mill-made, loose—Thyasaphu—bound
Date: NS VS Shaka LS Colour: Colour Slide No.
AT 167/4

(व)स्रोङ(व)त्सन(स)गमपोले आफ्नै हातले लेख्नु भएको विश्वास गरिएको तिब्बती 'मणि काबुम भोलुम क' (माथिको तस्विर, जुन अहिले राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ) का अनुसार तिब्बतका तत्कालीन तान्त्रिक राजा *"(व)स्रोङ(व)त्सन(स)गमपोले गर्नुभएको एक ध्यानमा एउटा प्रकाश नेपालमा, अर्को प्रकाश चीनमा गएको देख्नुभएको उल्लेख छ । नेपालका राजा 'होस्यार गोचा'* (Odzer Gocha or 'oi zer') वा *(तिब्बती भाषामा 'प्रकाश' अर्थात् 'उदयदेव') को एक छोरी 'ल्हाच्चिग ठ्रित्सुन' १६ वर्षकी थिइन्"* (थापा २०७९ : २७) । एक जना तिब्बती भाषा अनुवादक वुरिङ चेनका अनुसार : *तिब्बतको भाषामा 'ल्हाच' भनेको 'देवी' र 'च्गि' भनेको 'एक' हो । 'ल्हाच्चिग ठ्रित्सुन' भनेको 'रातो र सेतो रुप' हो अर्थात् 'एक जना देवी सर्वगुणसम्पन्न छिन्'* (ऐजन) भनी भृकुटीलाई जनाइएको दाबी गर्नुभएको छ ।*"थाङ थाइचाङ् लि शिमिन' (चिनियाँ उच्चारणमा 'थाइ चाङ्' अथवा नेपाली उच्चारणमा 'ताइजोङ' की छोरी 'वेङचेन कोङ्चो' पनि १६ वर्षकी छिन्"* (गमपो : X15) । यसरी हेर्दा विभिन्न अन्तरदेशीय अनुसन्धानकर्ताहरुको धारणा के पाइन्छ भने वास्तवमा तिब्बती राजा (व)स्रोङ(व)त्सन(स)गमपोले सपना देख्नुभएको समय (इ.सं. ६३२ ताका) वहाँ

आफु १६औं वर्षको जैविक उमेर (वाइलोजिकल वर्थ्) को चरणमा हुनुहुन्थ्यो । तर विभिन्न अध्ययनले के देखाएका छन् भने चिनियाँ (तिब्बती) क्यालेण्डर अनुसार तिब्बती राजा (व)स्रोङ(व)त्सन(स)गमपो आफ्नी आमाको गर्भमा आइसकेपछि नै वहाँको उमेर १ वर्ष गणना गर्नुपर्ने संस्कार भएकाले त्यसलाई नेपाली पक्षले आधार मान्ने हो भने इ.सं ६३२ ताका (व)स्रोङ(व)त्सन(स)गमपोको वाइलोजिकल एज् १६ वर्षको हुन आउने देखिन्छ । तर त्योबेला न त नेपाली राजकुमारी भृकुटी १६ वर्षकी हुनुहुन्थ्यो न त चिनियाँ राजकुमारी वेङचेन कोङ्चो १६ वर्षकी हुनुहुन्थ्यो । त्योबेला भृकुटी ९ वर्षको जैविक उमेरको चरणमा हुनुहुन्थ्यो । यसरी भोट चीनको क्यालेण्डरमा शिशु (बच्चा) आमाको गर्भमा आएको शुरु समयदेखि गर्भाशयमा रही पैदा नभएसम्मको अन्तिम समयसम्म १ वर्ष मानिने संस्कारलाई नेपालीले फेरि पनि आधार मान्ने हो भने (व)स्रोङ(व)त्सन(स)ले ध्यान गर्नुहुँदाको समय (इ.सं. ६३२) मा भृकुटी (जन्म इ.सं. ६२४) को जैविक उमेर ९ वर्षको मान्नु पर्ने हुन आउँछ । जब (व)स्रोङ(व)त्सन(स)गमपोले ध्यान गर्नुभएको बेला भृकुटीको उमेर ९ वर्षको देखिन आउँछ भने उमेरले भृकुटीभन्दा चीनियाँ राजकुमारी वेङचेन कोङ्चो उसै पनि कान्छी हुनुभएकीले (व)स्रोङ(व)त्सन(स) ले इ.सं. ६३२ ताका तान्त्रिक ध्यान गर्दा देख्नुभएको दुवै रानीहरुको एउटै उमेर १६ वर्षको कसरी हुन सक्छ ? यो पनि नवीनतम् खोज अध्ययनको विषयवस्तु बनेको छ । यस सन्दर्भमा लिईएको एक स्थलगत मत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार ९१.११ प्रतिशत उत्तरदाताले भृकुटीको विवाह ९ वर्षको उमेरमा भएको थियो भन्ने मत प्रकट गरेको पाइन्छ (परिशिष्ट १) ।

तिब्बती राजा (व)स्रोङ(व)त्सन(स)गमपो तन्त्र विद्यामा पारङ्गत हुनुभएकाले नेपाली राजकुमारीसँग विवाह गर्ने निर्णय बारे वहाँ आफैले साइत् जुराउनु भएको कतिपय तिब्बती स्रोतहरुबाट थाहा हुन आएको छ । तिब्बती राजा (व)स्रोङ(व)त्सन(स) ले पश्चिम तथा मध्य-तिब्बत क्षेत्रलाई एकीकरण गरी बलियोरुपमा एकत्रित गरेलगत्तै नेपाली राजकुमारी भृकुटीसँग विवाह गर्ने अठोट गर्नु भइसकेपछि त्यो वर्ष (व)स्रोङ(व)त्सन(स) को मन, मस्तिष्क र कार्य-व्यवहार (मनोविज्ञान) भित्र विवाहको पूर्वतयारी समेत गर्नुपर्ने धारणाको विकास भएकाले तिब्बती राजाको ध्यान त्यसतर्फ केन्द्रित हुन थालेको बुझिन्छ । यसलाई देहायमा उल्लेख गरिएको तथ्यले खुलासा गरेको छ : *'(व)स्रोङ(व)त्सन(स)ले सन् ६३२ मा जंगल क्षेत्रमा एउटा किल्ला बनाइ नदी मार्गहरु सफा गर्न लगाइ गुम्बाहरु निर्माण गराए । यसरी ल्हासाको आधारशीला खडा गरी स्थापना गरेको एउटा शक्तिशाली तिब्बत (ट्युवो) अधिराज्य भृकुटीसँग विवाह गर्नुभन्दा करीब १ वर्षअगाडि पूर्वसन्ध्याकालमा सम्पन्न गरेको बुझिन्छ'* (थापा २०७९ : २९) । यस लगत्तै उनले आफ्ना मन्त्रीहरुलाई लमी दूतका रुपमा नेपाली राजकुमारी भृकुटीको हात माग्न नेपालमा पठाउने निर्णय गरे । सोहीअनुरुप (व)स्रोङ(व)त्सन(स) १६ वर्षको उमेर, भृकुटीको ९ वर्षको उमेरछँदा सन् ६३३ मा सो विवाह सम्पन्न भएको विभिन्न घटनाक्रमहरु, नेपाली तथा तिब्बती स्रोतहरुबाट खुलेका छन् ।

नारीको रजस्वला हुनुअगावै विवाह गरिदिने परापूर्वकालीन प्रचलन पनि थियो । वैदिक प्रणालीको स्वस्तानी ब्रत कथामा शिव शर्मा ब्राम्ह्णले ७ वर्षकी गोमासँग विवाह गरेको प्रसङ्ग पनि छ । यसरी उमेरलाई आधार मान्दा भृकुटीको ९ वर्षमै विवाह हुनु अचम्म होईन । यसै सिलसिलामा 'मणि काबुम क' अनुसार *तिब्बती विवाह प्रतिनिधिमण्डल भृकुटीको हात मागी तिब्बत लैजान नेपाल आएको समय सन् ६३२ अटम महिनाको ८ गते अर्थात् शरद ॠतु (आश्विन/कार्तिक) ताका पर्न आउँछ । '(व)स्रोङ(व)त्सन(स)का मन्त्रीद्वय गार (घार) तोङत्सेन युलसुङ, थोनमी साम्भोटा लगायतका विवाह प्रतिनिधिमण्डल वि.सं.६८९ मंसिरको तेस्रो (डिसेम्बर ६३२ को अन्तिम) हप्तातिर केरुङ-रसुवागढीहुँदै नेपाल आइपुगेको अनुमान गर्न सकिन्छ । यता, कतिपय स्रोतहरुले उदयदेवलाई सन् ६२३, ६२९, ६३१/३२ ताकाको समयमा राजगद्दीसीन राजाको रुपमा रहेका विभिन्न मितिहरु पनि उल्लेख गरेको पाइन्छ । उता, तिब्बती जनताले आफ्नो राजाद्वारा नेपाली राजकुमारी भृकुटीसँग विवाह गरिएको वर्ष र चिनियाँ सम्राटकी छोरीसँग पनि विवाहको लागि पहिलो प्रस्ताव पठाएकै वर्ष सन् ६३३ मा ल्हासालाई राजधानी शहरको रुपमा प्राप्त गरेको तिब्बती स्रोतहरुबाट बुझिन्छ* (ऐजन : २९, ३०) । यसरी नेपाल र भोट तिब्बतको सम्बन्धमा इ.सं. ६३३ को विशेष महत्व रहेको तथ्य यो शोधार्थीद्वारा लेखिएको 'भृकुटी (भेल्सा/ल्हाच्चिग ठ्रित्सुन) : एक अध्ययन' मा खुलाइ सकिएको छ । त्यसैगरी देहायमा बमोजिम उल्लेख गरिएको शोधाङ्क : उन्नाइसमा पनि सोको संक्षिप्तरुपमा पुनरावलोकन गरिएको छ ।

## २.३. विवाहको समय सन्दर्भ

*'भृकुटीलाई नेपालबाट अन्माएर लगेको समय अनुमान गर्दा वि.सं. ६८९को पौष/माघ/फागुन (जनवरी, फेब्रुअरी, मार्चको मध्य समय ६३३) सम्म नेपालमा बाक्लो हिँउ पर्नेभएकाले त्योबेला नेपालबाट तिब्बतमा बेहुली लैजान सम्भव देखिदैन'* (थापा २०७९ : ३२, ३३) । *त्यसपछि वि.सं. ६८९चैत्रको तेस्रो हप्ता (मार्चको अन्तिम अप्रिलको शुरु ६३३) ताका भृकुटीलाई नेपालबाट अन्माइ तिब्बततर्फ पठाएको हुन सक्ने देखिन्छ । वि.सं. ६९० असारको तेस्रो हप्ता (जून/जुलाइ ६३३) ताका करीब ३ महिना (९० दिन जति) को बाटो हिंडेर (तेजिला तिब्बती-तुर्किस हुलाकी एवम् सैनिक घोड सवारबाट, कतिपय अप्ठयारा ठाउँहरुमा भृकुटीलाई पैदल हिंडाएर, कतिपय घोडाले लडाउन सक्ने ठाउँहरुमा सेतो गधा वा खच्चरबाट सवार चलाइ ल्हासा पुऱ्याइएको अनुमान लगाउन सकिन्छ । त्यसपछि ल्हासाबाट सियानसम्मको सवारीका लागि बाँकी थप १०० दिनभन्दा बढी लागेको हुनुपर्छ । यसरी हेर्दा ल्हासाबाट भृकुटीविनाको तिब्बती विवाह प्रतिनिधिमण्डललाई नेपाल आउँदाको बाटोम्याद करीब ६०/६५ दिन लागेको हुन सक्छ । तर भृकुटीसहितको सवारीलाई नेपालबाट तिब्बत लैजाँदा लाग्ने बाटोम्याद कम्तिमा १५/२० दिन बढी लाग्न सक्छ । अतः भृकुटी करीब ७५/८० दिनभन्दा बढीको समयमा ल्हासा पुग्नुभएको हुन सक्छ* (ऐजन) । ल्हासाका लागि नेपालका पूर्वकन्सल जनरल वासुदेव

शर्मा 'तुफान', *"भृकुटी नरेन्द्रदेवकी बहिनी हुन् र तिब्बतवासीहरुले मलाई ल्हासामा राजधानी सारेको बेलामा भृकुटीको विवाह भएको सुनाउँथे"* (शर्मा २०७६ : अन्तरवार्ता) । एक तिब्बती द्वितीयक स्रोतले यसो भन्छ :*...After moving the capital to Lhasa (known as Luoxie in history) in 633, Songtsan Gambo concluded a marriage contract with the Tang Dynast'* (Zhang 2018 AD : 100). (व)स्रोङ(व)त्सन(स) ले सन् ६३३ मा ल्हासामा राजधानी सारेपछि थाङ राजवंशसँग विवाह सम्झौता गरे (ऐजन) । यसरी तिब्बतबासीहरुले वासुदेव शर्मालाई सन् ६३३ मा ल्हासामा राजधानी सारेको बेला भृकुटीको विवाह (सन् ६३३ मा) भएको प्राथमिक र द्वितीयक स्रोतहरुको तथ्यांक मेल खाएको पाइन्छ । यस सन्दर्भमा लिईएको एक स्थलगत मत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार ९२.२२ प्रतिशत उत्तरदाताले भृकुटीको विवाह इ.सं. ६३३ मा भएको थियो भन्ने मत प्रकट गरेको पाइन्छ ( परिशिष्ट १) । त्यसरी तिब्बत पुगेपछि भृकुटीले नै खोपासी दरबारमा बस्दैआएका आफ्ना बुवा उदयदेव र दाजु नरेन्द्रदेवलाई ल्हासा आउने कूटनीतिक खबर धार्मिक दूतहरुमार्फत पठाइ झिकाएको तिब्बती स्रोत र जनश्रुतीबाट प्रष्ट हुन्छ ।

मीनबहादुर शाक्यका अनुसार : *'...सन् ६३३ मा तिब्बती राजा (व)स्रोङ(व)त्सन(स)गमपोले नेपाली राजकुमारी भृकुटीसँग विवाह गर्नुभयो र चिनियाँ राजकुमारी वेङचेन कोङचोसँग सन् ६४१ मा विवाह गर्नुभयो'* (शाक्य सन् २००९ : २) । *......The marriage to Belsa may have taken place between 632 and 634Ú* (Smith 1989 AD : 61). यसरी स्मिथले पनि उल्लेख गरेजस्तै वेल्सा (कतिपयका अनुसार भेल्सा) अर्थात् भृकुटीको विवाह सन् ६३२ र ६३४ को बीचमा भएको तथ्यलाई मनन् गर्दा विवाह भएको वर्ष सन् ६३३ सँग मेल खाएको देखिन आउँछ । तिब्बती आचार्य कृति टुल्कु लोब्शाङ तेन्जिनले (व)स्रोङ(व)त्सन(स)को विवाह सन् ६३२ मा 'ह्वे स्यार गोचा' की छोरी भृकुटीसँग भएको उल्लेख गर्नुभएको छ (...आजको तिब्बत' सन् २०२२, वर्ष १५ अंक २ : ६०) । पुष्पराज चालिसेले 'नेपालको पुरानो इतिहास र सभ्यता' नामक कृतिमा यस्तो लेख्नु भएको छ : *'डे मिलोइले यो विहे भएको घटना ६२८ वा ६३१ ई. भएको विचार व्यक्त गर्नुभएको छ । अर्का विद्वान एस.सी.दास र वाडेलले चाहीं यो घटना ६४१ ई. को मान्नु भएको छ'* ( चालिसे २०४८ : ७५) । *यसरी विद्वानहरुद्वारा आजसम्म दिइएको भृकुटीको विवाहको तिथि ६२८ देखि ६४१ ई. बिच देखिन्छ । तर अंशुवर्माको शासन काल ६२१ ई. सम्म मानिएको छ* (ऐजन) । त्यस्तै एक अर्को तिब्बती स्रोतले टुबो त्सेनपो सोङत्सेन ग्याम्पोले सन् ६३३ मा नेपाली राजकुमारी भृकुटीदेवीसँग विवाह गर्नुभएको तथ्य छापेको छ (तोङफान सन् २०१५ : २२) । अतः तिब्बतमा दुलाहा (व)स्रोङ(व)त्सन(स) सँग नेपाली दुलही भृकुटीको पहिलो वैवाहिक भेट सन् ६३३ मा भएको प्रायः अधिकांश प्राथमिक र द्वितीयक स्रोतहरुको मतैक्य पाइन्छ । यसरी नेपाल-भोट चीन सम्बन्धको राजनीतिक इतिहासमा सन् ६३३ लाई आधार वर्षको रुपमा लिन सकिन्छ । भृकुटीका लमी काजी थोनमी साम्भोटा यसअघि पनि केरुङकै बाटो प्रयोग गरी नेपाल आइसक्नु भएको थियो । लेखक मुकुन्द कार्कीद्वारा लिखित पुस्तक 'नेपाल-चीन सम्बन्ध (सी चिनफिङको नेपाल नीतिसहित)' को पृष्ठ १९ मा यस्तो

वाक्य परेको छ : *'...यस्तै एक जना चिनियाँ विद्वान थोन मीको नेतृत्वमा एक बौद्धमण्डल सन् ५८४ तिर बौद्ध ज्ञानको अध्ययन अनुसन्धानका लागि तत्कालीन नेपालको राजधानी यूपग्राम (वर्तमान पाटन सहर) आइपुगेको इतिहासमा उल्लेख छ'* (कार्की : २०७५) । कुर्पासी निवासी विद्वान विश्व उलकले यसरी उल्लेख गर्नुभएको छ : *'...भृकुटीको विवाहका लागि ल्हासाबाट सम्राट स्रोङत्सन गम्पो आएका थिएनन् । भृकुटीलाई लिन सम्राट स्रोङत्सन गम्पोका भारदार मात्र आएका र उनको बिदाइ कुर्पासीबाट भएको थियो'* (उलक २०७३ : ४६,४७) । *कुर्पासीका कलाकारहरुले सुनचाँदी, तामादिका धातुहरु तथा काठ, बाँस, निगालो र कपडामा विभिन्न हिन्दू र बौद्धधर्म झल्कने कलाकृतिसहितका प्रशस्त सामाग्रीहरुको साथमा बुद्धका जीवनचक्र सहितका झल्लरी छातासहित सातवटा हात्तीमा दाईजो राखेर बिदाइ गरेका थिए । भृकुटीको विवाहपश्चात: उदयदेव आफ्नी श्रीमती र छोरा नरेन्द्रदेवसहित कुर्पासीबाट काठमाण्डौ आए । राजा उदयदेव केही दिनमै आफ्नै भाइ ध्रुबदेवले गुप्तहरुको सहयोगलिई दाइ उदयदेव र उनको परिवारलाई धपाए । उदयदेव र उनकी श्रीमती कुर्पासीमा गएर बसे । छोरा नरेन्द्रदेव आफ्नी बहिनी भृकुटी र ज्वाइँ सम्राट स्रोङत्सन गम्पोको शरणमा पुगे । उहाँले आफ्ना जेठान नरेन्द्रदेवलाई प्रशस्त सम्पत्ति र दलबलसहित फिर्ता पठाए । नरेन्द्रदेव फर्केर नालामा बसी शक्ति एकीकृत गरे र सजिलै आफ्ना काका ध्रुवदेवलाई हटाई आफू राजगद्दीमा बसे । यिनको पालामा देश धेरै धनी, शक्तिशाली तन्त्रमय बनेको थियो । यिनको पालामा विकास पनि भएको थियो । त्यसपछि ल्हासा र भारतबीचको व्यापार कुर्पासीबाट नालामा सऱ्यो* (ऐजन) । यसरी भृकुटीको प्रभाव नेपाल-भारत सम्बन्धको इतिहासमा पनि जीवित छ भन्ने प्रसङ्गलाई यो तथ्यले देखाउँछ : *'नेपालकी भृकुटी ताराको ढुङ्गाको सालिक बनारसको सारनाथस्थित म्यूजियममा बडो सुरक्षित ढङ्गले सबै दर्शकहरुलाई देखाउने गरी राखिएको छ । उक्त सालिकमा खुट्टाको पैताला फुटेकोले सिमेन्ट लगाएर ठूलो जतनले राखिएको छ । भृकुटी तारा, पाँचौ शताब्दी अंकित गरी बोर्ड पनि राखिएको छ'* (मुनंकर्मी २०४१ : ६७) । तर 'भृकुटी तारा, पाँचौ शताब्दी अंकित गरी बोर्ड पनि राखिएको छ' भन्ने जहाँसम्म सवाल छ, त्यो तथ्यसँग सहमत हुन सकिदैन किनकि भृकुटी पाँचौ शताब्दीकी (न)नभएर, सातौं शताब्दीकी नेपाली राजकुमारी तिब्बतकी महारानी हुनुहुन्छ भन्ने तथ्य सर्वस्वीकार्य प्रमाणिक विषय हो । त्यसकारण त्यहाँ पनि पाँचौ शताब्दीको स्थानमा सातौं शताब्दी लेखेर संशोधन गर्न जरुरी देखिएको छ । यसरी नेपाली राजकुमारी तिब्बतकी महारानी भृकुटीको शालिक सारनाथको म्यूजियममा सुरक्षितरुपमा राखिनुले 'चीन-नेपाल-भारत' त्रिदेशीय त्रिपक्षीय सम्बन्ध सुधारमा कोशेढुङ्गो मान्नु पर्छ ।

## २.४. भृकुटीलाई खोपासीबाट अन्माइ साँखुको वज्रयोगिनीहुँदै केरुङकै बाटो भएर ल्हासा लगिएको भनिएको सन्दर्भ

तिब्बतबाट भृकुटीको हात माग्न नेपाल आएका मन्त्रीद्वय गार तोङसेन युलसुङ, थोनमी साम्भोटा समेतको विवाह प्रतिनिधिमण्डल अन्य बाटोको प्रयोग (न)गरी केरुङकै बाटो किन

प्रयोग गरेका होलान ? किनभने यसअघि केरुङकै बाटो प्रयोग गरी आउनुभएको थोनमी साम्भोटाको जानपहिचानको पुरानै बाटो भएकाले अन्य अपरिचित बाटोहरुको जोखिम मोल्न (न)चाही, वहाँहरु सन् ६३२ मा केरुङकै बाटो भएर नेपाल आउनुभएको तिब्बती र नेपाली स्रोतहरुको दाबी छ । सिल्भाँ लेभीले पनि वहाँहरु केरुङ (किढोङ/किरोङ) को बाटो भएर नेपाल आएको दाबी गर्नुभएको छ । एक अर्को मूल्यांकनले पनि यसरी थप् पुष्टि गरेको पाइन्छ : *'किरोङ र भेनमको बाटोगरी त्रिशुलीपट्टिका घाँटीबाट बाटो पहिल्याउँदै नेपाली राजकुमारी भृकुटीलाई लिन आउने लमी काजी थोनमी साम्भोटा नै थिए । यसै बेलादेखि काठमाण्डौ उपत्यकाबाट पश्चिमपट्टि त्रिशूली (किरोङतिरको बाटो) र पूर्वपट्टि सुनकोशीको सिरान (कुतीतिरको बाटो) मा रहेका हिमाच्छादित भञ्ज्याङहरुमा नयाँ बाटो खुले'* (जोशी २०४४ : ४, ५) । त्यसकारण आधुनिक समयमा आएर यी क्षेत्रहरुलाई 'मध्येहिमाच्छादित भृकुटी पर्यटन परिपथ (भृकुटी सर्किट)' को रुपमा विकास गर्नसकिने सम्भावना छ । यसले हिमालय सीमापार व्यापार, पर्यटन र संस्कृति आदान प्रदानलाई प्रबर्धन गर्दछ । हिमालय सीमापार शब्द केवल हिमाल वारिपारिको सभ्यतासँग मात्र केन्द्रित छैन, यो शब्दले नेपालको उत्तरी हिमश्रृंखला, थुम, गढ, गढी, किल्ला, भञ्ज्या¨, चरीचरण क्षेत्र, समथर घाँसे मैदान आदिलाई समेत बुझ्नु पर्ने हुन्छ । उदाहरणार्थ भृकुटी सवार रसुवागढी-केरुङकै प्रसङ्ग अवलोकन गर्ने हो भने नेपाल-चीन (तिब्बत) सीमाबर्ती क्षेत्र रसुवागढी विन्दू वरपर हिमाल छैन तर पनि हिमालय सीमापार गरेर भृकुटी तिब्बत र चीनको तत्कालीन छाङ्आन (हालको सियान) सम्म सवार हुनुभएको भनेर किन भन्ने गरिन्छ भने रसुवागढीसम्म पुग्न त्योबेला पवित्र तिर्थस्थल गोसाइँकुण्ड भएर जानेक्रममा त्यस विशाल क्षेत्र वरपर लाङटाङ हिमाल जस्ता हिमाच्छादित् प्रभाव क्षेत्र आसपास भएर जानु भएको बुझिन्छ ।

भृकुटीले यस्ता क्षेत्रहरुलाई छलेर, पार गरेर उत्तर सीमावर्ती भूभाग पार गरी केरुङ जानुभएको थियो । केरुङ हिमाच्छादित् प्रभाव क्षेत्रबाट निर्मित चीनको केरुङ स्थानको नाम रहेबाट पनि भृकुटी सवार हिमालय सीमापारको महत्व अझै बढेको पाइन्छ ।

बनेपाका प्राय: अधिकांश विद्वानहरुका अनुसार तिब्बती मन्त्रीद्वय युलसुङ, साम्भोटा र अन्य सैनिक लावालस्करको साथ जिम्मा लगाएर जब बेहुली भृकुटीलाई पूर्व १ नं. खोपासीबाट विदाइ गरियो, पूर्व १ नं. बनेपाको उत्तर-पश्चिम पानीढलो नालाहुँदै साँखुको बज्रयोगिनीतर्फ सवार चलाइएको पाइन्छ । नालाको पश्चिमपट्टिको अन्तिम गौंडा अमलडोल कटेर त्यहाँदेखि पश्चिममा साविकको ताथली गाविस, हाल चाँगुनारायण नगरपालिका पर्दछ । अहिले पनि अमलडोलमा राखिएका होर्डिङ्ग बोर्डमा नै बनेपा प्रवेश विन्दू मानी 'यहाँहरुलाई बनेपामा स्वागत छ' (तस्विरमा देखिएको) भनेको देख्न सकिन्छ ।



भृकुटीलाई खोपासीबाट साँखु बज्रयोगिनीतर्फ सवार चलाउने क्रममा ७ हात्तीहरुमा विवाहको दाइजोसहित पठाइएको पाइन्छ । भृकुटीलाई लैजानेक्रममा हात्ती हिँड्ने सजिलो

बाटो नाला, सुडाल, तेलकोट हुँदै साँखु लगिएको हुनु पर्छ अन्यथा खोपासी, बनेपाबाट छोटो बाटो भएर साँखु जाने अर्को विकल्प कहाँ हुन सक्छ ? शायद, त्यसैक्रममा हुन सक्छ भृकुटी वहेताको जंगल भएर उत्तरतर्फ लागेको भन्ने अर्थले तत्कालीन प्राचीन समयमा वहेताको जंगल हालको वुलेको विशाल जंगल नै हुनु पर्छ । वुलेको जंगल दक्षिणपट्टिको वुलेको गाउँहुँदै उत्तरतर्फ साँखु छिचोलेको हुन सक्ने आधार बलियो देखिन आउँछ ।

मीन बहादुर शाक्यले आफ्नो पुस्तक Preincess Bhrikuti Devi (1997) को पृष्ठ १२ मा यसरी लेख्नुभएको छ : *Princess Bhrikuti Devi, who was escorted by a band of soldiers with loads of precious jewels and carried by seven elephants,came up to the forest of Bheta (Banepa?) in the East. She was followed by the honourable ministers and cavalrymenÚ* (Shakya 1997 AD : 12).

*From this Place onwards, the procession was escorted by Tibetan soldiers to the Nepal/Tibet border near sKyid-grong pass. Beyond this pass the road became narrow and the Nepalese soldiers and elephants returned. The precious jewels were carried by the Tibetan ministers. Princess Bhrikuti Devi rode on a white donkey (dre-hu dKar mo) followed by five hundred cavalrymen. The precious image of Arya Karunamaya Watibhadra was established in sKyid-grong* (Ibid : 13). *…When She was about to go to the country of Tibet, the seven loads of treasures were put on to the backs of the elephants. The image of Shakyamuni was put on the back of the biggest elephant. Lha gcig rode on a white mule and she (fol. 116b) carried the image of the sandalwood Tara in her hands. After accompanying her up to the forests of Bheta in the country of MangYul to the east, the soldiers returned. This place is called Gyephug in Tibetan, because it is the demarcation place (gyesa) between Nepal and Tibet. ...The after getting to sKyid-grong, a village of Mang yul, Khri-btsun rode on a white mule. The treasures were loaded on to five hundred horses. The image of Arya Avalokiteshvara (Watibhadra) was left in sKyid-grong* (Ibid : 58).

उपर्युक्त अनुच्छेदलाई यसरी प्याराफ्रेजिङ गरेर हेर्न सकिन्छ : *एक पुरातात्विक अभिलेख 'मणि काबुम क' मा भृकुटीलाई 'वहेता' (कतिपयका अनुसार 'भेता') को जंगलबाट लगिएको भन्ने स्पष्ट शब्द परेकाले मीन बहादुर शाक्यले 'प्रिन्स भृकुटी देवी' मा सो जंगलको नाम उल्लेख गर्नुभएको हो । वहाँले त्यो पुस्तकको पृष्ठ १२ मा 'भेताको जंगल भनेर (बनेपा ?)' लाई संकेत गर्नुभएको पाइन्छ भने सोही पुस्तकको पृष्ठ ५८ मा 'पूर्वमा मंग्युलको देशको भेताको जंगलमा भृकुटीलाई साथ दिएपछि त्यहाँबाट सिपाहीहरु फर्किए र यो ठाउँलाई तिब्बती भाषामा 'ग्येफुग' भनिन्छ किनकि यो नेपाल र तिब्बतबीचको सीमांकन स्थान हो' पनि भनिएको छ* (Ibid : 12, 58) । अब, भेताको जंगल बनेपा क्षेत्रमा पर्छ ? वा तिब्बत (केरुङ) को ग्येफुग गाउँ क्षेत्रमा पर्छ ? यस अलमलबीचमा यो शोधकर्ताले सोको स्थलगत अन्वेषण गर्ने कार्यको सिलसिलामा बनेपा क्षेत्र (नालाछाप) का एक जानकार स्थानीय लब्धप्रतिष्ठित इतिहासकार एवम् सरोकारवाला केदार बहादुर थापा लगायतका साथमा सम्बत् २०७९ पौष १७ आइतबार बिहान ०९:३० बजे कोटेश्वरबाट त्यसतर्फ प्रस्थान गर्‍यौं । स्थानीय वुलेको ठूलो जंगल प्रमाण र चट्टान

अभिलेखहरुको समेत अध्ययन अन्वेषणपश्चात 'मणि काबुम क' मा वर्णित ऐतिहासिक, पुरातात्विक प्रमाणसँग निकट मेल खाइ वहेता (भेता) जंगल नै वुलेको जंगल हुन सक्ने सम्भावित पहिचानका आधारमा त्यसउपर इतिहासकार केदार बहादुर थापा लगायतका स्थानीय बुद्धिजीवीहरुको दाबी देखिन्छ । यर्थाथमा त्यो ठाउँ नालाछापमाथि रहेको वुलेको जंगललाई नै प्राचीन वहेताको जंगल हुन सक्ने (तस्विरमा देखिएको) तर यसको पुस्तान्तरण र प्रचार प्रसार हुन नसकेर ओभ्रेलमा परेको हो की भन्ने धारणा स्थानीय अग्रज बुद्धिजीवीहरुको छ ।

देहायका उल्लिखित स्थानहरु भएर भृकुटीलाई तिब्बत लगिएको हुन सक्ने सम्भावना उपर तत् तत् स्थानीयबासी तथा सरोकारवालाहरुका पुर्खाहरुबाट सुन्दै, हस्तान्तरण हुँदै आएको दाबीका आधारमा र 'मणि काबुम भोलुम क', 'रसुवागढीको चिनारी' लगायतका ऐतिहासिक पुरातात्विक प्रमाणहरुबाट यस्तो बुझ्न सकिन्छ : खोपासी, नाला (वुलेको ठूलो जंगल क्षेत्र बाघखोर : जसलाई प्राचीन मणि काबुममा वर्णित 'वहेता' वा 'भेता' भनेको हुन सक्ने अनुमान गरिएको), नाला (अमलडोल भञ्ज्याङ), पुजारी टोल, ठूलोखोला मार्ग ( नालाछापको उत्तरी क्षेत्रमा जहाँ विभिन्न चट्टान अभिलेखहरु रहेको बाटो), सुडाल ( चाँगुनारायणको ८ नं. वडा), तेलकोट (छालिङ, नगरकोटको फेदी), साँखु बज्रयोगिनी छन् । त्यसैगरी केही अग्रज स्थानीय बुद्धिजीवीहरुका अनुसार वुलेको जंगललाई वलेगु पनि भनिन्छ । कतिपयले 'वुलेगु' पनि भन्ने गर्छन् । नेवारी भाषामा 'गु' भनेको 'जंगल' हो, त्यसलाई भृकुटीले भोट तिब्बतमा गएपछि आफ्ना पतिलाई वर्णन सुनाउने बेलामा वुलेगु अर्थात् वुले जंगल हुँदै आएको भनेर पेचाहरुमा लेख्न लगाउनु भएको हुन सक्छ । त्यसलाई नै वहेताको जंगल भनेको हुनुपर्छ । त्यसैगरी नालाछापका एक स्थानीय जिम्मवाल काजीबाका छोरा इतिहासकार केदार बहादुर थापा, नाला वुले गाउँका स्थानीय ज्येष्ठ जुलुम कृष्ण श्रेष्ठ, ६२ वर्षीय ध्रुवराज श्रेष्ठ लगायतका अनुसार यी ठाउँका प्राचीन बाटोहरु 'बनेपा-भोट व्यापारिक मार्ग' को रुपमा रहेको बुझिएको छ ।

सो मार्गभित्र मल्लकालीन चट्टान अभिलेखहरु पनि देखिएका छन् । यसबारे इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठद्वारा लिखित 'चट्टान अलिख र अन्य सम्पदा' कृतिमा यस्तो छ : *'मलाई लाग्छ, यस्तै अपेक्षाकृत नमुना उपत्यकाको पश्चिमतिर रहेको नुवाकोटले र पूर्वतिर यही आइतवारे सामुदायिक वनका चारवटा गढीहरुले प्रस्तुत गरेको छ ।...पूर्वतिरबाट नेपाल उपत्यका पस्ने प्रमुख मार्गमा परेको कारणले हो कि'* (श्रेष्ठ २०६७ : ९१) ? *नेपाल उपत्यकाबाट यही मार्ग हुँदै पूर्वतिर तिब्बत लगायत भारत जाने भएकोले हो कि ?... यी अनेक प्रश्नहरु ती गढीहरुका अवस्थानले हरेकका मनमा उब्जाउँछन् जसको उत्तर यसको आसपास र केही दुरस्थ बस्त, गढी अनि यसको काखैमा रहेका चट्टान अभिलेखहरुलाई समेत केलाउँदै अतितमा फर्केर दिनुपर्ने हुन्छ ।...आइतवारे सामुदायिक वनको दक्षिण काँधमा हललगाउँ छ । सो गाउँको काखमा ठूलो ढुङ्गा चट्टान छ जसमा तत्कालीन भक्तपुर राज्यका राजा जगज्योतिर्मल्लदेखि भूपतीन्द्रमल्लका*

*चट्टानअभिलेखहरु छन् । ठूलो ढुङ्गादेखि केही पाइला दूरी पश्चिममा वासुकी ढुङ्गा छ जसमा तत्कालीन कान्तिपुर राज्यका राजा प्रताप मल्ल लगायत भक्तपुर राज्यका राजा जितामित्र मल्लहरुका चट्टानअभिलेख छन् । यी ऐतिहासिक चट्टानहरु भएको ठाउँदेखि दक्षिणमा वा भनौं हलल गाउँको नाकैमुनि नालाछाप छ । त्यहाँको खेतमा एक विशाल चट्टान छ जसमा भूपतीन्द्र मल्लको एक मात्र चट्टानअभिलेख छ ।...नाला र साँगादेखि पूर्वतिर केही मात्र दूरीमा रहेका उल्लेख्य बस्तीहरु बनेपा, धुलिखेल, पनौती, श्रीखण्डपुर (खडपु) र चौकोट हुन्* (ऐजन) । यसरी *'नेपाल उपत्यकाबाट यही मार्ग हुँदै पूर्वतिर तिब्बत लगायत भारत जाने भएकोले हो कि ?'* भन्ने पुरुषोत्तमलोचन श्रेष्ठको प्रश्नले यस सम्बन्धी त्यो व्यापक, गहिरो र उदार परिभाषालाई जन्म दिन सक्छ जसले *'यही मार्गहुँदै पूर्वतिर तिब्बत...जाने भएकोले'* भनिएको मार्गका बारेमा शोध अन्वेषकहरुले 'प्राथमिकीकरण-१' का साथ मनन् गर्न आवश्यक देखियो ।

ऐतिहासिक मार्गहरु मल्लकालीन इतिहासमा मात्र सीमित छैनन्, यस प्राचीन नेपाल-भोट व्यापारिक मार्गमा लिच्छविकालीन अंशुवर्मा, उदयदेव र नरेन्द्रदेवकालीन पदचिन्ह र डोबहरु पनि हुनुपर्छ । त्यसका लागि यससम्बन्धी व्यवस्थित अध्ययन, अन्वेषणको आवश्यकता पर्न सक्छ । त्यसमा पनि लिच्छविकालीन भृकुटीका दाजु नररेन्द्रदेवसँग जोडिएको रातो मच्छेन्द्रनाथको अझै खोज अन्वेषण हुँदैछ । जे होस् रातो मच्छेन्द्रनाथको मन्दिर, नालामा सृष्टिकान्त लोकेश्वरले स्थापना गरेका प्राचीन लोकेश्वरका मूर्तिहरु पनि यस क्षेत्रमा रहेको पाइएको छ । यसको अझै विस्तारितरुपमा गहिरो खोज अन्वेषण हुन आवश्यक देखिन्छ । मल्लकालीन पछि लगत्तै पृथ्वीनारायण शाहकालीन गोरखा राज्य विस्तारकालदेखि आधुनिक नेपालको वर्तमानसम्म आइपुग्दा समयको माग र जनचाहना अनुसार विकास योजनाका आधुनिक शैलीका सडक निर्माण तथा शहरी भवन निर्माण कार्यहरु हुन थाले । यो सुखद् पक्ष हो । तर यस्ता प्राचीन ऐतिहासिक 'बनेपा-भोट मार्गहरु' को अस्तित्व पनि राख्दै जानुपर्नेमा लोप हुन थालेकाले दुःख लागेको वहाँहरु बताउनु हुन्छ (ऐजन) । यससँगै यो अन्वेषक टोलीलाई त्यहाँका कतिपय स्थानीय अग्रज विद्वान बनेपालीहरुले यो जंगलको ऐतिहासिक प्रशंसा गर्दै यही वहेता अथवा वलेगु अथवा वुलेको जंगलको नामबाट पनि बनेपा नामाकरण गरेको हुन सक्ने संकेत गरेको बताए । तर पनि यहाँ अर्को एउटा अनुसन्धानात्मक सैद्धान्तिक चुनौति खडा भएको छ । त्यो चुनौतिले के यदी बनेपा नगरपालिका नालाको वुलेको जंगल नै वहेता (भेता) को जंगल हो भन्ने ऐतिहासिक पुरातात्विक पुष्टिको आधार के छ ? यदी भविष्यमा पनि यसको पुष्टिको आधार भेटिदैन भने मीन बहादुर शाक्यले नै भन्नु भएजस्तो कतै वहेताको जंगल केरुङ क्षेत्र आसपासमा नै पर्दछ कि ? यसबारे भृकुटी अध्ययन प्रतिष्ठानले पनि अन्वेषण गरी भविष्यमा आफ्नो निष्कर्ष सार्वजनिक गर्ला कि भन्ने अपेक्षा राखिएको छ । तर त्यो पखाईसम्म हाललाई वुलेको जंगल नै कतै वहेताको जंगल त होईन भन्ने फेरि पनि परिकल्पना र सम्भावनाका आधारहरुलाई मेटाइ हाल्नु अनुसन्धानात्मक त्रुटी हुन जानेछ । त्यो एक किसिमको प्राविधिक कमजोरी पनि हुन सक्छ । त्यसकारण यस अध्ययन

अनुसन्धानको तड्कारो दुईवटा सम्भावनाहरु मध्ये यो पुस्तक लेख्दासम्म केरुङतर्फको सम्भावित वहेता (भेता) को जंगललाई पछि उपयुक्त समयमा खोज अनुसन्धान गर्न सकिने तर हाललाई बनेपा क्षेत्रको सम्भावित वुलेको जंगल नै कतै वहेता (भेता) को जंगल त होईन ? यसको प्राज्ञिक, ऐतिहासिक पुरातात्विक अध्ययन अन्वेषण गर्न आवश्यक देखियो । यसका लागि यो शोधकर्ताले संस्कृति तथा पर्यटन मन्त्रालय, वन मन्त्रालय, विश्वविद्यालय, विभिन्न प्राज्ञ, विज्ञ एवम् बुद्धिजीवी समूह, राष्ट्रिय पुरातत्व विभाग, वन विभाग, सम्बद्ध स्थानीय तहहरु, शोधकर्ताहरु, नागरिक समाज र सञ्चार क्षेत्रको समेत त्यसतर्फ हार्दिकतापूर्वक थप अध्ययन अन्वेषणका लागि ध्यानाकृष्ट गर्न चाहेको छ ।

हिरण्यलाल श्रेष्ठले आफ्नो पुस्तक 'हिमाल छिचोल्ने रेसममार्ग' मा मीन बहादुर शाक्यद्वारा लिखित 'प्रिन्स भृकुटी देवी' लाई उधृत् गर्दै यसरी प्रकाश पार्नुभएको छ : *'राजकुमारी भृकुटी देवी, सातवटा हात्तीले बोकेको अमूल्य ज्वाहारात सहित सैनिकहरुको टुकडीले पूर्वमा बनेपासम्म पुऱ्याएको थियो । भृकुटीलाई मन्त्रीहरु र घोडचढी फौजले समेत बिदाई गर्न गएका थिए'* (श्रेष्ठ सन् २०१७ : १४, १५) । *...भृकुटीसित नेपाली शिल्पकार र कलाकारहरुको टोली, विद्वान शिलमञ्जुको अगुवाइमा बौद्ध विद्वानहरुको टोली, व्यापारी व्यवसायीहरु र सुसारेहरु समेतको ठूलै समूह साथै तिब्बत गएको थियो* (ऐजन) । यसरी दुलही भृकुटीलाई खोपासीबाट बनेपा आसपासको क्षेत्र हुँदै नाला भएर साँखुको बज्रयोगिनी मन्दिरमा[६] लगिएको ऐतिहासिक तथ्यप्रति प्रायः अधिकांश विद्वानहरुको मतैक्य देखिन्छ ।


## २.५. साँखु बज्रयोगिनी मन्दिरमा भृकुटीको विवाह कर्मकाण्ड

यस सन्दर्भमा साँखुली विद्वानहरुको धारणा यस्तो छ : *'सन् ६२४ देखि ६३२ को हाराहारीमा नेपाली राजकुमारी भृकुटीको विवाहपूर्वको नेपाली संस्कार अनुरुपको कर्मकाण्ड साँखुको बज्रयोगिनी स्थलमा सम्पन्न गरेका पाइन्छ'* (श्रेष्ठ र काफ्ले २०७७ : १८०) । यसरी भृकुटी सवार गन्तव्यका सन्दर्भमा साँखुली इतिहासकार प्रकाश मान सक्व लगायतका

---

[२] साँखुको प्रसंग आउँदा यहाँनिर एउटा विचारणीय सवाल उठाउनु पर्ने औचित्य यो छ की राजा उदयदेव, नरेन्द्रदेव, भृकुटीको वैदिक, बौद्ध दुवै धर्म दर्शनप्रति गहिरो आस्था भएकाले यसको मनोवैज्ञानिक प्रभाव भृकुटीको विवाह कार्यमा पर्नु स्वाभाविक हो । त्यसकारण भृकुटीलाई साँखुको बज्रयोगिनी मन्दिरमा लगी माइती पक्षको तर्फबाट वैवाहिक कर्म चलाइएको थियो । बौद्ध दर्शन प्रणालीमा समेत जोडिएको साँखुको अभिलेखले के भन्छ ? हेरौं : *'भगवान बुद्धको निर्वाण भएको शय वर्षपछि भएको द्वितीय संगीतिमा बौद्ध भिक्षुहरुमा आचारसम्बन्धी विवाद उठ्यो । यस विवादको फलस्वरुप बौद्ध धर्मका दुई खण्ड भए'* (वज्राचार्य २०५३ : ५०९) *। परिवर्तन गर्नुहुँदैन भनी भन्नेहरु थेरवादी ( स्थविरवादी) र देशकालअनुसार परिवर्तन गर्दै लैजानुपर्छ भन्नेहरु महासाङ्घिक कहलाए । पछि स्थविरवादीहरु हीनयानी र महासाङघिकहरु महायानी कहलाए । साँखुको यस अभिलेखमा 'महासाङ्घिकभिक्षुसङ्घ' को उल्लेख परेको छ । यसबाट महायान कहलाउनुभन्दा पहिले नै साँखुमा 'महासाङ्घिक' भिक्षुहरु पसिसकेको बुझिन्छ । यसै हुँदा यहाँको भिक्षुसङ्घ पछिसम्म पनि महासाङ्घिक नै कहलायो । अर्को कुरा लिच्छविकालमा बौद्ध विहारहरुमा सबभन्दा विशिष्ट विहार साँखुमै थियो । सो हो गुंविहार । यसको नामकरण किरात परिवारको भाषाबाट भएको छ । यसबाट यो विहार किरातकालमै कायम भएको बुझिन्छ । जे होस्, साँखुको यस अभिलेखमा महासाङ्घिक भिक्षुसङघको उल्लेख परेको हुनाले यस भेकमा बौद्ध धर्मको प्रवेश निकै पहिले भइसकेको देखिन्छ* (ऐजन : ५१०) ।

विद्वानहरुले पनि स्पष्ट पार्नु भएको पाइन्छ । यहाँ अर्को एउटा तथ्य पनि मननीय छ : *'साँखु, लप्सिफेदी, जहरसिंह पौवामा ल्हासा तिब्बत जानेहरुलाई विदाई तथा फर्किएकालाई स्वागत गर्ने थलो अतिशादीपंकर बुद्ध चैत्य स्थापना गरिदिएको छ, जुन हाल पैरोले भत्काएको छ'* ( ऐजन : ९९, १००) । यसरी वेहुली भृकुटीलाई साँखुबाट लगिएको तथ्य साँखुली इतिहासकारहरुबाट पनि खुलासा भएको पाइन्छ ।



भृकुटीको विवाहकर्म चलाइएको साँखुको बज्रयोगिनी मन्दिर (स्रोत : स्थानीय संस्कृतिविद् प्रकाशमान सक्व, साँखु) ।

*...साँखुको बज्रयोगिनी देवीको मन्दिर परिसर क्षेत्रमा तत्कालीन नेपाल तिब्बत मैत्री सन्धि गरी नेपालकी राजकुमारी भृकुटी र तिब्बतका राजा स्रङचङ गम्पोको विवाहको स्वयम्बर स्थलको रुपमा चिनिएको पनि छ । सोही स्थान र पदमार्ग भई तिब्बत नेपालको व्यापारिक नाका चलेको थियो'* (थापा २०७८ : ५५) । यसप्रकार *'भृकुटीलाई कुर्पासी, साँखुहुँदै साँखुबाट रसुवाको गोसाइँकुण्ड (पृथ्वीको मालिक गोसाइँकुण्डमा अवस्थित वैदिक परम्परानुसार 'महादेव' सुत्नुभएको ढुङ्गो, बौद्ध परम्परानुसार 'बुद्ध' सुत्नुभएको ढुङ्गोलाई दायाँ पारेर), ठूलो स्याप्रु हुँदै रसुवागढीकै बाटो प्रयोग गरिएको थियो'* (थापा सन् २०२२, वर्ष १५.२ : ५२) । त्यसैगरी तत्कालीन नेपाली नेवारी समुदायका व्यापारीहरुले भोट तिब्बतमा गएर व्यापार गर्नेक्रममा नेपालबाट भोट जाँदा अन्नपूर्ण देवीको दर्शन गरेर यात्रा गर्दा शुभ्य फाप्य हुन्थ्यो, व्यापार बढ्थ्यो भन्ने विश्वास पनि रहिआएको पाइन्छ । यसरी नेपालीहरु भोट तिब्बतमा विभिन्न कामको सिलसिलामा प्रस्थान गर्नु अगाडि अन्नपूर्ण देवी, गोसाइँकुण्डमा अवस्थित महादेव आदिको दर्शन, पूजा आजा गर्ने परम्परा चलिआएको पाइन्छ । शायद् यो विश्वास प्रणालीप्रति भृकुटी देवी र तत्कालीन नेपाली समाज पनि आस्थावान रहिआएको हुनुपर्छ । *"बौद्ध किंबदन्ती :- गोसाईकुण्ड भित्र मानव आकारको प्राकृतिक ढुंगाको मूर्ती छ । तिब्बतीहरु तालभित्र भएको मूर्ती आकारको ढुंगालाई फाग्स-पा थग्स-ज्रे चेन-पो ( अवलोकितेश्वर) भनेर मान्दछन् । त्यो मूर्ती खरानी-नीलो रङ्गको छ । नौ वटा सर्पका टाउकाले संरक्षण दिईरहेको देखिने उक्त मूर्ती पानीमा उत्तानो परेर सुतिरहेको जस्तो देखिन्छ । उनिहरुले आफ्नो भूगोलको कितावमा "द्जाम-ग्लिङ्ग-ग्योस-बसाद" मा उक्त नाम दिएका छन् । बोन्पो (तान्त्रिक) किंबदन्ती :- तामाङ्ग बान्पोहरु गोसाईकुण्डलाई बिभिन्न नामहरु दिएका छन, छो कर - सेतो कुण्ड, ह्याप क्षेग्याल - पिता, ह्युम फमा डोल्मा - माता र ल्हाक्षेम्पो मादेउ - ठूला भगवानको रुपमा मान्ने चलनछ । बोन्पो झाँक्रीहरु धेरै कुण्डहरु पुज्ने गर्दछन् । ती मध्ये गोसाईकुण्डलाई सबैभन्दा ठूलो देवताको रुपमा लिन्छन् - सयौं बान्पोहरु भेला हुने पवित्रधाम भनिन्छ" (उलक, २०७८, बिचार श्रावण २ गते https://deshsanchar.com/2021/07/17/533108/?fbclid=IwAR3wj8ITepvauaHicK0zr_-R412QpRqpgvhP5SQAePAg8hKtdMa7bzb2wak).* तसर्थ भृकुटीलाई गोसाईकुण्डको बाटो भएर लगिएको हुनुपर्छ ।

# अध्याय : तीन


## ३.१. बेहुली भृकुटीको चीन प्रस्थानका लागि सम्भावित प्राचीन जन्ती मार्ग

भृकुटीलाई नेपालबाट तिब्बत सवार चलाउँदाको सम्भावित प्राचीन जन्ती मार्ग वर्तमानको नवीनतम खोजको विषय बनेको छ । भृकुटीलाई नेपालबाट अन्माएर ल्हासा लगिएको ऐतिहासिक स्थल पहिल्याउँदै जाँदा नेपाल सरकार नेपाली सेना कालीजंग गणले रसुवागढीको चिनारी लेखेको एउटा साईनबोर्ड राखेको रहेछ । त्यो साईनबोर्ड रसुवा




जिल्लाको हालको गोसाइँकुण्ड गाउँपालिका वार्ड नं. २, टिमुरेमा सन् १९१२ मा निर्मित रसुवागढीमा राखिएको छ । त्यसको सिरानमा 'रसुवागढीको चिनारी' शीर्षक (बायाँको तस्विर) मा 'नेपालकी राजकुमारी भृकुटीको विवाह तिब्बतका राजा श्रङचङ गम्पोसँग गरिँदा गढीकै बाटो प्रयोग गरिएको थियो' भन्ने वाक्यांशहरु परेका छन् । रसुवागढीमा रहेका यी ऐतिहासिक पुरातात्विक सबुत प्रमाणहरु नेपाल सरकार नेपाली सेनाले सुरक्षित राखेको छ ।


'मणि काबुम' अनुसार भृकुटी सेतो (कार्मो) गधा ड्रियु कार्मोमा चढेर तिब्बतका लागि प्रस्थान गर्नुभयो (गमपो : एक्स २०) । पहाड लगेपछि वहाँ सेतो भोटे खच्चडमा सवार हुनुभयो । घोडा पनि हिंड्न नसक्ने ठाउँमा वहाँ पैदल चल्नुभयो (नेपाल २०७३ : ४४, ४८) । किरातकालमा नै तिब्बत यात्राको लागी हालको सिन्धुपाल्चोक, कोदारी तथा दोलाखा, लाप्च्या नाका प्रयोग भएको थियो र छैठौ शताद्विमा अंशुबर्माको पालामा कोदारीमा भन्सार अड्डा खोलिसकिएको थियो । ल्हासा यात्राको लागी कोदारी र लाप्चा नजिक नाका भएपनि



यो नाका प्रयोग भएको देखिएन । भृकुटीलाई भोट चीनतर्फ सवार चलाउँदाको प्राचीन सम्भावित जन्ती (दायाँपट्टिको तस्विर : दृश्यमा देखिए जस्तै भृकुटीलाई हालको गोसाइँकुण्ड गाउँपालिका वार्ड नं. १ मा देखिएको अक्कडको भीरमा ढुङ्गा विच्छयाएर बाटो बनाउँदै, पर्खाल बनाउँदै केरुङतर्फ लगिएको गहिरो छाप त्यहाँका स्थानीय जनमानसमा रहेको) मार्गहरुको विवरण यसप्रकार छ :

(१) कुर्पासी (खोपासी) (२) बनेपाको पश्चिमी भेग (३) नाला (४) सुडाल (५) तेलकोट (६) साँखु वज्रयोगिनी (७) मणिचुड (८) झुले (काठमाण्डौ) (९) चिसापानी (नुवाकोट) (१०)


पाटीभञ्ज्याङ्ग (सिन्धुपाल्चोक र नुवाकोटको बोर्डर (११) थाङकुने (चिप्लिङ) (१२) गोल्फु भञ्ज्याङ्ग (१३) कुटुमसाङ (आधा नुवाकोट र आधा सिन्धुपाल्चोक) (१४) ठाडेपानी (नुवाकोट) (१५) घोप्टे (रसुवा) (१६) फेदी (१७) लौरीविनायक (१८) सूर्यकुण्ड (गोसाइँकुण्डबाट पुर्व) ( १९) गणेशकुण्ड (सरस्वतीकुण्ड) (२०) गोसाइँकुण्ड (२१) लौरीविना (२२) चोलाङपाटी (२३) ठूलोस्याफ्रु (२४) पैरो गाउँ (२५) शेर्पा गाउँ (२६) खाङचिङ गाउँ (२७) ब्रिदिम (२८) टिम्मुरे खैंजी (२९) रसुवागढी (३०) केरुङको ग्येफुग गाउँ/गुरुफुग गुफा (तलका तस्विरहरुमा) । यसरी वेहुली भृकुटीलाई हालको गोसाइँकुण्ड गाउँपालिका वार्ड नं. १, रसुवागढी भएर तिब्बतबाट बग्दैआएको केरुङ नदी पारी अक्कडको भीरमा ढुङ्गाका छपनी विच्छयाउँदै, बाटो बनाउँदै केरुङको ग्येफुग गाउँसम्म लगिएको पाइन्छ । भृकुटी लगिएको नुवाकोट र रसुवाको बिभिन्न बाटोका बस्तीहरुमा राजकुमारी बिदाईको तामाङ्ग/शेर्पाशरु गित गाउने र नेवारहरु भजन गाउने (चाड मनाउने) गर्दछन् भन्ने सुनियो । श्रोतको सिमाले गर्दा गीत र भजनहरु संकलन गर्न सकिएन । भृकुटीलाई सवार चलाइएका प्राचीन बाटो, पर्खाल, स्थलहरु ऐतिहासिक पुरातात्विक राष्ट्रिय धरोहरका रुपमा रहेर पनि ओझेलमा परेको स्थानीयबासीहरुको गुनासो छ ।






केरुंगको हालको फावा मन्दिर (स्रोत : हिमाल थापा)।

केरुंगको पुरानो फावा मन्दिर स्रोत : वांगदी थोका तामांग




केरुंगको ग्येफु / ग्येफुग गाउँ, गुरुफु (विदाइ गुफा)

केरुंगको पांगसिं गाउँ

केरुंगको पांगसिं गाउँ

(स्रोत : वांगदी थोका तामांग, लाक्पा तामांग ।)

# अध्याय : चार

## ४.१. सम्भावित प्राचीन भृकुटी मैतालु पद मार्ग

वेहुली भृकुटी भोट चीनतर्फ सवार हुँदाको जन्ती मार्ग रसुवागढी भएतापनि भृकुटी एक पटक तिब्बत घरबाट मैतालु घर (माइती) नेपाल आउनु भएको हुन सक्ने स्थानीय जनश्रुती रहिआएको पाइन्छ । त्यस बखत दाजु नरेन्द्रदेव ई.सं. ६४३ मा उनै बहिनी जुवाइँको सहयोमा नेपाल दरबारमा राजा हुन सफल भएपछिको अवधी हुन सक्ने कतिपय नेपाली र तिब्बती जनधारणा रहिआएको छ । यस अनुसन्धानकर्ता र भृकुटी ट्रेलर समुहको नेतृत्व गर्दै आउनु भएका शोध-पत्रकार रतन चन्दको संयुक्त अनुसन्धानबाट थप् नयाँ के तथ्य पत्ता लागेको छ भने भृकुटी तिब्बतबाट नेपाल आउँदा देहायको मार्ग प्रयोग गरेको हुन सक्ने सम्भावना देखिन्छ, जुन मार्गलाई मैतालु पद मार्गको रुपमा बुझ्न सकिन्छ :

बज्रयोगिनी मन्दिरबाट उत्तर-पूर्व जहरसिंह पौवा, नाङ्लेभारे, फटकसिला, सिन्धुपाल्चोक जिल्लामा अवस्थित जलबिरेको बाटो हुँदै हाल यथावत रहेको गोरखाली धारोको नामले चिनिएको धुस्कोट, सीमासिंह, ओखेनी (ओखेनीपछि आउने डाँडाहरुलाई क्रमशः भृकुटी विसौनी चौर र भृकुटी विसौनी डाँडा भनिन्छ (दायाँ तस्विरमा देखिएको भृकुटी विसौना डाँडोमा ३ भाइ), त्यसपछि ओरालो आउँछ), ॐ पार्क (डाँडोको छेउमा सेरते गरेको),




सिन्धुपाल्चोक जिल्लाकै घलङ्सा (देउराली), नेछाम (नेछामबाट दायाँ सिन्धुपाल्चोकको खासा बजार जाने बाटो) प्राचीन रुट पनि भेटिएको छ । जे होस्, भृकुटी माइती नेपालबाट कर्मघर जाने मैतालु मार्गहरु क्रमशः साँखु, जहरसिंह पौवा, मेलम्ची, इन्द्रवती गाउँ नवलपुर, चौतारा, भृकुटी विसौना डाँडो, बाह्रवीसे, कोदारी, लिपिङहुँदै कुती भएर जानु भएको हुन सक्ने प्रवल सम्भावना देखिएको छ । यो त भयो भृकुटीको मैतालु मार्ग । यस अघि भृकुटीले विवाह गरेर गएको जन्ती मार्ग भने त्यो होईन भन्ने स्पष्ट भईसकेको छ । त्यो जन्ती मार्ग रसुवागढीकै बाटो हुन सक्ने प्रचुर सम्भावना छ । नारीको जीवनमा विवाह गरी पठाएको जन्ती मार्ग एउटा मात्र हुन्छ भने ती नारी घर र माइत मावला गर्ने मैतालु मार्ग अरु पनि हुन सक्छन् वा पुरानै सोही जन्ती मार्ग पनि हुन सक्छ । तर भृकुटी देवीको सवालमा रसुवागढी जन्ती मार्ग र कोदारी, लिपिङ मार्ग मैतालु मार्गको रुपमा बुझ्न सकिन्छ । त्यसकारण यस अघि वेहुली भृकुटीलाई 'रसुवागढी-केरुङ जन्ती नाका र मार्ग' तथा केरुङको प्राचीन गउँ 'ग्येफुग' पुऱ्याएर ल्हासा र सियानको लागि सवार चलाएपछि केरुङबाट नेपाली सेना, जन्ती, सातवटा हात्तीहरुलाई नेपालतिरै फिर्ता पठाएको पाइन्छ । यसरी केरुङबाट तिब्बती सेना, अन्य जन्तीहरुका साथमा रसुवाका थोक्रा तामाङ समुदायहरुले वेहुली भृकुटीको डोली बोकी घरी सेतो गधा र घरी घोडसवार (५०० घोडाहरु) का साथ पाङसिङ गाउँ हुँदै ल्हासा र सियानसम्मको गन्तव्यका लागि सवार चलाएको पाइन्छ । स्थानीय

स्रोतहरुका अनुसार भैंसी र चौंरी हिँड्ने बाटोमा हात्ती पनि सजिलै हिँड्न सक्ने भएकाले यी स्थानहरुमा पर्ने मार्गहरु दमचाईलो दमचाईले उक्कालो, समथर र ओरालो भएकाले वेहुली भृकुटी, वहाँका जन्तीहरु, दाइजो बोकेका हात्तीहरु सवार भएको भनिएका तथ्यहरु स्थानीय जनमानसमा व्याप्त रहेको पाइन्छ ।

### ४.१.२. भृकुटी तिब्बतबाट माइती नेपालमा आएको हुन सक्ने सम्भावित प्राचीन मैतालु पद मार्ग

(१) रसुवागढी (२) ठूलो स्याफ्रु (३) भैरब कुण्ड (४) गोसाइँकुण्ड (५) सूर्यकुण्ड (६) घोप्टे (७) ठाडे (यहाँ दुईतिर जाने बाटो छ, पुरानो तल्लो बाटो घोप्टेभीरबाट जाने) (८)



कुटुमसाङ (कुन जिल्ला) (९) गोल्फु भञ्ज्याङ्ग (नुवाकोट) (१०) चिप्लिङ ( नुवाकोट) (११) चिसापानी (१२) पाटी भञ्ज्याङ्ग (१३) काउले दोभान (१४) भोटे चौर (१५) चौकी भञ्ज्याङ्ग (१६) जहरसिंह पौवा (वेहुली भृकुटी तिब्बत जानेक्रममा वहाँले यसै ठाउँमा स्थापना गर्नुभएको भनिएको दूर्लभ एकमाने चैत्य (बायाँपट्टि तस्विरमा), जुन अहिले अवशेषसम्म पनि रहेको पाइएन । भूकम्प र पहिरोमा परेर त्यो ध्वस्त भएको र त्यो ठाउँमा अहिले कालिका





शरण मा.वि.को चौर रहेको पाइएको छ । (दायाँपट्टि तस्विरमा) २ जना उभिएका ठाउँमा नै त्यो भृकुटीकालीन एकमाने चैत्य रहेको त्यहाँका स्थानीबासीको दाबी छ, हाल त्यो ठाउँलाई सम्याएर विद्यालयको खेल मैदान बनाएको पाइन्छ । त्यसैगरी त्यो प्राचीन एकमाने चैत्यको सम्झनामा विद्यालय परिसरबाट करीब ३००/४०० मीटर उत्तरतिर एउटा आधुनिक चैत्य बनाइएको स्थानीयहरुले बताएको पाइन्छ (दायाँपट्टि अनुसन्धानकर्ता अध्ययनरत चैत्य नयाँ निर्माण गरिएको) । (१७) साँखु बज्रयोगिनी (१८) भृकुटीका दाइ नरेन्द्रदेव विराजमान



तत्कालीन नेपाल दरबार । यसरी भृकुटी पहिलो पटक तिब्बत घरबाट माइती नेपाल आउनुहुँदा रसुवागढीबाट आउनु भई पुनः तिब्बत प्रस्थान गर्दा बाह्रवीसेबाट कुतीहुँदै ल्हासा जानुभएको भन्ने कतिपय नेपाली तथा तिब्बती स्रोतहरुले अनुमान गरेको पाइन्छ । त्यसैगरी अर्को एक स्थानीय स्रोतका अनुसार भृकुटी देहायमा बमोजिमका पदमार्गहरु भएर नेपाल आएको हुन सक्ने भन्ने पनि छ :

(१) रसुवागढी (२) ठूलो स्याफ्रु (३) सूर्यकुण्ड (४) दूधकुण्ड (५) भैरबकुण्ड (६) नागकुण्ड (७) गोसाइँकुण्ड (८) मालेचौर (९) गोल्पु भञ्ज्याङ्ब (१०) टोड्के (११) पाटी भञ्ज्याङ्ग (१२) हैवुङ (१३) भोटेचौर (१४) जहरसिंह पौवा (१५) साँखु बज्रयोगिनी (१६) भृकुटीका दाजु नरेन्द्रदेव विराजमान तत्कालीन नेपाल दरबार ।

भृकुटी माइती नेपालबाट तिब्बत घरमा गएको हुन सक्ने सम्भावित प्राचीन मैतालु पद मार्ग (यी सबै तस्विरहरु सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका, नवलपुर स्थित भृकुटी स्मृति पार्क, गाउँपालिका कार्यालय, भृकुटी शान्ति पार्क र भृकुटी ढुङ्गाका हुन्) :

(१) भृकुटीका दाइ नरेद्रदेव विराजमान तत्कालीन नेपाल दरबार (२) साँखु बज्रयोगिनी (३) जहरसिंह पौवा (४) बाघ धारा (पूर्व जाने रुट) (५) नाङलेभारे (६) कुवापानी (७) केराबारी (८) फटकेश्वर (९) बाहुनेपाटी (१०) इन्द्रावती, थाकन ह्युल्सा (सिन्धुपाल्चोक जिल्लाको हालको नवलपुर), (११) चौतारा (१२) भृकुटी बिसौना डाँडो, ॐ पार्क (१३) बाह्रवीसे (१४) कोदारी (१५) लिपिङ, मितेरी पुल ।

















# अध्याय : पाँच

## सारांश

राजकुमारी भृकुटीको योगदान र महत्वलाई बुझेर बि.सं. २०१२ मा नेपाल सरकारले भृकुटीलाई विभूतीमा विभूषित गरेका थिए । भृकुटीको नेपाली जिवनी उजागर नगर्दा र विभूतीको सूचीकरणमा भृकुटीलाई अवमूल्यन गर्दा नेपाली इतिहासका बिभिन्न लेखकहरुले भृकुटीलाई कल्पनाका राजकुमारी, अंशुबर्माका धर्मपुत्री वा अंशुबर्माका छोरी भनेर लेखेकोमा यस अध्ययनले भृकुटी, अंशुबर्मा मृतु भएको सन ६२१ को तिन बर्ष पछि सन ६२४ मा मात्र जन्मेका बास्तबिक नेपाली राजकुमारी रहेको र उनि राजा शिवदेव प्रथमका नातीनी र निर्वासित राजा उदय देवका छोरी थिईन भनि निक्ल्यौर गरेको छ । अब बुद्धधर्म दाइजो लिएरजाने भृकुटी बास्तविक नेपाली राजकुमारी र निर्वासित राजा उदय देव र रानी भद्रावतीको छोरी तथा राजा नरेन्द्र देवको बहिनी रहेको यस अध्ययनले पूर्ण प्रमाणित गरेको छ ।

साथमा यस अध्ययनले गुप्ताहरुको सहयोगमा आफ्ना भाई ध्रुवदेव सत्ताच्च्यूत गरिएका राजा उदय देव आफ्ना रानी भद्रावती र १० बर्षे युवराज नरेन्द्र देव सहित ससुराली काठमाण्डौको लगन, मञ्जुश्री टोलमा शरणमा गए । मञ्जुश्री टोलको निर्वासन अवधिमा नै भृकुटी, भद्रावतीको कोखमा आए । सोझा राजा उदय देवलाई पूनर्वहाली गर्न राजा ध्रुव देव र गुप्ताहरुको बिरोधमा जनताहरु निस्किए । दरवारले बिरोधलाई दवाउनु साथै निर्वासित राजा उदय देव परिवारलाई काठमाण्डौ बाट धपाए । उनिहरु पाटनमा गएर बसे । त्यहाँ पनि जनताले दरवारको बिरोध भएपछि पाटन बाट पनि धपाइयो । त्यहाँ बाट भक्तपुर गए । त्यहाँ बाट पनि धपाईए पछि आफु पहिले बसेको अंशुबर्माको निवास खोपासीमा गएर बसे जहाँ सन ६२४ मा भृकुटीको जन्म भयो र सोही घरबाट उनलाई आठ बर्षको उमेरमा सन ६३२ मा तिब्बती सम्राट स्रङ्ग चङ्ग गम्पो संग बिबाहको लागी अन्माएर पठाए ।

नेपालकी राजकुमारी तिब्बतकी महारानी भृकुटी देवीको विषयमा प्राप्त कतिपय प्राथमिक स्रोत तथा द्वितीयक स्रोतका तथ्य तथ्यांकहरुलाई मनन् गर्दा, केलाउँदा के देखिन आएको छ भने भृकुटीलाई विवाह गरेर लगिएको तत्कालीन प्राचीन बाटो हालको रसुवा जिल्लाको गोसाइँकुण्ड गाउँपालिका वार्ड नं. १ र २ मा रहेको हुन सक्ने प्रवल सम्भावना छ । भृकुटीलाई हालको खोपासीबाट अन्माएर साँखुको बज्रयोगिनी, जहरसिंह पौवा, गोसाइँकुण्ड, ठूलो स्याफ्रु हुँदै रसुवागढीबाट तिब्बतको केरुङमा लगिएको हुन सक्ने प्रवल सम्भावनाका केही ऐतिहासिक पुरातात्विक प्रमाणहरुका आधारमा अनुमान गर्न सकिन्छ । त्यसैगरी भृकुटी एक पटक तिब्बत घरबाट माइती नेपाल आउनु भएको भन्ने तिब्बती तथा नेपाली जनमानसमा विश्वास रहेको पाइन्छ । भृकुटी त्यसरी नेपाल आउँदा पनि सोही केरुङकै बाटो भएर आउनु भएको र फर्किएर घर प्रस्थान गर्नेक्रममा हालको

बाह्रवीसे, कोदारी तातोपानी, लिपिङको प्राचीन पदमार्गहुँदै जानु भएको हुन सक्ने सम्भावना देखिएको छ । प्राचीनकालदेखि दुईवटा व्यापारिक द्वारहरु प्रयोग गरिन्थ्यो : (१) दोलखा जिल्लाको लामाबगर (यो किराँतकालीन समयदेखि नै प्रयोगमा आइसकेको थियो ?) र (२) सिन्धुपाल्चोक जिल्लाको कोदारी जहाँ अंशुवर्माको समयमा भन्सार कार्यालय स्थापना भएको थियो । परिणामतः सिन्धुपाल्चोक जिल्लाको हालको नवलपुर, इन्द्रावती, चौतारा, भृकुटी डाँडो विसौना हुँदै चीन (तिब्बत) को कुती भएर ल्हासातर्फ भृकुटी देवीको तत्कालीन प्रस्थान बिन्दू रहेको हुन सक्ने उपलब्ध विभिन्न स्रोत प्रमाणहरुका आधारमा अनुमान लगाउन सकिन्छ ।

भृकुटी जन्ती पद मार्ग तथा मैतालु (माइत आएको गएको मार्ग) सम्बन्धी विवरणहरु भृकुटीकालीन समय इ.सं. ६३२/३३ को दशक अर्थात् इ.सं. ६४२/४३ सम्मको समयाब्धिलाई मान्न सकिन्छ । कतिपय आधुनिक पद मार्गहरु विभिन्न कारणले लोप भएकाले सकेसम्म आधुनिक विकास प्रणालीले पनि पुरानै प्राचीन रुटहरुको पद्चिन्ह समेत पछ्याएको देखिन्छ । तत्कालीन पद मार्गहरु मानिस, हात्ती, घोडा, खच्चर हिँड्ने दोपाया र चौपाया भएका कारण आधुनिक मोटरेवल बाटो निर्माण गर्दा केही वा निकै परिवर्तन भएको पाइन्छ । यद्दपि, नेपाल जस्तो भूधरातलीय स्वरुपको मुलुकमा यस्ता प्रकारका आधुनिक वा प्राचीन रुटहरु सकेसम्म खोला, खोल्सी, नदी किनारहरु, भीर पहराहरु, डाँडा काँडा, वन ज¨ल, देउराली, भञ्ज्या¨ र गाउँ बस्ती हुँदै सवार चल्नुमा दुई मत देखिदैन । भृकुटीलाई पनि सोही पद मार्गहरु हुँदै चीन प्रस्थान गराइएको पाइन्छ ।

यी सम्भावित अनुमान र रुटहरुको सन्दर्भका बारेमा नेपाल सरकारको आधिकारिक अध्ययन, अन्वेषण, अनुसन्धानको निष्कर्ष महत्वपूर्ण र निर्णायक हुने भएकाले सोको सहजीकरणका लागि समेत यो अनुसन्धान प्रारम्भिक प्रतिवेदन एक सन्दर्भ सामग्रीको रुपमा सहयोगीसिद्ध रहन सक्ने सार प्रस्तुत गर्न सकिन्छ ।

# सन्दर्भ सामाग्री (References)


**अन्तरवार्ता :** प्रा.डा. गोपाल शिवाकोटी (२०७६/१२/२२)।

**स्थलगत अन्वेषण र अन्तरसंवाद :**

शैलेन्द्रबहादुर थापा, विश्व उलक, देण्डुप तामाङ, प्रवीण गुरुङ, सुरज श्रेष्ठ, भुषण श्रेष्ठ, प्रकाश मान सक्व, प्रल्हाद खत्री, वाङदी थोक्रा तामाङ, लाक्पा तामाङ, जितबहादुर तामाङ, केदार बहादुर थापा, जुलुम कृष्ण श्रेष्ठ, ध्रुवराज श्रेष्ठ, पत्रकार रतन चन्द लगायत अन्य विभिन्न व्यक्तित्वहरुसँग ।

आचार्य, बाबुराम ।२०६३। 'प्राचीनकालको नेपाल' । काठमाण्डौ : श्रीकृष्ण आचार्य ।

उलक, बिश्व नाथ ।२०७३। 'काभ्रेली गुञ्जन' । काभ्रे : काभ्रे सेवा समाज ।

उलक, बिश्व नाथ ।२०७८। मध्यमार्ग साप्ताहिक, २०७८ फाल्गुण ८ गते, आईतबार, काभ्रे

कार्की, मुकुन्द ।२०७५। 'नेपाल-चीन सम्बन्ध (सी चिनफिङको नेपाल नीतिसहित)' । काठमाण्डौ : गुडलक पब्लिकेशन ।

कार्की, सुरेश ।२०६९। 'नेपाल-चीन सम्बन्ध (ऐतिहासिक विवेचना)' । काठमाण्डौ : नेपाल चाइना पिपुल्स फोरम ।

गमपो, (व)स्रोङ(व)त्सन(स) । प्रकाशन वर्ष उल्लेख गरेको पाइँदैन । तिब्बत : मणि काबुम भोलुम 'क' । रील नं.एटी १६७/४। रामशाहपथ, काठमाण्डौ : राष्ट्रिय अभिलेखालय ।

चालिसे, पुष्पराज ।२०४८। 'नेपालको पुरानो इतिहास र सभ्यता' । काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

जोशी, सत्यमोहन ।२०४४। 'कलाकार अरनिको' । काठमाण्डौ : विजय गजानन्द वैद्य ।

जोशी, सत्यमोहन ।२०७२। 'अरनिकोकृत श्वेतचैत्य (महाकाव्य)' । काठमाण्डौ : तलेजु प्रकाशन ।

जोशी, हरिराम (सम्पा.) ।२०३०। 'नेपालको प्राचीन अभिलेख' । काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

जोशी, हरिराम (सम्पा.) ।२०७७। 'नेपालका प्राचीन अभिलेख' । काठमाण्डौ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

तोङफान, लिआओ ।२०१५। 'दि एनेक्डोट्स एबाउट ल्हासा' । नेपाल : करेन्ट पब्लिशिंग प्राइभेट लिमिटेड, चाइना टिबेटोलोजी पब्लिशिंग हाउस ।

थापा, केदार बहादुर ।२०७९। 'नेपाल, एकीकरण र सुगौली सन्धि (ऐतिहासिक विश्लेषणात्मक टिप्पणी)' भक्तपुर : समीर थापा ।

नेपाल, ज्ञानमणि ।२०७३। 'नेपाल र चीन-तिब्बत सम्बन्ध समीक्षात्मक इतिहास' । काठमाण्डौ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पन्त, नयराज (निर्णायक) । देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने (सहायक) ।२०४३। 'लिच्छविसंवतको निर्णय' । काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, भुवनलाल ।२०७६। 'नेपालमा बुद्ध धर्म' । काठमाण्डौ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

वज्राचार्य, धनवज्र (ग्रन्थकार) ।२०५३। 'लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्यासहित)' । काठमाण्डौ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वस्न्यात, डा. प्रेमसिंह ।२०७७। 'नेपालका गढी-किल्ला दर्पण (सैनिक इतिहास)' । काठमाण्डौ : वीर भक्ति थापा प्रतिष्ठान (प्रकाशक) ।

भट्टराई, प्रो. निरञ्जन ।२०१८। 'चीन र त्यससित नेपालको सम्बन्ध' । काठमाण्डौ : नेपाल एकेडेमी ।

मणि, सुषमा ।१९९८। 'नेपाल के लिच्छवि (नेपाल से प्राप्त लिच्छवि अभिलेखों का अध्ययन)' । दिल्ली भारत : मित्तल पब्लिकेशंस

महत, भरत राज ।२०१२। पुर्खाका पाइलाहरु, बनेपा, नेपाल, शब्दयात्रा प्रकाशन

मुनंकर्मी, लीलाभक्त ।२०४१। 'नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन' । भक्तपुर : श्रीमती भवानी केशरी मुनंकर्मी (प्रकाशिका) ।

रेग्मी, डा. जगदीशचन्द्र ।२०५३। 'प्राचीन नेपालको राजनीतिक इतिहास' । पुलचोक : साझा प्रकाशन ।

श्रेष्ठ, प्रकाशमान र काफ्ले प्रेमप्रसाद ।२०७७। 'मणिचुडदेखि रत्नचुडसम्म' । भक्तपुर : दामोदर दंगाल र तारा श्रेष्ठ ।
श्रेष्ठ, प्रा.डा. पुरुषोत्तमलोचन ।२०६७। 'चट्टान अभिलेख र अन्य सम्पदा' । भक्तपुर : बबिता श्रृष्ठ (प्रकाशक) ।
श्रेष्ठ, प्रा. विश्वेश्वर मान श्रेष्ठ । 'संसारको छानो देखि समुद्रि तटसम्म' । काठमाण्डौ : चीन अध्ययन केन्द्र ।
लल्लनजी गोपाल, डा. श्रीवास्तव बलराम, प्रो. शर्मा मोहनराज ।२०२६। 'लिच्छवि संस्कृति' । वाराणासी : काशी हिन्दू विश्वविद्यालय ।
शिवाकोटी, प्रा.डा. गोपाल ।२०७३। 'त्रिदेशीय साझेदारीमा नेपाल-चीन सम्बन्ध' । काठमाण्डौ : पैरवी प्रकाशन ।
महेन्द्र माला ।२०३१। 'भृकुटी', महेन्द्र माला, जनक शिक्षा सामाग्री केन्द्र, शिक्षा मन्त्रालय, श्री ५ को सरकार'दिव्योपदेश' ।२०७७। नेपाल सरकार, सुचना तथा संचार मन्त्रालय, सुचना विभाग । राष्ट्रिय
अभिलेखालय (मूल प्रति) । काठमाण्डौ : नेपाली सेना जंगी अड्डा ।
नेपालको संविधान ।२०७२। 'पर्यटन सम्बन्धी नीति', धारा ५१ (ठ) । काठमाण्डौ : नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानून किताब व्यवस्था समिति ।
'नेपाल परिचय' ।२०७८। काठमाण्डौ : सूचना तथा प्रसारण विभाग ।
'महा थाङ राजवंशकालमा पश्चिमको तीर्थ-यात्राको वृत्तान्तमा नेपाल प्रसंग' ।२०७३। काठमाण्डौ : वर्ल्ड कल्चरल नेट (प्रकाशक) ।
प्रधान, भिक्टर । हिमालको २०७९ माघ अंकबाट । 'भृकुटी नामको भ्रम' । २९ माघ, २०७९ मा (प्रकाशित) ।
थापा, दिव्य श्री ।२०२२। 'नेपाली नदी प्रणाली तथा गढी, किल्ला : एक सामरिक महत्व', *युनिटी जर्नल*-भोलुम ३ ।
थापा, शैलेन्द्रबहादुर ।२०२२। 'आजको तिब्बत द्वैमासिक पत्रिका' । वर्ष १५, (अंकहरु क्रमश : २, ३ र ४) ।
Bajracharya, D. (1967). *Kirat Influence in Lichhavi History*, in Regmi, M.C. (Ed.). (1971). Regmi Research Series, Cumulative Index, Kathmandu: *Regmi Research* Pvt.Ltd. 3 (6), 138-144.
Dr. Dahal, P., Dahal, S.P., Jnawali, K. (2019), History of Nepal Customs, Department of Custom Nepal.
Jayasawal, K.P. (1937). *Chronology & History of Nepal*, Patana, India: M.N. Barman & Co, Publication.
Jhang X. (2018). 'Stories of Tibet'. Bhaktapur : Current Publication Pvt. Ltd.
Joshi, S. M. (1962). *Minting in Nepal*, in Regmi, M.C. (Ed.). (1976) Regmi Research Series, Cumulative Index, Kathmandu: *Regmi Research* (Pvt.) Ltd. 8(3), 41-45
Khatri, Maj. Gen. (retd.) S. R. (1999). 'Nepal Army Chiefs (short biographical sketches)'. Kathmandu : Mrs. Sira Khatri.
Levi, S. (1908). Farliest References to Nepal: Epigraphic and Literary Evidence. Legendary Origin of the Name of Nepal. *The History of Nepal Part I*. Translated by Theodore Ricaardi Jr., Keloy, H.K. and Kvaerne, P. (Ed.). (1975),Kathmandu: Kailash – Journal of Himalayan Studies, Ratna Pustak Bhandar 3 (1), 5-60
Regmi, D.R. (1983). *Inscription of Ancient Nepal I*, New Delhi: Shakti Malik, Abhinav Publication
Regmi, M.C. (1970). Regmi Research Series, Year 2, No. 1
Shaha, R. (2001). 'An Introduction to Nepal'. Kathmandu : Ratna Pustak Bhandar.
Shakya, M. B. (1997). 'Princess Bhrikuti Devi'. Delhi : Book Faith India.
Shakya, M. B. (2009). 'The life of Nepalese Buddhist Master Buddhbhadra (from Chinese Sources)'. Kathmandu : China Study Center.
Smith, W. W. Jr (2009). 'Tibetan Nation A History of Tibetan Nationalism and Sino-Tibetan Relations'. New Delhi : Rupa. Co. Old Tibetan Annals, hereafter OTA 1.2
Ulak, B.N. (2014), Prospects of Ecotourism in Khopasi, Nepal, Journal of Tourism and Hospitality Education, AITM School of Hotel Management.
*https://www.himalkhabar.com/news/134380?*

## परिशिष्ट १

## भृकुटी स्मृति प्रतिष्ठान
## मत सर्वेक्षण नमूना : स्थलगत सर्वेक्षणसँग सम्बन्धित ।

**भृकुटीसँग सम्बन्धित विषयमा लिइएको मत सर्वेक्षण एक नमुना :**

**(१) मत लिइएको वर्ग :**

(क) इतिहास, संस्कृति र पुरातत्वमा रुची राख्ने नेपाल सरकारका अधिकृत/स्थानीय स्नातक, स्नातकोत्तर विद्यार्थी : ३० जना ।

(ख) इतिहासविद्/ इतिहासकार/इतिहास, संस्कृति विट हेर्ने पत्रकार : ३० जना ।

(ग) संस्कृतिविद्/पुरातत्वविद्/ भृकुटी, अरनिको सम्बन्धी विषय ज्ञाता : ३० जना ।

**(२) मत लिइएको क्षेत्र :**

(क) कुर्पासी : १० जना

(ख) साँखु : १० जना

(ग) जहरसिंह पौवा : १० जना

(घ) बाह्रवीसे : १० जना

(a) भृकुटी बिसौना डाँडो : १५ जना

(r) नवलपुर, इन्द्रावती : १५ जना

(छ) रसुवागढी, टिम्मुरे : २० जना ।

**माथि उल्लेखित १ को 'क', 'ख' र 'ग' सँग सोधिएको प्रश्नावलीका प्रश्नहरु :**

**१. भृकुटीको जन्म कहाँ भएको थियो ?**

क. काठमाण्डौको लगन ख. खोपासी ग. बनेपा घ. पाटन ङ. कुनै होईन

**२. भृकुटीको बुवाको नाम के थियो ?**

क. शिवदेव प्रथम ख. अंशुवर्मा ग. उदयदेव घ. ध्रुवदेव ङ. कुनै होईन

**३. भृकुटीको आमाको नाम के थियो ?**

क. भद्रावती ख. भोगादेवी ग. धर्मावती घ. रुद्रावती ङ. कुनै होईन

**४. भृकुटीको जन्म कहिले भएको थियो ?**

क. सन् ६४१ ख. सन् ६२१ ग. सन् ६२५ घ. सन् ६२४ ङ. कुनै होईन

**५. भृकुटीको विवाह कति वर्षको उमेरमा भएको थियो ?**

क. १६ वर्ष ख. ८ वर्ष ग. ९ वर्ष घ. १२ वर्ष ङ. कुनै होईन

**६. भृकुटीको विवाह कहिले भयो ?**

क. ई.सं. ६२१ ख. ई.सं. ६३९ ग. ई.सं. ६३४ घ. ई.सं. ६३५ ङ. ई.सं ६३३

**७. भृकुटीको विवाह कहाँ भएको थियो ?**

क. केरुङ ख. सिगाच्छे ग. ल्हासा घ. सियान ङ. कुती

**८. भृकुटीलाई अन्माएपछि तिब्बतसम्म पुऱ्याउन विशेषगरी कुन जातिका मानिसहरु गएका थिए ?**

क. खोपासीबाट साँखुसम्म पहरी, साँखुदेखि रसुवागढीसम्म नेवार र केरुङदेखि ल्हासाहुँदै सियानसम्म तामाङ थोक्रा
ख. खोपासीबाट साँखुसम्म पहरी, साँखुदेखि लिपिङसम्म नेवार, लिपिङदेखि ल्हासा तामाङ थोक्रा
ग. खोपासीबाट साँखुसम्म पहरी, साँखुदेखि रसुवागढीसम्म तामाङ थोक्रा, रसुवागढीदेखि ल्हासासम्म नेवार
घ. खोपासीदेखि तिब्बतसम्म नेवार
ङ. कुनै होईन

**९. वेहुली भृकुटीलाई तिब्बत लैजानेक्रममा नेपाल भित्रका कुन कुन स्थानीय प्राचीन मार्गहरुको प्रयोग गरिएको थियो ?**

क. खोपासी-बनेपा-नालाछाप-साँखु-जहरसिंह पौवा-भृकुटी बिसौना-बाह्रवीसे-लिपिङ
ख. खोपासी-बनेपा-नालाछाप-साँखु-गोसाइँकुण्ड-रसुवागढी
ग. खोपासी-बनेपा-नालाछाप-साँखु-वेत्रावती-रसुवागढी
घ. खोपासी-बनेपा-नालाछाप-साँखु-जहरसिंह पौवा-गोसाइँकुण्ड-ठूलो स्याप्रु-रसुवागढी
ङ. कुनै होईन

**१०. भृकुटीको दाजुको नाम के हो ?**

क. नरेन्द्रदेव ख. स्कन्धदेव ग. शिवदेव द्वितीय घ. ध्रुवदेव ङ. वृषदेव

**उत्तरको नतिजा**

| प्रश्न अनुसार क्रमश: उत्तर नं. | | उत्तरदाता | | | नतिजा | |
|---|---|---|---|---|---|---|
| | | स्थानीयवासी / जनप्रतिनिधि | इतिहासकार / बुद्धिजीवी | संस्कृतविद्/ पुरातत्वविद् | जम्मा | प्रतिशत |
| १ | क | १ | ०० | १ | २ | २.२२ |
| | ख | २५ | २७ | २८ | ८० | **८८.८८** |
| | ग | १ | १ | १ | ३ | ३.३३ |
| | घ | १ | १ | ०० | २ | २.२२ |
| | a | २ | १ | ०० | ३ | ३.३३ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९८** |
| २ | क | ०० | ०० | १ | १ | १.११ |
| | ख | १ | ०० | १ | २ | २.२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग | २८ | ३० | २७ | ८५ | **९४.४४** |
| | घ | ०० | ०० | १ | १ | १.११ |
| | a | १ | ०० | ०० | १ | १.११ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ३ | क | २० | २२ | २१ | ६३ | **७०** |
| | ख | ४ | ३ | २ | ९ | १० |
| | ग | २ | ३ | ४ | ९ | १० |
| | घ | २ | १ | २ | ५ | ५.५५ |
| | a | २ | १ | १ | ४ | ४.४४ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ४ | क | १ | २ | ३ | ५ | ५.५५ |
| | ख | २ | १ | १ | ४ | ४.४४ |
| | ग | १ | १ | २ | ४ | ४.४४ |
| | घ | २५ | २६ | २४ | ७५ | **८३.३३** |
| | a | १ | ०० | ०० | १ | १.११ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९८** |
| ५ | क | १ | ०० | १ | २ | २.२२ |
| | ख | १ | ०० | ०० | १ | १.११ |
| | ग | २६ | २८ | २८ | ८२ | **९१.११** |
| | घ | १ | १ | १ | ३ | ३.३३ |
| | a | १ | १ | ०० | २ | २.२२ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ६ | क | ०० | १ | २ | ३ | ३.३३ |
| | ख | ०० | ०० | १ | १ | १.११ |
| | ग | १ | ०० | ०० | १ | १.११ |
| | घ | १ | ०० | १ | २ | २.२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | a | २८ | २९ | २६ | ८३ | **९२.२२** |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ७ | क | १ | ०० | ०० | १ | १.११ |
| | ख | १ | ०० | ०० | १ | १.११ |
| | ग | २८ | ३० | ३० | ८८ | **९७.७७** |
| | घ | ०० | ०० | ०० | ०० | ०० |
| | a | ०० | ०० | ०० | ०० | ०० |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| ८ | क | २७ | २४ | २४ | ७५ | **८३.३३** |
| | ख | १ | २ | ०० | ३ | ३.३३ |
| | ग | १ | १ | २ | ४ | ४.४४ |
| | घ | ०० | २ | १ | ३ | ३.३३ |
| | a | १ | १ | ३ | ५ | ५.५५ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९८** |
| ९ | क | २ | ०० | १ | ३ | ३.३३ |
| | ख | १ | १ | ०० | २ | २.२२ |
| | ग | १ | ०० | ०० | १ | १.११ |
| | घ | २५ | २८ | २९ | ८२ | **९१.११** |
| | a | १ | १ | ०० | २ | २.२२ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |
| १० | क | २८ | ३० | ३० | ८८ | **९७.७७** |
| | ख | १ | ०० | ०० | १ | १.११ |
| | ग | ०० | ०० | ०० | ०० | ०० |
| | घ | ०० | ०० | ०० | ०० | ०० |
| | a | १ | ०० | ०० | १ | १.११ |
| | **जम्मा** | **३०** | **३०** | **३०** | **९०** | **९९.९९** |

## परिशिष्ट २
## स्थलगत भ्रमणसँग सम्बन्धित कागजाद्हरु

# बाह्रबिसे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाह्रबिसे, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल
फोन नं. : ०११- ४८९०००३

प.सं. : ०७९/८०
च.नं: 2936

मिति: २०८०/०१/११

**विषय: स्थलगत सर्वेक्षण र अध्ययन अनुसन्धान सम्वन्धमा ।**

जो जससँग सम्बन्धित छ,

अनुसन्धानकर्ता श्री शैलेन्द्र बहादुर थापाले बलबाहु अरनिकोसँग सम्बन्धित स्थलगत सर्वेक्षण र अध्ययन अनुसन्धान कार्यसम्पादन गर्नको लागि मिति २०७९/१२/३० देखि २०८०/०१/०४ गते सम्म यस कार्यालयको सम्पर्कमा रहनु भइ सो अवधिभर नगरपालिका क्षेत्रमा रहेको अरनिकोसँग सम्बन्धित तथ्य, तथ्याङ्क, विवरणहरु साथै भृकुटीसँग सम्बन्धित भृकुटी विसौना डाँडो लगायतका आवश्यक स्थानहरुको स्थलगत अध्ययन अनुसन्धान गरी विवरणहरु संकलन गर्नुभएको व्यहोरा जानकारी गर्दै भृकुटी र अरनिकोसँग विषय केन्द्रित रही सामूहिक छलफल तथा अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गर्नुभएकोले उहाँको यस अनुसन्धानमूलक कार्यप्रति नगरपालिका हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछ ।

(चुरामणि पन्थी)
प्रमुख प्रशासकिय अधिकृत

☎:०११-४८९००३/०११४८९०२१ ✉ : barhabisemun@gmail.com 💻 : bahrabisemun.gov.np

# गोसाईकुण्ड गाउँपालिका
# २ नं. वडा कार्यालय
टिमुरे, रसुवा
बागमती प्रदेश, नेपाल

प.सं. ०७९/०८० | मिति: २०८०/१/१२
च.नं. ३०१

विषय: स्थलगत सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धमा।

श्री जो जोसँग सम्बन्धित छ।

१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्बन्ध पत्र ३१/०६४-६५/५२६१ मिति २०६५/१/१३ गते।
२. भृकुटी स्मृति प्रतिष्ठानको सम्बन्ध पत्र: २०६५/०८० ०६ मिति २०६५/१२/२८ गते।
३. प्रस्तुत विषयमा विद्यावारिधि शोधार्थी श्री शैलेन्द्र बहादुर थापाले नेपाली राजकुमारी तत्कालिन तिब्बत (महाचीन) को महारानी भृकुटी सँग सम्बन्धित स्थलगत सर्वेक्षण र अध्ययन अनुसन्धान कार्य सम्पादन गर्नका लागि मि. २०८०/१/१६ गते यस कार्यालयमा सम्पर्कमा आउनु भएको छ। उहाँले मिति २०८०/१/१० गते देखी रैजन- मिति ११ गते सम्म रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका वडा नं. २ टिमुरे क्षेत्रमा रहेको प्राचिन भृकुटी गमन मार्ग रसुवा गढीमा रहेको भृकुटी नामांकित ऐतिहासिक विवरण उल्लेख गरिएको "रसुवा गढीको शिलालेख बोर्ड" लगायतका आवाश्यक महत्व पूर्ण तथ्य तथ्यांक, विवरणहरुको अध्ययन तथा संकलन गर्नु भएको व्यहोरा सुसुचित गरिन्छ।
४. अनुसन्धान कर्ता श्री शैलेन्द्र बहादुर थापाको यस स्थानीय स्थलगत खोज अध्ययन जस्तो प्रशंसनीय कार्य प्रति यस गोसाईं कुण्ड गाउँपालिका वडा नं. २ टिमुरे ले उहाँ प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछ।

गोसाईंकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय २ नं. वडा को कार्यालय टिमुरे, रसुवा बागमती प्रदेश, नेपाल

बाङदी तामाङ
वडा सचिव